# भानुभक्त आचार्यको जीवनवृत्त

(आदिकवि भानुभक्त आचार्यको जीवनी)

साझा प्रकाशन

# भानुभक्त आचार्यको जीवनवृत्त

नरेन्द्रराज प्रसाई

प्रकाशक : साझा प्रकाशन
संशोधक : महेश सुवेदी
आवरण सज्जा : इन्द्र खत्री
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : साझा प्रकाशनको छापाखाना
संस्करण : पहिलो, २०७१ साल (2014) नइ प्रकाशन
दोस्रो, २०७४ साल (2017) (साझा प्रकाशनबाट पहिलो पटक)

A Biography of Bhanu Bhakta Acharya by Narendra Raj Prasai

एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी
ब्रह्मा ताहिं थिया पऱ्या चरणमा खुसी गराया पनी ।
क्या सोध्छौ तिमि सोध भन्छु म भनी मर्जी भयेथ्यो जसै
ब्रह्माको करुणा बुझेर ऋषिले बिन्ती गऱ्या यो तसै ॥

**• भानुभक्त आचार्य**

जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनीकृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ ।

**• महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी**

भानुभक्तका अन्य जीवनीकारले अघि गर्न नसकेका अथवा गरेर पनि काँचो स्थितिमा छोडेका, अपूर्ण प्रसङ्गहरूको स्पष्टत: खण्डन गर्दै प्रसाई सचेत, विवेकीपूर्ण, विनयशील रही यस कृतिमा सुन्दर ढङ्गले विषयको बिट मार्न सक्षम देखिन्छन् ।

**• डा.कविता लामा**

(भानुभक्तविषयक प्रथम विद्यावारिधि)

सबै भ्रम, शङ्का र उपशङ्कालाई चिरेर नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेका छन् । यसलाई भानुबारेको सार्थक र विशिष्ट उपलब्धि मान्नुपर्छ ।

**• डा.मोदनाथ प्रश्रित**

# विषयसूची


- **भूमिका**
    १. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : सन्दर्भ र अभिमत
    **प्रा.डा.वासुदेव त्रिपाठी • ११**
    २. सर्वाधिक गहकिलो र विश्वसनीय कृति
    **प्रा.डा.महादेव अवस्थी • ३९**
    ३. भानुभक्तमाथि ऐतिह्य तथ्यहरू
    **प्रा.केशव सुवेदी • ४५**
- **लेखकीय • ५१**

१. भानुभक्त आचार्यको जन्मसन्दर्भ • ६७
२. भानुभक्तको शिक्षादीक्षा • ७५
३. भानुभक्तसँग गिरिधारीको झगडा • ७९
४. भानुभक्तको जागिर र कुमारीचोकमा थुना • ८३
५. भानुभक्तको सम्मान • ९२
६. भानुभक्तको जीवनमा घाँसी • १००
७. भानुभक्तलाई मोतीरामको खाँचो • १०५
८. भानुभक्तको कान्तिपुर प्रवेश • १०९
९. भानुभक्तको देहावसान • १११
१०. भानुभक्तका कृति • ११३
११. भानुभक्तको जन्मकुण्डली • १२६
१२. भानुभक्तको वंशावली • १२९

- **आनुष्ठानिक सूची**
  (क) भानुभक्त आचार्यको हस्तलिपि • १३५
  (ख) भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिर • १३७
  (ग) मोतीराम भट्टको तस्बिर • १३८
  (घ) भानुभक्तका छोरा पं.रमानाथ आचार्यको तस्बिर • १३९
  (ङ) भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर • १४०
- **'भानुभक्त आचार्यको जीवनवृत्त'बारे प्राज्ञिक मत** • १४१
- **सन्दर्भस्रोत** • १५३
- **लेखक परिचय** • १५७

# नरेन्द्रराज प्रसाईकृत भानुजीवनी सन्दर्भ र अभिमत

मैले यतिखेर नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिको पठन गरेँ र यहाँ म नरेन्द्रराज प्रसाईको यही कृतिका बारेमा म मेरा समीक्षात्मक अभिमत प्रस्तुत गर्नेछु । वास्तवमा कुनै पनि जीवनीसिर्जनाको समीक्षण स्थापित जीवनीगत साक्ष्यको अनुपालनका कसीमा जीवनीलेखकद्वारा गरिएका उक्त तथ्यको अनुपालनको पर्याप्तता र त्यस जीवनीकृतिमा देखाइएका सिर्जनात्मक प्रातिभ कौशलको दोहोरो जाँचका आधारमा नै हुन सक्छ ।

यहाँ म मन्तव्य लेख्न लाग्दै छु– भानु द्विशताब्दीसन्दर्भमा नेपाल सरकार (संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालय)सँगका सम्झौता र आर्थिक सौजन्यमा नइ प्रकाशनद्वारा प्रकाशित हुन लागेको र नेपाली साहित्य जगत्का विशिष्ट जीवनीकारका रूपमा सुपरिचित नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षकको जीवनीकृतिका सम्बन्धमा । यसले मलाई एक प्रकारको परितोषकै अनुभव भयो । यहाँ एउटा उल्लेखनीय विशेष संयोग पनि परेको छ र त्यो हो– 'कवि भानुभक्तको जीवनचरित्र' (प्रकाशन: वि.सं. १९४८) का लेखक तथा कविवर भानुभक्त आचार्यका प्रथम जीवनीकार मोतीराम भट्ट (वि.सं. १९२३-५३) रहेकामा यतिखेर नेपाली साहित्यका गीत, निबन्ध, जीवनी आदि अनेक विधाका स्रष्टा

र नेपाली साहित्यका विशेष संवर्द्धक मोतीराम भट्ट जस्तै किसिमले नेपाली भाषा र साहित्यको श्रीवृद्धि र संवर्द्धनका विभिन्न क्रियाकलापमा खास गरी विगत दुई-तीन दशकका बीच आफ्ना ढङ्गले अत्यधिक सक्रिय रही संस्थागत र व्यक्तिगत दुवै हैसियतमा अत्यन्त व्यापक परिमाणमा योगदान दिई समयुगीन मोतीरामका नामले समेत चिनिएका नरेन्द्रराज प्रसाईबाट यो भानुभक्तीय जीवनीग्रन्थ प्रकाशित हुनु ।

वि.सं. १९२५ मा भानुभक्त आचार्यको देहावसान भयो भने 'मोतीराम भट्टको जीवनी' भन्ने ग्रन्थ (प्रका. वि.सं. १९९५) लेख्ने नरदेव शर्माका अनुसार १९३७ सालतिरदेखि नै लोकमुखारविन्दबाट नै एक बिहेबटुलोको अवसरमा भानुभक्तका रमाइला श्लोक वाचन गरेको सुनी भानुभक्तीय कृतिका खोजतर्फ मोतीराम प्रवृत्त भएको र कोशिस गर्दा बल्लतल्ल 'भानुरामायण'को 'बालकाण्ड'को लेखोट भेटी १९३८ सालदेखि नै उनी त्यसका प्रकाशनमा संलग्न भई त्यो १९४१ सालमा प्रकाशित भयो । यसै मेसोबाट अगाडि बढी वि.सं. १९४८ सालसम्ममा मोतीरामले एकातर्फ भानुभक्तका सबै कृति प्रकाशित गर्ने सङ्कल्प पूरा गरे भने यसै वर्ष उनको 'कवि भानुभक्तको जीवनचरित्र' पनि प्रकाशित भयो अनि त्यहाँदेखि हालसम्मका सवा एक सय वर्षका बीच भानुभक्तका जीवनी, कृति र कवित्वबारे जे जति चर्चा भएका छन् ती मोतीरामकै उक्त जीवनीग्रन्थका सूचना र स्थापनासँग सम्बन्धित रहेका अनि भानुकविताका आडमा मोतीरामका भानुकृति र कृतित्वबारेका समीक्षात्मक मान्यता आदिसँग सम्बद्ध रहेका भेटिन्छन् र तीमध्ये कतिमा मोतीरामले दिएका भानुभक्तीय जानकारी र प्रस्तुत गरेका स्थापनाको आंशिक प्रतिवादसमेत गरिएको पाइन्छ ।

हो, भानुभक्तका जीवनीबारेका मोतीराम र उनका परवर्तीहरूका खोज र मननका पूर्वोक्त अनेकौँ स्थापना र विविधखाले कतिपय तीव्र मतमतान्तरका सघन वीथी छिचल्दै प्रतिष्ठित नेपाली भाषासेवी-

साहित्यसेवी जीवनीकार नरेन्द्रराज प्रसाईबाट प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) का प्रणयनमा आँटपूर्वक र परिश्रमपूर्वक स्वस्फूर्त आफ्ना सृजनशील सरसता र प्राञ्जल शैलीसौष्ठवसहित सक्दो साधना गर्न कम्मर कसी प्रस्तुत रूपमा यो कृति तयार गरेको मैले पाएँ ।

नेपाली भाषाका कविता र (विशेषत:) गीतका साथै निबन्ध, प्रबन्ध, नियात्रा, संस्मरण, जीवनी, अन्तर्वार्ता आदि आख्यानेतर गद्यविधामा पनि विगतका चार दशकका बीच विशेष साधनाशील रहँदै आएका र समीक्षकीय प्रतिभालेसमेत उत्प्रेरित वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाई (वि.सं. २०१२, ताप्लेजुङ) ले हालसम्म स्वलिखित, सम्पादित र संयुक्त रूपमा लिखित- सम्पादितसमेत गरी ६८ ग्रन्थका साथै सात वटा श्रव्यकृति सार्वजनिक गरिसकेका छन् ।

कुनै पनि लेखकको आफ्नो मूलधन भनेको आफ्नै भावमण्डल (र विचारपरिमण्डल) का साथै आफ्नै शैलीगत मौलिक छविको अन्तर्विकास हुँदै रहनु हो । साहित्यकार नरेन्द्रराज प्रसाईका समष्टि-वैशिष्ट्यमध्ये दृढ देशभक्तिपूर्ण राष्ट्रवादी विचारधाराका साथै रोचक र खिरिलो भाषाशैलीगत र उक्तिगत प्राञ्जलता पनि उनका लेखकीय मूलधनका अंशका रूपमा रहने गर्दछन् भन्ने म ठान्दछु । उनको सार्वजनिक साहित्ययात्रा कवितामार्फत २०२८ सालतिर उनका जैविक वय:सन्धिकै वेला प्रस्फुटित भई पुस्तकलेखनका क्षेत्रमा २०४० सालतिर देखि सार्वजनिक रूपमा देखा पर्दै खास गरी गीत, निबन्ध र जीवनीविधामा उनी विशेष प्रतिष्ठित रहेको पाइन्छ ।

नरेन्द्रराज प्रसाई जैविक उमेरका दृष्टिले अहिले २०७१ सालमा लगभग पाको उनन्साठी वर्षे उमेरका हुन खोज्दै छन् भने विभिन्न विधागत फुटकर कृतिका लेखन (र प्रकाशन) का प्रारम्भिक चरण २०४० सालतिर पार गर्दै २०४१ सालको 'अठतीस अनौठा अनुहार' नामको र २०४२ सालको 'केही चर्चित अनुहार' नाउँको

जीवनीसङ्ग्रहदेखि प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) तथा निकट भविष्यमै प्रकाशित हुन लागेको 'शताब्दी पुरुष : सत्यमोहन जोशी'सम्म आइपुग्दा उनको समुच्चा जीवनीकारिताले तीन दशकको यात्रा पार गरिसक्नेछ र यसबीच अन्य विधाका र भाषान्तरका (अङ्ग्रेजीमा अनूदित ३ ग्रन्थसमेत) उनका विविध प्राज्ञिक फाँट र साहित्यिक विधाका ६८ ग्रन्थ तथा ७ वटा श्रव्य सीडी र क्यासेटसमेत सार्वजनिक भइसकेका छन् । यसो त उनले 'कुटुम्ब', 'उपकार', 'भानुमोती' र 'प्रज्ञापत्र'जस्ता विविध बान्कीका पत्रिकाहरूको पनि सम्पादन गरेका हुन् । उपर्युक्तमध्ये उनका केही ग्रन्थ सम्पादित र अन्तर्वार्तापरक पनि (क्रमश: २३ र २ सङ्ख्यामा) छन् भने ती सम्पादित कृतिमध्ये १९ वटा जति इन्दिरा प्रसाईसमेतका संयुक्तसम्पादनमा प्रकाशित भएका हुन् । उपर्युक्त विस्तृत परिमाणका ग्रन्थ र श्रव्यकृतिको उपस्थितिले स्वयं नरेन्द्रराज प्रसाईको सृजन, सम्पादन र प्रकाशनको मूलस्वरूप बहुमुखी साधनाशीलताले निर्मित हुन पुगेकोतर्फ र त्यसमा अन्तर्निहित अतिपरिश्रमशील र लगनधूनपूर्ण लामो खटाइको निरन्तरता र तीव्रताका साथै परिश्रमगत प्राचुर्यतर्फ पनि इङ्गित गर्दछ– सरदर प्रतिवर्ष २:३७ जति किताब वा कृति; बत्तीस वर्षमा छयत्तर ग्रन्थ र श्रव्य कृति ।

•••

नरेन्द्रराज प्रसाईको उपर्युक्त बहुमुखी साहित्यकारिताको एक विशेष पहिचान जीवनीकारिता पनि हो र उनी एक अग्रणी जीवनीकारका रूपमा चिनिइसकेका छन् । उनले नेपाली साहित्यकार तथा गीतसङ्गीतकारका साथै नेपाली समालोचक, समीक्षक, भाषासेवी, समाजसेवी र बहुल प्रकृतिका देशसेवक पाँच सयभन्दा बढी विशिष्ट साधकसाधिकाहरूको ससाना परिचयात्मक जीवनवृत्तका एक दर्जनजति कृतिसङ्ग्रहहरूका साथै थप एक दर्जन जति विशिष्ट नरनारी व्यक्तित्वको व्यक्तिविशेषमै केन्द्रित विस्तृत मर्मस्पर्शी जीवनीग्रन्थ

पनि सार्वजनिक गरिसकेका छन् । उनका पारिजात, वाङ्देल, दौलतविक्रम विष्ट, कोइलीदेवी, कीर्तिबाबू, महाकवि देवकोटा, रोहित, वानीरा गिरी आदिका बारेका एकसाथ खोजीपूर्ण र रोचक लगभग एक दर्जन उत्कृष्ट जीवनीग्रन्थकै सरणीमा प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक ग्रन्थ (२०७१) उनको एक अर्को अभिनव रोचक जीवनीग्रन्थका रूपमा सार्वजनिक हुन लागेको छ ।

लगभग तीन दशकको अन्तर्गतिमय साधनाशीलताकै क्रममा यतिखेर नरेन्द्रको २०४१ सालदेखि थालिएको तीस वर्षे जीवनीकारितायात्रा प्रस्तुत 'भानुभक्तको जीवनवृत्त' (२०७१) का समालोचनात्मक र सृजनात्मक उच्च संयम र अभिव्यक्ति सामर्थ्यको विशेष अपेक्षा गर्ने पर्याप्त चुनौतीपूर्ण यात्राबिन्दुसम्म आइपुगेको छ भने अब त्यसकै बारेमा चर्चा गरौँ ।

अब 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षकित नामकरण भएको प्रस्तुत भानुभक्तीय जीवनवृत्त ग्रन्थका परिच्छेदयोजनातर्फ दृष्टि दिँदै भानुजीवनीकार नरेन्द्रराज प्रसाईको यस ग्रन्थका प्रमुख परिच्छेदका अन्तर्वस्तु र समुच्चा प्रस्तुतिका वैशिष्ट्यबारे विवेचनात्मक र समीक्षात्मक चर्चा गरौँ । यस सन्दर्भको चर्चा प्रस्तुत ग्रन्थका सुरुतिरै रहेको 'लेखकीय' को पठन र चर्चा गर्दै सुरु गरौँ–

जीवनीकार नरेन्द्रराज प्रसाईको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीग्रन्थका मूलपाठअन्तर्गत जम्मा बाह्र अध्याय या परिच्छेद छन् र त्यसपछि यहाँ परिशिष्ट रूपमा अनुष्ठानिक सूची भनी छ वटा विशेष सामग्री समेटिएका छन् । यहाँ भानुभक्तीय एक पत्रको लिखतको छायाचित्र र भानुविशेषसामग्री (भानु, मोतीराम, रमानाथ र विष्णुमायाका जम्मा पाँच तस्बिरका प्रतिकृति) यहाँ उक्त अनुष्ठानिक सूचीअन्तर्गत भनी राखिएका छन् । त्यसपछि यहाँ सन्दर्भस्रोतको लेखकीय वर्णानुक्रमी कृतिविवृति दिइएको छ । उसो त यस ग्रन्थको बाह्रौँ अध्याय या परिच्छेदको भानुभक्तको वंशावली

पनि मूलपाठको परिपूरक सामग्री नै रहेको छ । यसरी यहाँ यस ग्रन्थका प्राग्भाग वा प्राक्कथनभागपछिका मूलपाठमा भानुभक्तीय जीवनीगत क्रमिक विषयसन्दर्भ यस प्रकारले रहेका छन् भनौँ– 'भानुभक्तको जन्मसन्दर्भ', 'भानुभक्तको शिक्षादीक्षा', 'भानुभक्तको गिरिधारीसँगको झगडा', 'भानुभक्तका जागिर र कुमारी चोकमा थुना', 'भानुभक्तको सम्मान', 'भानुभक्तका जीवनमा घाँसी', 'भानुभक्तलाई मोतीरामको खाँचो', 'भानुभक्तको कान्तिपुर प्रवेश', 'भानुभक्तको देहावसान', 'भानुभक्तको जन्मकुण्डली', 'भानुभक्तका कृति' र 'भानुभक्तको वंशावली' ।

उपर्युक्त मूल पाठगत बाह्र परिच्छेदतर्फ क्रमश: दृष्टि दिने क्रममा यस ग्रन्थको प्रवेशद्वारस्वरूप 'लेखकीय'कै यहाँ चर्चा गर्नु आवश्यक देखियो ।

नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नाउँ भएको ग्रन्थ नइ प्रकाशनको प्रकाशकीय र विषयसूचीपछि जीवनीग्रन्थकार नरेन्द्रकै 'लेखकीय' बाट सुरु भएको छ । कविशिरोमणि लेखनाथ पौड्यालबाट 'भानुभक्त स्मारकग्रन्थ' (वि.सं. १९९७) का निम्ति रचिई त्यसमा मूल ग्रन्थका पाठका सुरु पानामा श्री ३ जुद्धशम्शेरको सन्देशभन्दा पहिले (द्वि.सं. २०२६, पृ. १ का मध्यभागमा) 'श्रद्धाञ्जलि' शीर्षकको प्रकाशित एकश्लोके ऐतिहासिक महत्त्वयुक्त कविताको उद्धरण गरी यहाँ यो 'लेखकीय' सुरु भएको छ ।

त्यसपछि यस लेखकीयमा विशेषत: २००३ सालदेखिको वार्षिक भानुजयन्तीको परम्परा थालिएकोबारे चर्चा गरिएको छ । यस भानुजयन्तीका सन्दर्भबारेमा चाहिँ अरू सान्दर्भिक जानकारीसहित चर्चा गरौँ । यहाँ भानुभक्तको जन्म भएको मिति र भानुभक्तको जन्मजयन्ती मनाउन लागिएको बारेमा नै प्रथमत: छानबिन अपेक्षित हुन आयो । जगत् छेत्री (दार्जिलिङ) बाट मैले सन् १९९७।१।४ मा पाएको लिखित जानकारी तथा शिव रेग्मी (भानुजयन्तीका परम्परा,

रचना, पूर्णाङ्क ३१, २०७१ असार साउन, पृ.१०६-१०८) अनुसार भारतका दार्जिलिङतिरबाट वैशाख २९ गते भानुजयन्ती मनाउने कार्य प्रथमतः प्रचलित र त्यसपछि स्थापित भयो भनिन्छ । यसरी भानुजयन्ती मनाउने क्रममा सन् १९४६ र १९४७ सालका दुई वर्षका बीचमा भानुभक्तीय खास जन्ममितिलाई विक्रमाब्द र सौरमानको सन्दर्भमा अँगालिएको छ र त्यो हो वि.सं. १८७१ वैशाख २९ गते । भानुजयन्तीका सन्दर्भमा भानुभक्तकी नातिनी विष्णुमायाद्वारा प्रकाशित 'भानुभक्त मणिमाला' ग्रन्थ (वि.सं. १९९८; परिचय, पृ. १४-१६, कवि परिचयः पृ. १२) का सन्दर्भमा रङ्गनाथ शर्मा (र विष्णुमाया) बाट जानकारी प्राप्त हुन आएको अनि त्यहाँ भानुभक्तले प्राप्त गरेका ज्योतिषशिक्षाका खास प्रसङ्गको उपकथासहित दिइएको भानुभक्तको जन्मकुण्डली र उनै भानुभक्तले आफ्ना जन्मकुण्डलीबारे आफै रचेको भनिएको अढाई श्लोकको कविताका आधारमा यो असार २९ का भानुजयन्तीको दिन तोकियो । तर विभिन्न ठाउँमा प्रयुक्त सौरमानका र चान्द्रमानमा आधारित भानुभक्तका जन्मका तिथिमितिमध्ये सौरमान वि.सं. १८७१ वैशाख २९ लाई भानुजन्ममितिको आधाररेखा मानी र त्यसअनुरूप ग्रेगरी (इस्वी) संवत्को महिना तारेख पारी भारतका दार्जिलिङमा प्रथमतः त्यहाँका नेपाली भाषा र साहित्यका प्रेमी अगुवा संस्था र व्यक्तिले यो वार्षिकरूपमा भानुजयन्ती मनाउने परम्परा सुरु गरेको र चालू राखेको अनि प्रसार तथा प्रवर्द्धन गर्दै रहेको पाइन्छ । यसमा अरू संस्थासमेत संलग्न रहे पनि 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङ र यसका अग्रणीत्रय– सूधपा (सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान) को विशेष उत्प्रेरणा रह्यो । नेपालतर्फ पनि सौरमानअनुसार नै वैशाख २९ गते वार्षिक भानुजयन्ती मनाउन थालिएको हो । कतिऔँ वार्षिक भानु जन्मजयन्ती भनी उल्लेख गर्दा भने कुनै असार २९ गते भारततर्फ भानुभक्तको जन्मदेखिको जति वर्षको अवधि पुग्ने हो सोअनुसार र नेपालतर्फ भने उक्त दिनमा भानुभक्त जन्मेको जतिऔँ वर्ष सुरु हुने हो सोअनुसार यतिऔँ जन्मजयन्ती

भनी प्राय: गणना गर्ने गरेको पाइन्छ; त्यसैले यस गणनामा पनि प्राय: एक वर्षको फरक हुने गर्दछ ।

मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' १९४८ सालमा प्रकाशित गर्दा दिएको भानुभक्तको जन्मवर्ष वि.सं. १८६९ बारे केही उल्लेख नगरी रङ्गनाथ शर्मा (समेत) ले भानुभक्तको जन्मवर्ष भनी १८७१ सालका खासखास सौरचान्द्र महिना, गते, तिथि र बारसहित भानुजन्मको तिथिमिति उल्लेख गरेकोमा २००३ सालमा 'पुराना कवि र कविता' प्रकाशित गर्दा नेपालका इतिहासकार बाबुराम आचार्यले रङ्गनाथसमेतले दिएका वर्ष महिना (१९७१ असार) मात्र उल्लेख गरेर उक्त गते र पक्षतिथिका साथै बारका बारेमा अव्यक्त असहमति जनाएको हो कि जस्तो देखिन्छ । पछि भारतको दार्जिलिङमा त्यतिखेर कार्यरत, नेपालका इतिहासकार सूर्यविक्रमलगायत, नेपाली साहित्य सम्मेलन (र सर्वहितकारी समाज आदि) संस्था तथा तिनका अगुवाहरूले पनि १८७१ असार २९ लाई भानुजयन्तीको वर्षाधार मानेपछि यता नेपालतर्फ पनि यही वर्षाधार नै प्राय: संस्थागत र शैक्षिक-प्राज्ञिक स्तरमा ज्यादा चल्यो र विशेष सोधखोजका क्रममा र खास विद्वद्वर्गमा भने नेपाल भारत दुवैतिर मोतीराम भट्टले उल्लेख गरेको भानुभक्तीय जन्मवर्ष (वि.सं.१८६९) को उल्लेख गरी छलफल गर्ने र ठोस निर्क्योल हुन सके बेस हुन्थ्यो भन्ने प्रवृत्ति तथा भाव रहँदै रह्यो ।

नेपालमा, भारतमा र विश्वकै व्यापक नेपाली जगत्मा भानुभक्तको द्विशतवार्षिकीको कार्यक्रम पनि वि.सं. १८७१ लाई वर्षाधार मानी मनाइयो र नेपाल सरकार पनि संस्थागत रूपमा यसमा सम्मिलित भयो । यो विराट् आयोजन समष्टिगत परिप्रेक्ष्यमा २०० औँ वर्षको सुरुवात र समापनका दुई वर्षबीच स्वदेश तथा विदेशका नाना संस्थाहरूका आयोजनामा र सहभागितामा विविध ढङ्गले सम्पन्न भयो । यसका निम्ति खास गरी नेपालमा (र अन्यत्र

पनि) द्विशतवार्षिकीको २-३ वर्ष अगि नै कार्यक्रमको परिकल्पना गर्दै कार्यक्रमिक स्वरूप र रूपरेखा तथा साधन, स्रोत र सहभागिता आदिबारे पनि सोच्न, छलफल गर्न, पूर्वतयारी गर्न र स्रोतपरिचालनको प्रयास गर्न थाले पनि यस विशेष सन्दर्भमा नेपाली शिक्षा परिषद्, भानु प्रतिष्ठान, त्रिमूर्ति निकेतन, नइ प्रकाशन आदि अग्रणी नेपाली साहित्यिक संस्थाहरूका पूर्वतयारीबारे र तिनले नेपाली विद्वत्समाज र नेपाल सरकारसम्म पुग्न गरेका प्रयासक्रमबारेसमेत धेरथोर म पनि परिचित छु । यस क्रममा नेपाली भाषासाहित्यका जल्दाबल्दा कर्मठ सेवी र समयुगीन नव मोतीराम भन्न मिल्ने नरेन्द्रराज प्रसाईका नइ प्रकाशनमार्फतको संस्थागत संलग्नतालाई पनि लिनुपर्ने हुन्छ । नेपाल सरकार (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) अन्तर्गत उक्त मन्त्रालयका सचिवको अध्यक्षतामा गठित आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (२०७१) को परिकल्पना र प्रबन्धनका क्रममा कार्यकारी सल्लाहकारकार रूपमा रही प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' का लेखक नरेन्द्रराज प्रसाई खुबै खटेको मलाई थाहा छ; म पनि त्यस समारोह समितिका कार्यक्रमका कार्यान्वयनका उक्त अनेक सल्लाहकारहरूमध्ये एक सल्लाहकार रहेको हुँ । यस क्रममा, उक्त समितिको उक्त द्विशतवार्षिकी समारोहका कार्यक्रमलाई कार्यान्वयन स्तरमा सम्पन्न तुल्याउने क्रममा नरेन्द्रका संस्थागत र वैयक्तिक आफ्ना अनुभव र धारणा तथा स्वमूल्याङ्कन पनि प्रस्तुत जीवनवृत्त ग्रन्थका लेखक नरेन्द्रका 'लेखकीय' अन्तर्गत आउनु स्वाभाविकै हो भन्ने म ठान्दछु । उक्त समिति बृहत् स्तरमा गठन भएको थियो र मन्त्रालयका निकट सम्पर्कमा रही निर्धारित कार्यक्रम सम्पन्न गराउन औधी खट्नु नेपाली भाषासाहित्यका सेवी र प्रवर्द्धक नरेन्द्रको आफ्नो विशेष व्यक्तित्व, स्वभाव र प्रवृत्ति तथा रुचि र कर्मठताको पनि सूचक हुँदै हो । साथै उक्त समितिका कार्यक्रमहरू तय हुँदा निकै अंशमा नरेन्द्रका र नइ प्रकाशनका परिकल्पना र प्रस्ताव परेका थिए । नइ तथा नरेन्द्रराज प्रसाईसँग

त्रिमूर्ति निकेतनको सञ्चालन (वि.सं. २०५२ देखि झन्डै दुई दशकको) लगायत 'महाकवि देवकोटा शताब्दी' (२०५६-६६), 'अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन' (२०६६), 'विश्व नारी नेपाली साहित्य सम्मेलन' (२०७१) आदिका बृहत्तर राष्ट्रिय-अन्तर्राष्ट्रिय आयोजनाका सन्दर्भमा सम्पर्कित नेपाली भाषासाहित्यसेवीको विस्तृत संस्थागत सञ्जालको पर्याधारको पनि सहयोग लिइएको बुझिन्छ । यसैले पनि पूर्वोक्त भानुभक्तीय द्विशतवार्षिकी समारोह समितिमा नरेन्द्र सल्लाहकार (कार्यकारी)का रूपमा मन्त्रालय स्तरबाटै सञ्चालित हुने आयोजनामा विशेष सक्रिय रहे । नेपाल सरकारतर्फबाट भानु प्रतिष्ठान र नेपाली शिक्षा परिषद्लगायतका अनेक संस्था तथा कार्यक्रमहरूलाई पनि सहयोग भयो; उक्त समितिका भानुद्विशतवार्षिकीका निर्धारित कार्यक्रममा कार्यान्वयनमा आयोजक मातहत मन्त्रालय स्वयम् पनि सक्रिय रह्यो र तिनमा कार्यकारी सल्लाहकारको पनि विशेष भूमिका रहनु स्वाभाविकै हो ।

नइ अर्थात् नरेन्द्रराज प्रसाईको परिकल्पना र सक्रिय प्रबन्धनसमेतको विशेष सहयोग लिई बृहत् स्तरमा नेपाल सरकार (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) ले भानुभक्त द्विशतवार्षिकी समारोहको मूल परिचालन गरेको थियो । नेपाल राष्ट्रका १४ अञ्चल र विश्वका २५ राष्ट्रमासमेत सम्बन्धित समारोह समितिको गठन गरेर मनाइएको यस भानु द्विशतवार्षिकीका कार्यक्रम नेपाली साहित्यका सन्दर्भमा अहिलेसम्मको सबैभन्दा ठूलो संस्थागत सञ्जाल परिचालित भएको कार्यक्रम देखिन्छ । यस अघि नइको संयोजन र अग्रसरतामा त्रिमूर्ति निकेतनबाट भएको 'विश्व नारी नेपाली साहित्य सम्मेलन'मा ७१ जिल्ला र २० राष्ट्रका नारीले भाग लिएका थिए भन्ने पनि यहाँ उल्लेखनीय छ । जे होस्, आदिकवि भानुभक्त आचार्यका जन्मका द्विशतवार्षिक समारोहमा प्रत्यक्ष रूपमा नेपाल सरकार सक्रिय हुनु र अरू संस्थालाई पनि संस्थागत सहयोग गर्नु भने विशेष

महत्त्वपूर्ण सन्दर्भ हुँदै हो । प्रस्तुत 'भानुभक्तीय जीवनवृत्त' ग्रन्थका 'लेखकीय' मा नरेन्द्रले आफ्नो ढङ्गले यी आफ्ना क्रियाशीलताको मूल्याङ्कन गरेको यहाँ मैले पाएँ ।

•

प्रस्तुत नरेन्द्रीय भानुजीवनी ग्रन्थको भानुरचित आत्मपरिचयात्मक एक पद्योद्गारको उद्धरण गरी सुरु भएको पहिलो परिच्छेद भानुभक्तीय जन्मसन्दर्भसँग जोडिएको छ भने यहाँ जीवनीकारद्वारा सम्बन्धित कतिपय ऐतिहासिक विवादहरूसमेतका बीचबाट (पृष्ठगत सरल पादटिप्पणी र ग्रन्थगत उद्धरण आदिबाट जटिल कुरालाई समेटेर) भानुका जन्मस्थल र जन्मवर्ष तथा जन्ममितिका बारेमा सरल प्रवाहमय प्राञ्जल शैलीमा प्रथमत: चर्चा गरेको पाइन्छ; अनि त्यसपछि जीवनचरित्रनायक भानुका अक्षरारम्भ, व्रतबन्ध, बिहे र छोराछोरीबारेसमेत पनि उल्लेख गरिएको छ । यहाँ नरेन्द्रले मोतीरामका भनाइ र परवर्ती मतान्तर र थप सूचनाको समेत सक्दो समन्वयात्मक उपयोग गरेको पाइन्छ भने उनका अन्तर्मुद्रामा भने मोतीरामका भन्दा पृथक् र भिन्न मतान्तरका जानकारीप्रति अन्तर्भावगत र शैलीगत रूपमा अलिकति प्रश्नमुद्रा पनि अङ्कित हुन पुगेको छ । यहाँ नरेन्द्रको प्रस्तुति थोरै शोधोन्मुख र ज्यादा प्राञ्जल अभिव्यक्तिमय रहेको छ ।

यहाँ, प्रस्तुत पहिलो परिच्छेदमा, प्रथम भानुजीवनीकार मोतीराम भट्टभन्दा सत्तरी वर्षपछिका तर आफूलाई अनुवंशीय अनुश्रुतिबाट प्रभावित रहेका ठान्ने अनि मोतीरामका सरस र रोचक गद्यलेखन (आंशिक पद्यलेखन)भन्दा भिन्न खरो गद्यलेखनद्वारा भानुजीवनीका लेखनयात्रामा निकै मात्रामा मोतीरामका श्रद्धालु तर पर्याप्त खण्डनकर्ता अनुपूरकसमेत रहेका नरनाथ आचार्यलाई पृष्ठगत टिप्पणीमार्फत उद्धृत गर्ने र ससम्मान उनीसँग कतिपय कुरामा असहमत नै रहिरहने प्रवृत्तिगत मुद्रामा पनि वर्तमानका भानुजीवनीकार नरेन्द्र रहेका छन् ।

त्यस्तै मोतीरामकृत भानुजीवनी (१९४८) भन्दा आधा शताब्दीपछि (१९९८) मा विष्णुमायाका 'भानुभक्त मणिमाला' को एक आमुखस्वरूप परिचय लेखी भानुभक्तका जन्मवर्षबारे मोतीरामभन्दा पृथक् जानकारी दिने र कतिपय विषयमा (भानुभक्तको खास न्वारानको लग्न नक्षत्रअनुसारको नाउँ, पास्नी, व्रतबन्ध आदि) नयाँ र थप सूचना दिने रङ्गनाथ शर्माका भनाइलाई पनि प्रस्तुत जीवनीकार नरेन्द्रले पृष्ठगत पादटिप्पणी दिई उद्धृत गरेका छन् र धनञ्जय आचार्यको ज्योतिषमा अभ्यास नभएका भए खरदार नहुने, बरु ज्योतिष शिक्षक थिएनन् भनी दह्रै बुँदा पनि पक्रेका छन् । त्यस्तै यहाँ भानुजीवनीकार नरेन्द्रले भानुभक्तभन्दा ६७ वर्षपछि जन्मेकी उनकी नातिनी विष्णुमायाप्रति भानुभक्त जन्मेको १२७ वर्षपछि जन्मकुण्डली प्रस्तुत गरेकोमा 'जादु' को विम्ब प्रयोग गरी सूक्ष्म असहमतिभाव व्यक्त गरेको पनि पाइन्छ । सामान्यत: लेखक वा जीवनीकारका रूपमा पनि आफू असहमत रहेका व्यक्ति विषय तथा कामकुराबारेमा असहमति प्राय: तीव्ररूपमा व्यक्त गर्ने नरेन्द्र प्रस्तुत भानुजीवनका सन्दर्भमा असहमति व्यक्त गर्दा प्राय: अलि नरम नै रहेको भेटिन्छ । तर उनले आफू सहमत-असहमत जे भए पनि भानुभक्तबारेका सबै थरी सूचनाको सक्दो उपयोग भने गर्न खोजेका छन् ।

नरेन्द्रकृत प्रस्तुत भानुजीवनीग्रन्थका दोस्रा परिच्छेदमा भानुभक्तको शिक्षादीक्षा आदिबारे उनका बाजे श्रीकृष्ण र बाबु धनञ्जयका भूमिकासम्बन्धी र अरू सामान्य तथा विशेष जानकारीसहित चर्चा गरिएको छ । यहाँ भानुभक्त आचार्यबाटै शिक्षाका बारेमा विभिन्न स्रोतबाट केही फरकसमेत जानकारी प्राप्त हुन आएका छन् जसअनुसार बाजे श्रीकृष्णबाटै भानुले मूल शिक्षा पाए भन्ने मोतीराम आदिको भनाइ, बाबु धनञ्जयबाटै भानुले ज्यादाजसो शिक्षा पाए र ज्योतिषशिक्षा चाहिँ गुरुबाट पाए भन्ने रङ्गनाथ

शर्माको भनाइ र बाबुबाट कानुनी लेखापढीको शिक्षा धनञ्जयले पाए भन्ने शर्वराजको कथन अनि मामाघरमा श्राद्ध गराउन जानेको छैन भन्नुपर्दा अपमानित अनुभव गरी भानुभक्त कास्कीतिर पढ्न गएको आदि भन्ने शर्वराजसमेतद्वारा उल्लिखित लोक अनुश्रुति र भानुले बाजेबज्यैसँग काशीमा बसी अरू शिक्षा पाए भन्ने नरनाथ आदिको मत मिलाई भानुभक्तको शिक्षाबारे निर्क्योल गर्नुपर्ने अवस्था भने छँदै छ । यहाँ विद्वद्वर्गीय अध्ययन र शोधको तार्किक शुष्कता र जटिलताबाट सक्दो बच्दै र सान्दर्भिक उद्धरण भने छानेर दिँदै मीठो र मर्मस्पर्शी ढङ्गले भावप्रवाहमय शैलीमा सरल शब्दयोजना, वाक्ययोजना र उक्तियोजनासहित विषयलाई पस्कँदै तथा पर्याप्त अनुप्रासीय र परिमित बिम्बालङ्कृतिको उपयोग गर्दै जीवनी लेख्ने आफ्नो मुख्य तरिकातर्फ नै उनी यहाँ विशेष प्रवृत्त र अनुरक्त पनि छन् ।

छोटाछोटा र परस्पर अन्तर्ग्रथित अनुच्छेदप्रवाहका बनोटबाट अनुच्छेदयोजना गरी अगि बढ्दै यहाँ पनि नरेन्द्रले कतिपय जानकारी र मतान्तरलाई लामैसमेत पृष्ठ-पृष्ठान्तरका पादटिप्पणीमार्फत दिएका छन् । यहाँ एक कुशल व्यङ्ग्यगर्भित र परिहासपुट भएका निबन्धशिल्पीका कलमलाई जीवनीपरक मतान्तरका समीक्षाका क्रममा पनि परिहास र स्मृतिका अन्तर्मुद्राका साथ पनि उनले उपयोग गरेको भेटिन्छ । यस क्रममा कसैप्रति कुनै सन्दर्भमा असहमति र आलोचनाभाव व्यक्त गर्दा पनि उसका अरू गुणगरिमा र प्रदानका पाटाको उन्मुक्त प्रशंसासमेत नरेन्द्रले गरेको पाइन्छ । विशेष गरी भानुभक्तका प्रथम जीवनीकार मोतीराम भट्टपछि उल्लेख्य अनुपूरक जीवनीकार भन्न सकिने नरनाथ आचार्यप्रति नरेन्द्रको यही मिश्रित श्रद्धाभाव यहाँ व्यक्त छ । नरेन्द्रमा सन्तुलनतर्फ चासो छ तर आफ्ना धारणाप्रतिको अविचल निष्ठाभाव पनि छ; वस्तुत: मैले जानेका नरेन्द्र यही मध्यमुद्रामा नै छन् अनि भानुभक्तीय प्रथम जीवनीकार मोतीरामजस्तै उनै

मोतीरामका गुणदर्शन-प्रधान परम्पराबाट नरेन्द्र विशेष प्रभावित जीवनीकार त हुँदै हुन् ।

नरेन्द्रकृत प्रस्तुत भानुजीवनवृत्तको तेस्रो परिच्छेद भानुभक्त र गिरिधारीका बीचको झगडासँग सम्बन्धित रहेको छ । भानुभक्तीय जीवनका यस प्रसिद्ध प्रसङ्गको चर्चा गर्दा जीवनीकार नरेन्द्रले भानुभक्तका चरित्रका कतिपय समविषम पक्षतर्फ पनि इङ्गित गरेका छन् र भानुभक्तप्रति केही आलोचनाभाव पनि देखाएका छन् । नरेन्द्रराजले उक्त झगडाको वर्णन गर्दा मोतीरामकृत भानुजीवनी र सम्बन्धित भानुभक्तीय कविता पनि उद्धृत गरेका छन् अनि कतिपय आफ्ना अनुकल्पना पनि मिसेका छन् । यहाँ अलगअलग समयका बगर र साँधसिमानाका तथा कुलोका मुद्दाका बारेमा र तिनमा भानुभक्तले प्राप्त गरेका विजयका बारेमा पनि उनले उल्लेख गरेका छन् । प्रस्तुत भानुभक्तीय जीवनवृत्तमा गिरिधारी भाटका भानुप्रसङ्गलाई एक अलग परिच्छेदको रूप दिई नरेन्द्रले जीवनीगत परिच्छेदको अन्तर्योजना गरेको बेस हो तापनि अझ बढी रोचक अन्तर्नाटकीयता दिई मनोभावगत चित्रण पनि गर्दै जीवनीलेखन गर्ने सम्भाव्य क्षमताको अधिकतम उपयोग भने किन हो यहाँ उनले गरेनन् । यस प्रकरणमा जीवनीकार नरेन्द्रका प्रतिभाले अरू थप मर्मस्पर्शी बान्की पनि देखाउन सक्थ्यो तापनि यो जीवनी परिच्छेद रोचक नै छ । यहाँ जीवनीकार नरेन्द्रराज प्रसाईले भानुभक्तले जागिर खाएको प्रसङ्गलाई पनि केही छोए तापनि यसबारेमै केन्द्रित भई विशेष चर्चा चाहिँ आगामी चौथो परिच्छेदमा गरेको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत 'भानुभक्तीय जीवनवृत्त' सम्बन्धी ग्रन्थको चौथो परिच्छेद शीर्षक अनुसार भानुभक्तको सरकारी जागिर र त्यसको स्याहास्रेस्ता फरफारकको प्रसङ्ग अनि कुमारीचोकका निगरानी र थुनाका चर्चासँग पनि जोडिएको छ । यहाँ ग्रन्थकार नरेन्द्र प्रथम भानुजीवनीकार मोतीराम भट्ट (१९४८) ले बताएबमोजिम र

विष्णुमाया वा रङ्गनाथ शर्मा (१९९८) को पनि असहमति नदेखिएबमोजिम अनि निकै मात्रामा परवर्ती बाबुराम आचार्य (२००३) का भनाइप्रति सापेक्षत: विशेष सहमत रही भानुभक्तले १९०७ सालमा जागिर खाएको अनि १९०९ सालमा खोसिई स्याहास्रेस्ता फरफारकका क्रममा केही महिना कुमारीचोकका निगरानी र थुनामा रही पछि फारकपत्र र पूरा सफाइ पाएको पक्षमा नै उभिएका छन् । यहाँ नरेन्द्र पं. नरनाथ आचार्य (२०१७-१८, २०३६) आदिका भानुभक्तले आफै सरकारी जागिर नखाई बहालमै बाबु धनञ्जय आचार्य बितेपछि एक मात्र (जीवित) छोराका नाताले बाबुको लामो जागिरकालको स्याहास्रेस्ता फरफारक गर्न कुमारीचोकका सामान्य निगरानीमा रहेको आदि अभिमतसँग भने लगभग असहमत रहेको भेटिन्छ र यहाँ नरेन्द्रले कतिपय अरू विशेष तर्क र अनुकल्पना पनि संयोजित गरेको भेटिन्छ ।

प्रस्तुत नरेन्द्रकृत 'भानुभक्तीय जीवनवृत्त' ग्रन्थको पाँचौँ परिच्छेद भानुभक्तको सम्मानप्रसङ्गसँग जोडिएको छ । वास्तवमा भानुजीवनीकारका रूपमा नरेन्द्रले आफ्ना परिमित सामग्री अध्ययन र प्रस्फुटित समीक्षाचेतलाई दृष्टिगत गरेर नै त्यस परिधिमा रही आफ्नो ३ दशक जति लामो जीवनीसिर्जनाको यात्राको अनुभव र प्रातिभ सृजनकौशलको तादात्म्य यहाँ मुख्यत: दिन खोजेका छन् । यस भानुजीवनी कृतिमा उनले अध्यवसायी शोधकर्ता र सघन समीक्षकको दायित्व काँधमा बोकेरभन्दा नेपाली साहित्यका एक स्थापित साहित्यकार (एवम् जीवनीलेखक) र नेपाली साहित्यका विशेष उत्साही प्रवर्द्धकका आफ्ना अन्तर्व्यक्तित्वलाई अलि बढी अग्रसर तुल्याई आफ्नो क्षमता देखाएका छन् । भानुभक्तले पाएका प्रमुख सम्मानको वर्णन र चर्चा सरसरती यहाँ नरेन्द्रले गरेका छन् । वास्तवमा आदिकवि भानुभक्त नेपाल सरकारलगायत व्यापक राष्ट्रिय-अन्तर्राष्ट्रिय नेपाली जगत्ले नेपाली साहित्यकारको जन्मको द्विशताब्दी उत्सव

कार्यक्रम पहिलो पल्ट (सामान्यत: दुई वर्ष जति नै) नाना स्तर र ढङ्गमा विशिष्टतर आयोजना गरी मनाइएका आदि नेपाली साहित्यस्रष्टा हुँदै हुन् । यहाँ नरेन्द्रले विशेषत: मोतीराम भट्टले १९४३-४४ सालतिर खोजप्रवृत्त हुँदै १९४८ सालमा जीवनचरित्र प्रकाशित गरी भानुभक्तलाई अर्पण गरेको र (कम्तीमा) त्यसको चार दशक जति समय बितिसकेपछि दीननाथ सापकोटा (१९८९) प्रभृतिले विमति जनाए पनि बृहत् नेपाली साहित्यजगत्ले प्राय: सकारेको आदिकवि पदको समर्थन नै गरेका छन् ।

भानुभक्त आचार्य वास्तवमा ऐतिहासिक सन्दर्भमा आदिकविको राष्ट्रिय सम्मानप्राप्त यशस्वी कवि हुन् । सरकारी तवरमा नेपालका श्री ३ (प्रधानमन्त्री) जुद्धशमशेरले पनि 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङका आयोजनामा (र अझ १९९७ सालमा भानुभक्तको स्वर्गारोहण भएको ७० वर्ष पुगेका उपलक्ष्यमा) बाबुराम आचार्यद्वारा सच्याउन खोजिएको भानुको देहावसानको वर्ष वि.सं. १९२६ अनुसार उनको अपार्थिव स्मृतिक्रमको सत्तरी वर्ष पुगेको सन्दर्भमा) प्रकाशित भएको 'भानुभक्त स्मारक ग्रन्थ' (पूर्ववत्, पृ. १) का सन्देशमार्फत मान्यता दिए जस्ता परिप्रेक्ष्यमा सरकारी तवरमा आदिकवि मानिएकै हुन् भन्ने आशय यहाँ भेटिन्छ ।

श्री ३ जुद्धशमशेरको तोकबोली लेखेजस्तो उक्त सन्देशमा विविध हेतु देखाई "भानुभक्त आचार्य नेपाली भाषाका आदिकवि हुन् भने पनि हुन्छ" भनिएको छ । यहाँ यही नै गाँठी कुरो हो आदिकवि सो भन्ने चाहनेहरूले भने हुन्छ (अनि सो आदिकवि भन्ने मन नपराउनेले चाहिँ नभने पनि हुन्छ र भन्नैपर्छ भन्ने कर छैन) भन्ने पनि हो कि ? १९४८ सालदेखि १९८९ र १९९७ हुँदै अहिलेसम्मका सन्दर्भमा पनि सायद भानुभक्तलाई आदिकवि भन्ने र नभन्ने दोहोरै प्राज्ञिक स्वातन्त्र्य छ (अनि दिवङ्गत भानुभक्तलाई यी र अरू पनि उपाधिको के नै खाँचो !) तर अधिकतर नेपाली साहित्यविद्ले उनलाई

आदिकवि नै मान्दै आएको पाइन्छ । नेपाली जनमनले उनलाई आदिकविका रूपमा दिलले चिनिसकेको छ ।

यहाँ नरेन्द्रले बाबुराम आचार्यदेखि वासुदेव त्रिपाठी र उत्तरवर्तिहरू समालोचकहरूको पनि अभिमतको स्तर भानुभक्तका आदिकवित्वका पक्षमा विशेषत: ठाकुरप्रसाद पराजुलीको भनाइको लामो सर्वसार उद्धरण पनि प्रस्तुत गरी आफ्ना ढङ्गले तर्क र जिरह गरेको पाइन्छ । साथै यहाँ यस परिच्छेदमा नरेन्द्रले भानुभक्तप्रतिका अरू कतिपय महत्त्वपूर्ण सम्मान तथा तत्कालीन नेपाल सरकारबाट विकास समिति ऐनअन्तर्गत गठित तनहुँको चुँदीरम्घामा भानुजन्स्थल विकास समिति गठन गरिएको सन्दर्भ र त्यस संस्थासँग सम्बन्धित कतिपय कामकुरामा पनि आफ्नो अवलोकन प्रस्तुत गरेको पाइन्छ ।

मैले पनि तत्कालीन नेपाल सरकारका पूर्वसचिव तथा तत्कालीन निर्वाचन आयोगका एक आयुक्त तथा कवि एवम् विद्वान् (पछि 'अध्यात्म रामायण' र 'भानुभक्तीय रामायण'का 'बालकाण्ड'का विशद तुलनात्मक अध्ययनसमेत प्रस्तुत गर्ने तुलनात्मक समीक्षक) रामचन्द्र पौडेल (थप कवि उपनाम रम्घाली पनि रहेका लेखक) का अध्यक्षतामा गठित भानुजन्मस्थल विकास समितिको सदस्य रही केही वर्ष त्यस समितिमा आफूले सकेको आफ्नो प्राज्ञिक परामर्श दिएको हुँ र खासगरी त्यस समितिका आयोजनामा निर्मित 'आदिकवि भानुभक्त' चलचित्रको प्राक्कल्पना र कार्ययोजना तथा भानुजीवनी र कृतित्व तथा भानुजीवनकालको नेपाली र स्थानीय समसमयको समाज-संस्कृतिको परिवृत्त, भानुसम्मान आदि बारेका उक्त चलचित्रसम्बन्धी निर्माण समिति र अन्वेषण समितिमासमेत रही काम गरेको हुँ । त्यतिखेर खास गरी अन्वेषण समितिले भानुजीवनी र कृति-कृतित्व आदिबारे धेरै छलफल गरी विद्वान् र स्रष्टाहरूका पूर्वस्थापना अनि बालकृष्ण समको 'भक्त भानुभक्त' नाटकका प्रस्तुतिको पनि समीक्षा गरी एक प्रकारको निकट रूपको संयोजनकारी परिमाप वा परिमिति

तयार गरेको र प्राय: तदनुरूप यादव खरेल (सो आदिकवि भानुभक्त चलचित्रका निर्देशक) ले मसँग पनि प्राज्ञिक र सृजनात्मक विमर्श गरी पटकथा लेखेको र त्यसको परिमार्जनमा पनि सो अन्वेषण समिति क्रियाशील नै रहेको हो । त्यस चलचित्रको नाटकीकृत पटकथा (वि.स. २०५६; कतिपय परिशिष्टसहित) भानुजन्मस्थल विकास समिति तनहुँ चुँदीरम्घाद्वारा प्रकाशित भएको पनि छ । परिशिष्ट-५ मा तत्कालीन भानुजन्मस्थल विकास समिति, आदिकवि भानुभक्त चलचित्र निर्माण समिति र अन्वेषण समितिको नाम तथा विवृति (पृ. २७१) पनि दिइएको छ । तर उक्त चलचित्रको र उक्त चलचित्रका पटकथाको दृश्यावली, संवाद आदिको अन्तर्योजना मूलत: कलात्मक र सिर्जनात्मक आधारतलमा भई त्यहाँ अन्तर्निहित रूपमा प्राज्ञिक चेत रहेकाले भानुअध्ययनको एक अर्धप्राज्ञिक परिमितिसम्म चाहिँ यो हुँदै हो । साथै यो प्राज्ञिकताउन्मुख चलचित्र (भानुको प्रथम चलचित्र) पनि राष्ट्र र तत्कालीन नेपाल सरकार (र यसका शिक्षा मन्त्रालयलगायत अरू अङ्ग), नेपाली जनता तथा सुधीसमाजले त्यसताक (भानु स्वर्गारोहणको १३० वर्ष पुगेका बखत) आदिकवि भानुभक्तका सम्मानमा चढाएको उत्कृष्ट प्राज्ञिक कलात्मक श्रद्धोपहार हुँदै हो ।

•

नेपालका हुलाक टिकटका परम्परामा राजपरिवारबाहेक अरू नेपालीहरूमध्ये सर्वप्रथम भानुभक्त आचार्यको हुलाक टिकट (५ पैसे खैरो रङको हुलाक टिकट) नेपाल सरकारद्वारा २०१९ साल असार २९ गते निकालिएको जानकारी यसका विज्ञ र कुनै बखत हुलाक विभागका महानिर्देशकसमेत रहेका जीतबहादुर मानन्धरका 'हुलाकमा कविहरू भन्ने लेख (हुलाक पत्रिका, वर्ष ४ पूर्णाङ्क १३, २०२३)बाट पाइन्छ ।

वास्तवमा बृहत् नेपाली जगत् (नेपाल, भारत र विश्वका अन्य देशमा फैलिएको नेपाली समाज)ले वि.सं. १९४१-२०७१ का बीचका

१३० वर्ष जतिमा नेपाली आदिकवि, राष्ट्रिय विभूति र नेपाली जातीय कवि भानुभक्तका सम्मानमा क्रमश: विविध भूगोल र संस्था, समूह र स्रष्टाजगत् तथा विद्वज्जगत्का तर्फबाट देशविदेशका विभिन्न स्थानमा भानुका प्रतिमा र सालिकको स्थापना, भानुकै नाममा त्यहाँका विविध ठाउँ (गाउँ, नगर, वडा, चोक, मार्ग आदि) को श्रद्धापूर्ण नामकरण र आदिकवि भानुभक्तका नामका विभिन्न ठूलासाना सम्मान, पुरस्कार, छात्रवृत्ति, विद्वद्वृत्तिको स्थापना र सम्मेलन तथा शोधकार्य र उपाधि, ग्रन्थ र पत्रिकाविशेषका विशेषाङ्कको प्रकाशन र लेखरचना तथा शोधअनुसन्धानमा आधारित कृति र ग्रन्थका प्रकाशन आदिको माध्यमबाट व्यक्त गरेको सम्मानशृङ्खलाको विवृतिको सारसंक्षेप एक सानोठूलो पुस्तकमा प्रस्तुत गर्न सकिएला तर नरेन्द्रका भानुजीवनवृत्तपरक यस कृतिमा भने सम्मानको त्यो सेरोफेरो प्रस्तुत गर्नु अति व्यापक कार्य नै ठहर्न जान्छ । केही थप सामग्री सङ्कलन र अध्ययन गरी यस्तो बृहत् कार्य र बृहत्काय ग्रन्थको प्रकाशन अपेक्षित छँदै छ भने सिर्जनात्मक जीवनीकृतिगत एक सानो परिच्छेदमा तिनको इङ्गितीकरण मात्र सम्भव थियो र त्यही गणेशीय परिक्रमापथमा नरेन्द्रद्वारा यहाँ प्रस्तुत पाँचौँ परिच्छेदमा कार्य भएको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत ग्रन्थको छैटौँ परिच्छेदमा भानुभक्तको 'भर्जन्म घाँस' भनी सुरु हुने कविता र त्यसको टेको लिई मोतीराम भट्टले भानुभक्तबारेका जीवनचरित्र ग्रन्थमा तनहुँ-चुँदीरम्घालगायतको स्थानीय परिवेशसँग उति परिचयविना खडा गरेको घाँसी पात्र र भानुभक्तीय कविताप्रेरणाको प्रसङ्गबारे चर्चा गरेको पाइन्छ । यहाँ नरेन्द्रको दृष्टिकोण मोतीरामभन्दा बाबुराम आचार्य (२००३) प्रभृतिसँग बढी मिल्दछ र नरनाथ आचार्य (२०१७-१८, २०३६) प्रभृतिका घाँसीका स्थानीयकरणका प्रयासप्रति पनि उनी सचेत छन् । श्लोकका उच्चार्य र गेय विभिन्न छन्दका सङ्गीतिप्रवाहलाई नेपाली भाषा (तत्कालीन

गोर्खा वा गोरखा भाषा) का अव्याकृत रहेको लोकव्याकरणअनुरूप र छन्दका लघुगुरुका अपेक्षाका सन्दर्भमा अजन्तहलन्त तथा ह्रस्वदीर्घ उच्चार्य स्वरका ह्रस्व, दीर्घ वा हलन्त पनि छन्दगत वाचन हुन सक्ने सृजनतत्त्व राम्ररी नबुझी लेख्य रूपमा र त्यो पनि लोकका वाचनगायन र श्रुतिका शृङ्खलाबाट सुनी लेख्य अङ्कन गर्दाका अप्ठ्यारामा मोतीरामले 'म' लाई 'मो', 'घाँसे' लाई 'घाँसी' आदि गर्दाका कठिनाइ पनि यहाँ छन् । सार कुरा यहाँ यत्ति हो- यी कविता भानुभक्तका हुन् । 'भर्जन्म घाँसतिर मन्' भनी प्रथम श्लोक थालिने यस फुटकर कविताका यी पङ्क्तिका छन्दयोजनाका र पदवाक्य तथा उक्तिगत र छन्दगत चरणका योजनाका र भावयोजनाको सौन्दर्यपूर्ण एवम् परिपक्व सामर्थ्य तथा प्रचुर अनुप्रासीय, अन्त्यानुप्रासीय (अन्त्य, उपादि-मध्य र अन्त्य जस्ता) शृङ्खलालगायतका उच्चतर श्रुतिमाधुर्ययुक्तता भानुभक्तकै सिर्जन हुन् ।

मोतीरामको घाँसी पात्र र सम्बन्धित कथा सम्बन्धित भानुकविताको मूलमर्मअनुरूप खास ठाउँमा नपरेका अनुकल्पनाका रूपमा नै मुख्यत: यहाँ चर्चित छ । यहाँ नरेन्द्रका तर्क र जिरह पनि आफ्नै ढङ्गले ठाउँमै छन् र ठीकै छन् । साथै तनहुँ र लमजुङ-कास्कीतिरका भैँसी पाल्नेहरूले जङ्गलमा घाँस काट्न जाँदाआउँदा पानी खाने खोबिल्डा र घाँसीकुवा रहेको यथार्थबारे अब जानकारी आउन थालेको छ ।

प्रस्तुत नरेन्द्रकृत भानुजीवनवृत्तसम्बन्धी कृतिको 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षक रहेको सातौँ परिच्छेदमा भानुभक्तका कृतिको खोज, प्रकाशन र जीवनीग्रन्थप्रकाशन अनि भानुभक्तको महिमाको प्रवर्द्धनलगायतका विभिन्न सन्दर्भमा देखिएको मोतीरामको सक्रियता र देनको प्राय: दिल खोलेर नै नरेन्द्रले चर्चा गरेका छन् ।

प्रस्तुत ग्रन्थकै आठौँ परिच्छेद भानुभक्तको कान्तिपुरप्रवेशका सन्दर्भसँग र भानुभक्तका बालाजुदर्शन तथा कान्तिपुरका दर्शन-

अवलोकनका क्रममा रचिएका भनिएका सरस र रोचक कविताका मिठासको आस्वादन गर्नगराउन प्रवृत्त रहेको छ । त्यस्तै प्रस्तुत ग्रन्थको नवौँ परिच्छेद, शीर्षकबमोजिम नै, भानुभक्तको देहावसानका बारेमा नै विशेष केन्द्रित छ र भानुभक्तका सिकिस्त अवस्थाका स्वेच्छित र स्वजनले डोलीमा बोकी पुऱ्याइएको मर्स्याङ्दी नदीका (बायाँ किनारको) को सतीघाट गाईथुनेका अर्धजलाशय-ग्रहणका र प्राणत्यागका वर्णनमा विशेष मर्मस्पर्शी छ ।

नरेन्द्रकृत प्रस्तुत भानुभक्तीय जीवनवृत्तपरक ग्रन्थको दशौँ अध्यायमा खोजकर्ता र समीक्षकका गहिराइबाटभन्दा एक जीवनीपरक साहित्यस्रष्टाका ज्ञानको सरसरती किसिमको र कहीँ सुसूचित मसिनो ज्ञान पनि भएको मिश्रित कोणबाट भानुभक्तीय ठूलासाना कृतिप्रति प्रायः श्रद्धामूलक र कतिपय सूचनासन्दर्भपरक भानुभक्तीय अवलोकन उनले प्रस्तुत गरेका छन् । यहाँ उनले विशेषतः भानुभक्तको 'गजाधर सोतीकी घरबुढि' भनी सुरु हुने श्लोकका कविताप्रति ऐतिहासिक र वर्तमानयुगीन अनि नारीपरक कोणबाट पनि हेरेका छन् र यहाँ उनले देखाएको सन्तुलिततायुक्त प्रस्तुति चाखलाग्दो छ । साथै यहाँ उनले भानुभक्तको 'वधूशिक्षा' लघुकाव्य कृतिको बारे चर्चाको क्रममा भानुभक्तीय 'वधूशिक्षा'का मोतीराम भट्ट, विष्णुमाया, बाबुराम आचार्य, नरनाथ आचार्य आदिले छपाएका 'वधूशिक्षा'का परम्परागत पाठमा 'हाँस्नू छैन कदापि नारिहरूले' भनी सुरु हुने श्लोकका पूवार्द्धका प्रथम र द्वितीय चरण वा पहिलो र दोस्रो पङ्क्तिमा परेका 'वेश्या' शब्दका दुई पटकका प्रयोगका सट्टामा प्रा.डा.व्रतराज आचार्य (पूर्ववत् २०५८, २०७० र २०७१)बाट पाठान्तर प्रस्तुत भएकोबारे चर्चा गरेको पाइन्छ । व्रतराजद्वारा प्रस्तुत भएको 'वधूशिक्षा'को उपर्युक्त पाठका 'हाँस्नू छैन कदापि नारिहरूले' भनी सुरु हुने श्लोकका ती स्थलमा (र तिनको आधारस्वरूप लेखोटमा पनि) 'वैश्या' र 'वैश्या' अनि 'वैश्यै' र 'वैश्या' आदि भएकोमा नरेन्द्रले व्रतराजद्वारा खोजपूर्वक प्रस्तुत नयाँ लेखोटको

पाठमा देखा पर्न आएको पाठगत संशोधनको निहितार्थका बारेमा, भानुभक्तकै परम्परागत प्रचलित पाठगत दृष्टिकोणमा भानुभक्तकै स्वहस्ताक्षरका लेखनमा संशोधन आएको हो कि कुनै लेखोटकारका कारणले पाठभेद हुन आएको हो भनी प्रश्नशील जिज्ञासा अन्तर्व्यक्त गरेको पाइन्छ । साथै उक्त भानुभक्तीय परम्परागत पाठमा हाँस्ने नारीलाई पहिलो पङ्क्तिमा 'वेश्या' भनी दोस्रो पङ्क्तिले त्यसलाई स्वयम् केही मत्थर पारेको हुँदाहुँदै स्वयम् भानुभक्तकै सम्बन्धित परम्परागत 'वधूशिक्षा'गत पाठभन्दा भिन्न उक्त नयाँ पाठ भेटिँदा भानुभक्तले नारीलाई 'वेश्या' नभनी 'वैश्या' भनेका पो रहेछन् भनी पाठकसमाजमा सकारात्मक प्रभाव पर्ला कि या वैश्या (हिन्दू चार वर्णमध्ये वैश्य जातिकी स्त्री) लाई हियाएको भाव आउला भन्ने नरेन्द्रको प्राश्निक जिज्ञासा पनि यहाँ तिक्खर छ र असहमतिमा कडै रूपमा प्रस्तुत हुने नरेन्द्रका विशेष व्यक्तिवैशिष्ट्यका दाँजामा यहाँ नरेन्द्रको प्रस्तुतिको भङ्गिमा वजनपूर्ण र लोचपूर्ण वा लचकयुक्त नै छ भने यसमा नेपाली विद्वान्हरूले पनि ससन्दर्भ प्राज्ञिक विचारविमर्श गर्दा बेसै होला जस्तो मलाई लाग्दछ ।

नरेन्द्रकृत यसै ग्रन्थको एघारौँ परिच्छेद चाहिँ शीर्षकअनुरूप भानुभक्तको त्यस जन्मकुण्डली र तत्सम्बन्धी अरू चर्चासँग सम्बन्धित छ जुन विष्णुमायाकृत 'भानुभक्त मणिमाला' (१९९८) ग्रन्थमा रङ्गनाथ शर्माको 'परिचय' भनिएको कथन र सूचनास्रोत (तथा विष्णुमायाका आयोजन) को 'कविपरिचय'का सुरुमा दिइएको भानुभक्तको भनिएको जन्मकुण्डलीपछि स्वयम् भानुभक्तले बनाएको भनिएको आफ्नै ग्रह, नक्षत्र आदिको जन्मलग्नकुण्डलीगत अवस्थितिको वर्णन गरिएको कविताको विमर्शसँग पनि जोडिएको पाइन्छ । यहाँ विशेषत: निबन्धकार नरेन्द्रको निबन्धकारिताको एक अंश रहेको मिही व्यङ्ग्यप्रहसित चेत पनि अलिकति मुछिएको छ तर यहाँ अन्तिमत: नरेन्द्रले, अरू हामी सबैले जस्तै, 'भानुभक्त मणिमाला'बाट प्राप्त गरेको भानुभक्तीय

जन्मको सौरमानअनुसारको तिथिमिति (१८७१ असार २९) लाई भने केही उहापोहसहित स्वीकार नै गरेको पाइन्छ ।

प्रस्तुत नरेन्द्रकृत भानुभक्तीय जीवनवृत्तपरक ग्रन्थको मूल पाठका बाह्रौँ परिच्छेदमा भानुभक्तको वंशावली दिइएको छ । मोतीराम (१९४८) देखि नै भानुभक्तको वंशविस्तारको एक प्रकारको आरेखीकृत प्रस्तुति सुरु भएकोमा उत्तरवर्ती या परवर्तीहरूबाट पनि त्यसको थप विस्तार र अद्यावधिकरण हुँदै आएको पाइन्छ भने यहाँ नरेन्द्रले भानुभक्तका एक खनाति समाजसेवी र साहित्यसेवी श्रीभक्त आचार्यलाई स्रोतव्यक्ति तुल्याएको पाइन्छ र नरेन्द्रद्वारा यहाँ केवल भानुसन्ततिमै केन्द्रित सन्दर्भमा केही थप जानकारी थपिएको पनि छ ।

अवश्य नै प्रस्तुत नरेन्द्रकृत यस कृतिमा भानुभक्तीय जीवनी, कृतित्व र अन्य सन्दर्भसँग जोडिएका कतिपय न्यायदृष्टिपरकभन्दा पक्षदृष्टिपरक विवादग्रस्तता, अनुकल्पना र आग्रह तथा विषमप्राय: विवादग्रस्तताका अन्तर्बौद्धिक चाप र तापका अप्ठ्याराले सृजनात्मक, मनोहारी तथा मानकनिकट जीवनीविधागत सृजनात्मक कृतिमा अपेक्षित जीवनवृत्तको रोचक एवम् सौष्ठवपूर्ण सिर्जनामा जीवनीकार नरेन्द्रलाई केही सकस परिरहेको छ । तर यी चुनौतीलाई एक सृजनशील जीवनीकारका रूपमा यिनले सकेसम्म समाधान खोज्दै वस्तुगत सन्तुलिततातर्फ र कहिलेकता यो वा त्यो पक्षमा पनि रहेर अनि जटिल अन्तर्विवादका सन्दर्भलाई पादटिप्पणी दिई राखेर पनि आफ्ना सृजनात्मक जीवनीलेखनका शैलीलाई सक्दो उकास्न सृजनात्मक प्रयास गरेको पाइन्छ ।

•

अनुष्ठानिक सूची भनी अनुशिष्ट सामग्रीका रूपमा भानुभक्तको हस्तलिपि र भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिरलगायत मोतीराम भट्ट, पं.रमानाथ आचार्य र विष्णुमायाका तस्बिर पनि स्रोतसहित दिइएको पाइन्छ र यो प्रयास बेसै ठहर्छ । मोतीराम

भट्टले आफ्ना उपर्युक्त जीवनचरित्रग्रन्थमा दिएको भानुभक्तको रेखाचित्रात्मक फोटो (छविचित्र) भने भानुभक्तका आकृति आदिबारे अरूका बयान सुनेर मोतीरामद्वारा तयार गराइएको हो भन्ने अभिमतकै पक्षमा नरेन्द्र रहेका छन् । नरनाथ आचार्य आदिले मोतीरामद्वारा प्रस्तुत फोटो भानुभक्तको फोटो नै हो भनी व्यक्त गरेका धारणासँग भने नरेन्द्र असहमत छन् । त्यसपछि यहाँ अपेक्षाकृत अलि सजिलो ढङ्गले तर लेखक वर्णानुक्रमिक अलि सरल स्वढाँचामा नरेन्द्रद्वारा आफ्नो कृतिगत सन्दर्भस्रोत दिइएको पाइन्छ जसले नरेन्द्रको प्रस्तुत ग्रन्थ तयार पार्दाको अध्ययनको परिधितर्फ सङ्केत गर्दछ ।

समुच्चा रूपमा भन्दा नरेन्द्रको यो 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति आदिकवि भानुभक्तप्रतिको र भानुभक्तका कृति र कवित्वप्रतिको नरेन्द्रको उच्च श्रद्धाभाव र आफूले पढेका सन्दर्भसामग्री र मोटामोटीमा बनाइएका धारणाका योगबाट जन्मेको भानुद्विशतवार्षिकीको पुण्य अवसरको मुख्यत: जीवनीपरक श्रद्धापुष्पोपहार नै हो । भानुभक्तका जीवनीगत र कृतिगत तथा अरू विभिन्न विषयको शास्त्रार्थस्थलभन्दा सक्दो सन्तुलित ढङ्गले भानुभक्तीय सरल र सरस जीवनवृत्तको सिर्जना गर्ने प्रयास नै यो नरेन्द्रकृति मुख्य रूपमा हो र यो रुचिशील सुधी नेपाली पाठकहरूका निमित्त अति नै मिहिनेतपूर्वक उनीद्वारा सिर्जना गरिएको मैले पाएँ । भानुभक्तका जीवनी, कृति र कवित्वशक्ति आदिबारे सूचना, जानकारी र ज्ञानको सरल बोधपक्षसँगै सरस जीवनीसृजनको बीचमा मैले यो नरेन्द्रकृति पाएँ । यस कृतिका अनेक स्थलमा नरेन्द्रका अध्ययनशीलताका र पर्याप्त संयमित प्रस्तुतिगत प्रयासका साथै मुख्यत: उनका जीवनीलेखनका पाठकोन्मुख सिर्जनात्मक धार र भावरचना तथा शैलीगत प्रस्तुतिका भङ्गिमा र बान्कीबाट यहाँ बढी म पुलकित भएको छु । धेरैले नेपालका शैक्षिक, साहित्यिक र शोधात्मक तथा बौद्धिक र समीक्षात्मक कोणबाट भानुभक्तका जीवनवृत्तबारे थुप्रै

लेख, शोधलेख, शोधप्रबन्ध र विचारोत्तेजक तथा पाण्डित्यपूर्ण पनि ठूलासाना अनेकौँ महत्त्वपूर्ण कृति प्रस्तुत गरेका छन् र तिनका आआफ्ना महिमा र शक्ति तथा स्वाभाविक सीमा एवम् न्यायदृष्टि र पक्षदृष्टि पनि छन् भने यो नरेन्द्रकृति चाहिँ मोतीराम भट्टपछि नेपाली साहित्यका रसिक भावकगणका रुचिशील सरस, रोचक र घतलाग्दो साहित्यिक सृजनात्मक चेतसमेत भएको अनि खास शास्त्रार्थीय र अन्तर्बौद्धिक परिचय कम रहेको एकअर्को भानुजीवनवृत्त पाउने विलम्बित सिर्जनात्मक आकाङ्क्षालाई निकै अंशमा परिपूर्ति दिन सक्ने किसिमको अर्को नयाँ साहित्यिक भानुजीवनी ग्रन्थ हो । यहाँ नरेन्द्रले भानुभक्तका जीवनी, कृति आदिसँग सम्बन्धित विशेष छलफल र उद्धरणलाई सकभर पृष्ठगत पादटिप्पणीमा दिई भानुभक्तीय सरल जीवनी पढ्न चाहने पाठकलाई पनि ध्यानमा राखेको म ठान्दछु । यहाँ नरेन्द्रको मूल सोचकेन्द्रमा प्रथम भानुजीवनीकार मोतीराम भट्ट नै हुन् र प्रायः मोतीरामेली भानुजीवनलाई नरेन्द्रले मानक ठानेजस्तो पनि देखिन्छ ।

नेपाली भाषा र साहित्यका प्रवर्द्धनका यात्रामा २०४० साल यताको समयसन्दर्भमा 'समयुगीन मोतीराम' भन्ने चिनारीसमेत बनाएका नरेन्द्रराज प्रसाईले भानुजीवनका अनेक मोतीरामेली र अरू स्थापनाका मर्मलाई पनि मनोयोगपूर्वक चिन्ने र खोतल्ने अनि परिमित समीक्षा गर्ने प्रयास यहाँ गरेको पाइन्छ । निश्चय नै भानुजीवनीका अध्ययन र मननका यात्रामा प्रस्तुत नरेन्द्रराज प्रसाईका कृतिले आफ्नो अलग सोच र सान्दर्भिकतासमेत स्थापित गर्न सकेको छ र यो अर्को अध्येय र मननीय अभिनव भानुजीवनी कृति हुन पुगेको छ । रुक्खा तर्कवितर्कभन्दा सरस प्राञ्जल र सुरुचिपूर्ण गद्यशैलीमा जीवनी लेख्ने विशिष्ट शैलीकारिताका निम्ति पनि प्रसिद्ध रहेका नरेन्द्रराज प्रसाईले भानुजीवनका तथ्यपरक अनेक नव ऊहापोह र चिरफारप्रति पनि धैर्यपूर्ण रुचि राख्दै परिमित खोजीपरक प्रवृत्तिसमेत यहाँ आत्मसात्

गरेको पाइन्छ र त्यो भानुजीवनीका अद्यावधिक सन्दर्भमा एक नव सृजनात्मक प्रतिमान हुनाका साथै आगामी अध्ययनका निम्ति पनि पर्याप्त उत्प्रेरक हुन सक्ने बलियो सम्भावना छँदै छ । म भानुद्विशतवार्षिकीका पुण्यसन्दर्भमा प्रकाशित नरेन्द्रराज प्रसाईकृत यस भानुजीवनीलाई द्विशताब्दीक भानुसम्झना महापर्वको एक अवसरोचित विशिष्ट साधनापूर्ण प्रदान पनि मान्दछु ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित ‘भानुभक्त आचार्यको जीवनवृत्त’ नामक जीवनीकृतिका अनेक वैशिष्ट्यमध्येको एक मुख्य वैशिष्ट्य मोतीराम भट्टले १९४८ सालमा प्रकाशित गरेको ‘कवि भानुभक्ताचार्यको जीवनचरित्र’को झन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुन आएको अर्को सृजनात्मक भानुजीवनी कृति हुनाको गौरवी पहिचान पनि हुँदै हो । जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनी कृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ । यसको मानकताको मियो चाहिँ मोतीरामको शोध तथा अनुकल्पना र समीक्षणतासँगै अन्त:प्रवाहित सरस रोचक जीवनीसृजनका प्राप्तिमध्ये खास गरी सरस अन्तर्भाव र रोचक शैली तथा प्रस्तुतिको मोती–मतनिकट उत्तराधिकारप्राप्ति नै हो भन्ने म ठान्दछु । साथै भानुजीवनीको इतिवृत्तका सन्दर्भमा मोतीरामका स्थापना र परिमितिप्रति विशेष आस्थाभाव राख्ने र अनेक परवर्ती मतान्तर प्रति प्राय: असहमति रहेर पनि प्रचलित मान्यतालाई व्यवहारत: प्राय: मान्ने तर तिनमा आन्तरिक कमजोरीतर्फ इङ्गित गरिरहने एक प्रकारको आत्मदृढता पनि यहाँ नरेन्द्रराजले देखाएको पाइन्छ । यस तात्पर्यमा पनि उनको भानुजीवनी लेखन मोतीरामका मानकका नजिक देखा पर्छ ।

यिनै अन्तर्निहित परिवृत्तका परिधिमा मोतीराम भट्टको ‘कवि भानुभक्तको जीवनचरित्र’मा अन्तर्निहित रहेका दुई थरी मूल प्रवृत्तिगत

अन्तरपाटाहरू यी हुन्– (क) आधारभूत खोजकारी र कहिलेकहीँ श्रव्यमूलक भानुकविताको लेख्य अङ्कनमा कतैकतै चुकेर र तनहुँको र त्यहाँको चुँदीरम्घालगायतको स्थानीय र समयुगीन सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशको वृत्तसँग प्राय: कम परिचित रहेर चुक्नसमेत सक्ने अवस्था ठाउँठाउँमा रहनु तर भानुभक्तीय कृतिका समीक्षकीय पारखमा नचुक्नु र (ख) त्यस्तो स्थिति कहीँकतै रहे पनि प्राय: सरस, रुचिकर र रोचक प्रस्तुति तथा शैलीले युक्त गद्यमूलक सिर्जनात्मक जीवनीलेखन गर्नु । मोतीरामका भानुजीवनीगत यी दुई अन्तरपाटामध्ये पहिलोचाहिँ खोजकारी र अनुकल्पनाकारी अनि कृतित्वको पारखी अन्तरपाटोभन्दा मुख्यत: सिर्जनशील, सरस र रोचक तथा मीठो प्रस्तुति तथा शैलीकारिताले युक्त गद्यसृजनाको दोस्रो चाहिँ पाटाको विशेष अनुसरणशील जीवनीकारका रूपमा यहाँ मैले नरेन्द्रलाई विशेष मन पराएको छु ।

भानुजीवनवृत्तपरक यो नरेन्द्रकृत ग्रन्थ यिनै पूर्वोक्त शक्ति र परिसीमाका बीच नेपाली वाग्देवीका चरणमा र आदिकवि भानुभक्तलाई उनका द्विशतवार्षिक सम्झनाका महापर्व, २०७१ सालमा प्रसिद्ध नेपाली जीवनीकार नरेन्द्रले चढाएको एक उच्च पुष्पोपहार कृतिका रूपमा आएको छ भन्ने म ठान्दछु । नरेन्द्रकृत यस 'भानुभक्त आचार्यको जीवनवृत्त' लाई उपर्युक्त मोतीराममेली शोधखोजकारी र समीक्षाकारी अन्तरपाटोभन्दा सिर्जनात्मक रम्य रुचिकर शैली र प्रस्तुतिको अन्तरपाटाका निकटमानकमा आएको अद्यावधिक निकै रुचिकरजस्तो लेखन भएको पठनीय र सङ्ग्रहणीय किसिमको अर्को भानुजीवनीपरक कृतिका रूपमा म बढी मान प्रदान गर्दछु । अब हामीले एकातर्फ भानुभक्तीय कृतित्व र कवित्वका सघन अध्ययन र समीक्षणमा उत्तरोत्तर प्रगतिमय तथा प्राप्तिमय गुणवत्तायुक्त अनेक ग्रन्थ रचना गर्दै जानु छ भने सँगसँगै अर्कातर्फ ज्यादा विवाद र शास्त्रार्थभन्दा स्वस्थ सन्तुलित खासखास जीवनीगत मानकधारणाका प्रतिमानमा

टेकी साहित्यिक र साहित्यप्रेमी नेपाली बृहत् भावक तथा पाठकसमाजप्रति विशेष उन्मुख र मैत्रीशील अत्यन्त रोचक र रुचिकर भानुजीवनीपरक ग्रन्थहरूको पनि उत्तरोत्तर स्तरीय नव सिर्जन र प्रकाशन गर्दै भानुसाहित्यप्रतिका नेपाली लोकरुचिको पोषण र प्रवर्द्धनसमेत गर्दै जानु छ । यस क्रममा यस भानुजीवनी कृतिलाई आगामी संस्करण (हरू) मा नरेन्द्रराजले अऊ मानकनिकट र स्तरीय तथा अऊ सुन्दर मनोहारी चिरीचिट्ट पुतलीस्वरूपको लोकाकर्षणशील र विचारगत आधार तथा सिर्जनात्मकताका दुवै दृष्टिबाट विशिष्ट कृतिका रूपमा क्रमश: विकसित गर्दै जाने साधना गर्दै रहनु बेस हुने शुभकामनायुक्त अपेक्षा पनि म यहाँ प्रकट गर्दछु ।

**• प्रा.डा.वासुदेव त्रिपाठी**

# सर्वाधिक गहकिलो र विश्वसनीय कृति

नरेन्द्रराज प्रसाई आधुनिक नेपाली साहित्यको विगत चार दशक (वि.सं. २०३०) यताको परम्परामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा नेपाली भाषासाहित्यका सृजनात्मक लेखन एवम् समालोचनात्मक अध्ययनका परम्परालाई सुदृढ र समुन्नत बनाउन पूर्णकालीन सक्रियताका साथ समर्पित साधकका रूपमा सुपरिचित छन् । उनको त्यो साधना नेपाली भाषासाहित्यप्रति उनका हृदयमा रहेका निष्ठा, श्रद्धा र स्नेहद्वारा आप्लावित रहेको छ । उनी नेपाली भाषाको साहित्यिक परम्परामा एकातर्फ सशक्त कलमवीर सर्जकका रूपमा निरन्तर क्रियाशील देखा पर्छन् भने अर्कातर्फ संस्थागत सङ्गठित अभियानको सुसञ्चालनद्वारा नेपाली साहित्यको विकासरथलाई कुनै खाल्डोमा नफस्ने गरी सावधानीका साथ हाँक्ने कुशल सारथिको भूमिका वहन गर्नामा पनि अच्युत देखिन्छन् ।

मौलिक सृजनात्मक लेखन र संस्थागत साहित्यिक अभियानको सञ्चालनका दोहरै जिम्मेवारी समालेर प्रसाईले आफूलाई पूर्णकालीन साहित्यसाधक बनाइदिएका छन्; आजीविकाका निम्ति उनले अर्थोपार्जन हुने खालको अर्को पेसाव्यवसायको अवलम्बन गरेको कुरो यस पङ्क्तिकारलाई थाहा छैन । उनी पूर्णत: नेपाली साहित्यका सृजन र समुन्नयनका गतिविधिमा तल्लीन देखा पर्दछन् । उनका त्यसै साहित्यिक तप: साधनाको एक परिणामी प्राप्ति यो **भानुभक्त आचार्यको जीवनवृत्त** हो ।

नरेन्द्रराज प्रसाईले आफ्ना व्यक्तिगत सृजनकार्यसँगै जनस्तरीय प्रज्ञाप्रतिष्ठान, प्रकाशन गृह र साहित्यिक निकेतनहरूका संस्थापन र सञ्चालनमा महत्त्वपूर्ण क्रियाशीलताका साथ अग्रणी भूमिका खेलेको देखिन्छ । यस्ता साहित्यिक संस्थाका सङ्गठित अभियानको बागडोर स्वयम् समाली नेपाली साहित्यका जीवित प्रतिभारत्नहरूको पहिचान गर्ने र तिनको यथोचित सम्मानका निम्ति पहलकदमी लिई राज्यस्तरबाट र जनस्तरबाट पनि स्रोतसाधनका साथै व्यापक समर्थन पनि बटुली आफ्नो अभियानलाई सफलताका शिखरमा पुऱ्याइछाड्ने सङ्गठक प्रतिभाका रूपमा उनी प्रसिद्ध भइसकेका छन् । त्यसै गरी नेपाली साहित्यका दिवङ्गत महान् प्रतिभाको पहिचान गर्ने, तिनका नाममा पुरस्कार आदिको स्थापना गर्ने र तिनका जन्मशताब्दी, द्विशतवार्षिकी आदिजस्ता समारोहलाई राज्यस्तरबाट र जनस्तरबाट पनि स्रोत समर्थन जुटाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा सङ्गठित रूपमा सुचारु ढङ्गले सञ्चालन गरी सफलतामा पुऱ्याइछाड्ने बृहत् योजनाको परिकल्पना र कार्यान्वयनमा उनी सधैँ व्यस्त र अचुक पनि देखिन्छन् ।

नेपाल सरकारले राज्यस्तरबाट 'आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह समिति' गठन गरी त्यसका सल्लाहकारको भूमिका प्रसाईलाई दिएको र उनले पनि आलङ्कारिक नभई कार्यकारी सल्लाहकारका रूपमा अग्रणी भूमिका खेली एक कुशल सङ्गठक र सशक्त लेखकका रूपमा समेत आफूलाई प्रतिष्ठित तुल्याएका छन् । साथै उनका त्यसै सशक्त लेखक व्यक्तित्वको नवीनतम उपलब्धि नै प्रस्तुत **भानुभक्त आचार्यको जीवनवृत्त** हो ।

नरेन्द्रराज प्रसाई नेपाली साहित्यमा संस्थागत साहित्यिक अभियानका अग्रणी सङ्गठकका रूपमा जति प्रसिद्ध छन् त्यसकै हाराहारीमा उनी नेपाली साहित्यका गीतिकविता विधाका साथै खास गरी आख्यानेतर साहित्यिक अन्य विधा र जीवनी विधाको

परम्पराका सशक्त हस्ताक्षरका रूपमा विख्यात छन् । उनले नेपाल राष्ट्र र नेपाली जातिका गौरवमय इतिहासमा ज्ञान, कर्म, सृजना आदिजस्ता विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गरी महत्त्वपूर्ण योगदान गर्ने महान् व्यक्तित्वहरूलाई चिनी छानी तिनको जीवनीमाथि गहन, विस्तारित र प्रामाणिक प्रकाश पारी सम युगका र आउँदो युगका नेपालीहरूलाई सही पाठ पढाउने एवम् गतिलो ऊर्जायुक्त पोषण प्रदान गर्ने सकारात्मक भूमिका खेलेका छन् । उनले नेपाली संस्कृति, भाषा, साहित्य, कलासङ्गीत, समाजसेवा र राजनीतिजस्ता क्षेत्रमा लागि निष्ठापूर्ण ढङ्गले साधना गर्ने र महत्त्वपूर्ण योगदान पुऱ्याउने अनेकौँ व्यक्तित्वहरूका साहित्यिक वा प्राज्ञिकमध्ये जुन उपयुक्त हुन्छ सोही प्रकारको जीवनी लेखी स्वयम्का निम्ति गौरवमय र अन्यका निम्ति प्रेरणास्पद कार्य गरेका छन् । उनले गरेको त्यस्तै गौरवमय र प्रेरणास्पद अद्यावधिक कार्य हो– **भानुभक्त आचार्यको जीवनवृत्त** ।

'आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह समिति'ले नेपालका राष्ट्रिय विभूति जातीय एकताका प्रतीक आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोहलाई २०७०-०७१ र २०७१-०७२ सालमा समेत निरन्तर भव्यतापूर्वक मनाउने निर्णय गरी त्यसअन्तर्गत केही चाहिँ तात्कालिक महत्त्वका भानुभक्तप्रतिका स्मृति, श्रद्धा आदि व्यक्त गरी स्वराष्ट्र तथा स्वजातिका निम्ति सत्कार्य गर्नुपर्छ भन्ने प्रेरणादायी खालका कार्यक्रमहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सम्पन्न गर्ने ध्येय लियो भने केहीचाहिँ चिरस्थायी महत्त्वका बौद्धिक प्राज्ञिक कार्य गर्नुपर्छ भन्ने लक्ष्य पनि तय गऱ्यो । प्रस्तुत **भानुभक्त आचार्यको जीवनवृत्त** र **भानु विमर्श** ग्रन्थ भानुभक्त आचार्यबारे गरिएका प्राज्ञिक अध्ययनमूलक शाश्वत महत्त्वका बौद्धिक उपलब्धि हुन् । नरेन्द्रराज प्रसाईले यी दुवै ग्रन्थका लेखन, सम्पादन र प्रकाशनका सबै पक्षमा आवश्यकतानुसार आफ्नो समय, श्रम एवम् बुद्धि खन्याएका

छन् र उनैका बौद्धिक लेखनको नवीन उपलब्धिका रूपमा यो **भानुभक्त आचार्यको जीवनवृत्त** सार्वजनिक हुन पुगेको छ ।

नरेन्द्रराज प्रसाईले हाम्रा आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका अवसरमा गरेको नवीनतम महत्त्वपूर्ण प्राज्ञिक योगदानको प्राप्ति प्रस्तुत **भानुभक्त आचार्यको जीवनवृत्त** हो भन्ने मलाई लाग्दछ । युवाकवि मोतीराम भट्टले लेखेको **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (वि.सं. १९४८) नै ऐतिहासिक रूपमा प्राय: प्रामाणिक र केही अनुमान कल्पनामिश्रित प्रथम भानुजीवनीका रूपमा विख्याात छ भने त्यस यताका विगत सवा शताब्दीका बीच भानुजीवनीका विभिन्न घटनासन्दर्भलाई उल्थ्याउने र केलाउने प्रयासहरू निकै भए पनि र केही भानुजीवनी लेखएका देखिए पनि तथ्यनिष्ठ, प्रमाणसिद्ध एवम् तर्कसङ्गत रूपमा भानुभक्त आचार्यका जीवनबारे प्रकाश पार्ने खासै उल्लेख्य प्रयास भएका देखिएनन्; बरु केही तथ्य बङ्ग्याउने र बटार्ने चेष्टा आचार्य वंशीहरूबाटै भएका देखिए । यस परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाईले भानुभक्त आचार्यका सबै कृतिको अध्ययन र भानुभक्तका जीवनीसँग सम्बद्ध सबै पूर्वाध्ययनहरूको सूक्ष्म अवलोकनका आधारमा आफ्नो मेधाशक्तिको प्रचुर उपयोग गरी यो **भानुभक्त आचार्यको जीवनवृत्त** तयार पारेका छन् ।

प्रसाईले लेखेको प्रस्तुत भानुजीवनी प्राज्ञिक प्रकृतिको नव उपलब्धि बन्न गएको छ; किनभने उनले यसमा भानुजीवनीका कतिपय अशोधित पक्षलाई वस्तुनिष्ठ तथ्य, ठोस प्रमाण र अकाटच तर्कको उपयोगद्वारा शोधन गरी सत्यापन गर्ने बौद्धिक पथको अनुसरण गरेका छन् । यस जीवनमा प्रसाईले पुराना प्रतिभाहरूका जीवनीलाई कसरी वस्तुनिष्ठ, प्रमाणसिद्ध र तर्कसङ्गत रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने पथनिर्देश गर्नुका साथै आदिकवि भानुभक्त आचार्यको जीवनीबारेका कतिपय सूचनाको नवीन प्राज्ञिक प्रतिपादन

एवम् संस्थापन गरिदिएका छन् र यस दृष्टिले प्रसाईले लेखेको यो भानुजीवनी मोतीराम भट्टको भानुजीवनीपछिको सर्वाधिक गहकिलो र विश्वसनीय कृति बन्न गएको छ । यस्तो कार्यले समयुगका र आउँदो युगका नागरिकहरूमा स्वराष्ट्र र स्वजातिको गौरव बढाउने खालको प्रेरणा थपिने र ऊर्जा भरिने अनि आफ्नो राष्ट्र र जातिका महान् प्रतिभाहरूलाई चिन्नेचिनाउने, बुझ्नेबुझाउने र तिनका प्रति श्रद्धासम्मानको भाव राख्ने सकारात्मक अभिवृत्तिको विकास भई उच्च मूल्ययुक्त जीवनसंस्कार बस्न जाने हुन्छ । नरेन्द्रराज प्रसाईलाई उनले गरेको यस सत्कार्यका निम्ति म उनका प्रति हार्दिक बधाई ज्ञापन गर्दछु !

वास्तवमा कुनै पनि स्रष्टाको जीवनी उसको व्यक्तिगत विवरण मात्र नभई उसले आफ्ना उमेरगत जैविक अन्तर्विकासका क्रममा प्रातिभ, मानसिक र बौद्धिक-वैचारिक ऊर्जा-क्षमताको आर्जन गर्दै राष्ट्रिय सांस्कृतिक-सामाजिक परम्परा र त्यसका समयुगीन परिप्रेक्ष्य अनि युगीन अन्तर्राष्ट्रिय वातावरणसन्दर्भसँगको सम्बन्धसमेतको बृहत् परिप्रेक्ष्यलाई प्रत्यक्षाप्रत्यक्ष रूपमा आत्मसात् गरी रच्न पुगेको साहित्यिक कृतित्वको अन्तर्बाह्य पूर्वापर क्रम र सहसम्बन्धको समष्टि रूपरेखा पनि हो । यी सम्पूर्ण कुरालाई र सन्दर्भित हुन आउने अन्य कतिपय पक्षलाई पनि दृष्टिगत गरी कुनै पनि स्रष्टाको जीवनीगत रूपरेखालाई तार्किक सरणिमा व्यवस्थित तुल्याई प्रामाणिक र विश्वसनीय रूपमा प्रस्तुत गर्नुलाई अति महत्त्वपूर्ण प्राज्ञिक योगदानका रूपमा लिने गरिन्छ । नरेन्द्रराज प्रसाईले नेपाल राष्ट्र र नेपाली समाजका निम्ति उल्लेखनीय योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरूको जीवनीलेखनका क्रममा जहाँ यसभन्दा अगि तथ्यनिष्ठता र आत्मगत हार्दिक रागात्मकताको मिश्रणमय प्राय: साहित्यिक शैलीको अवलम्बन गरेको भेटिन्छ, त्यही यस **भानुभक्त आचार्यको जीवनवृत्त**मा चाहिँ तथ्य एवम् तर्कमा आधारित बौद्धिक

समीक्षात्मक जीवनीलेखनका प्राज्ञिक पथतर्फको नव अभिमुखता लिएको देखिन्छ । उनी प्राज्ञिक जीवनीलेखनका यस नव पथतर्फ पनि गतिशीलताका साथ अगि बढ्दै गई सफलताका शिखरमा पुग्नेछन् भन्ने सङ्केत प्रस्तुत कृतिले दिएको छ । म उनका जीवनीलेखनयात्राको उत्तरोत्तर समृद्धिका निम्ति हृदयत: शुभकामना व्यक्त गर्दछु । शुभकामना !

**• प्रा.डा.महादेव अवस्थी**

# भानुभक्तमाथि ऐतिह्य तथ्यहरु

जीवनीलेखन अत्यन्त दुष्कर कार्य हो । साहित्यका अरू विधाजस्तो कल्पनाको स्वच्छन्द उडानबाट जीवनी लेखिँदैन । जीवनी लेखक एकातिर व्यक्तिको इतिहास वा जीवनवृत्तान्तसँग परिचित हुनुपर्छ भने अर्कातिर उसमा जीवनीनायकका इतिवृत्तलाई भावनाका रङहरूले रङ्गाउँदै साहित्यका रूपमा पाठकसमक्ष प्रस्तुत गर्ने सृजनात्मक सामर्थ्य पनि हुनुपर्दछ । जीवनीकार जीवनीनायकका जीवनमा परिघटित सत्यतथ्यहरूप्रति निष्ठावान् हुन सकेन भने सच्चा जीवनी लेखिँदैन । जीवनी लेखनका नाउँमा व्यक्ति जीवनका परिघटनाहरूको क्रमबद्ध प्रस्तुतिमा मात्र केन्द्रित हुन खोज्दा त्यस्तो कृति केवल व्यक्तिको इतिहास बन्न पुग्ने खतरा त्यत्तिकै रहन्छ । त्यसैले व्यक्ति जीवनका सत्यतथ्यसँग सुपरिचित अनि तिनको रागात्मक रूपान्तरणमा समर्थ स्रष्टा मात्रै सच्चा जीवनीकार बन्न सक्छ ।

जीवनी साहित्यका उपर्युक्त आधारभूत अभिलक्षणहरूलाई समेटेर सन्तुलित किसिमले जीवनी लेख्ने परम्परा नेपाली साहित्यमा त्यति समृद्ध छैन । व्यक्तिका विगत जीवनका ऐतिह्य तथ्यहरूलाई समेटेर वस्तुपरक ढङ्गले जीवन इतिहास तयार पार्ने दिशामा अनेक प्रयत्नहरू भएका छन् भने व्यक्ति जीवनसँग सम्बद्ध यथार्थ तथ्यहरूको खोजतलास गर्नुभन्दा समाजमा प्रचलित किंवदन्तीहरूलाई आधार बनाई जीवनकथा जोडजाड पार्ने प्रयासहरू पनि हुँदै आएका छन् । यसले गर्दा 'सच्चा जीवनचरित्र' सृजनाका हाम्रा आकाङ्क्षा र उपलब्धिका बीच त्यति

सन्तुलन कायम हुन सकेको देखिँदैन । जीवनी लेखनका निम्ति सम्बद्ध व्यक्तिका जीवनमा घटेका घटनाहरू वा उसले भोगेबेहोरेको जीवनका सत्यतथ्यहरूको अन्वेषण र सङ्कलन आवश्यक छ र तिनै सत्यतथ्यहरूका आधारमा व्यक्ति जीवनको पुन: सृजनका प्रक्रियामार्फत जीवनी कृति तयार हुन्छ । त्यसैले पनि जीवनी लेखकका अगाडि अनेक चुनौतीहरू विद्यमान छन् ।

•

नेपाली भाषामा साहित्यिक जीवनी लेखनको परम्परा प्रारम्भ भएको सवा सय वर्ष पुगिसकेको छ । आजभन्दा लगभग एक सय पच्चीस वर्षअघि नेपाली साहित्यका अग्रज स्रष्टा भानुभक्तलाई विषयवस्तु बनाएर सर्वप्रथम मोतीराम भट्टले साहित्यिक जीवनी लेखनको जग बसालेका थिए । त्यही जगमा उभिएको नेपाली जीवनी साहित्य विधागत यात्राका विभिन्न घुम्तीहरू पार गर्दै आजसम्म आइपुगेको छ र यस बीचमा अनेकौँ लेखकहरूले आआफ्ना रचनामार्फत यस विधालाई सृजनात्मक उचाइमा पुऱ्याउने चेष्टा पनि गर्दै आएका छन् ।

•

नेपाली साहित्यमा जीवनी सृजना परम्पराको उपर्युक्त सवा सय वर्षको पछिल्लो चरणमा जीवनी लेखनमा क्रियाशील सर्जकहरूमध्ये एक नरेन्द्रराज प्रसाई (२०१२ : हाङपाङ, ताप्लेजुङ) हुन् । आधुनिक नेपाली जीवनी साहित्यका सुपरिचित स्रष्टा प्रसाईले बितेका तीन दशकदेखि निरन्तर जीवनी रचनाहरू लेख्दै आएका छन् । हालसम्म उनका ५०० वटाभन्दा बढी संक्षिप्त र दुई दर्जन जति विस्तारित जीवनी कृतिहरू पाठकसमक्ष आइसकेका छन् ।

आफ्नो चार दशक लामो सृजनायात्रामा नरेन्द्रराज प्रसाईले नेपाली सामाजिक सांस्कृतिक अभियानमा समर्पित अनेक व्यक्तित्वका जीवनकथालाई संक्षिप्त एवम् अत्यन्त विस्तृत आकार र आयाममा

प्रस्तुत गरेर तिनका सत्कर्म र योगदानलाई लिपिबद्ध तुल्याउँदै आएका छन् । आआफ्ना कुल र वंश मिलाएर, आआफ्ना फेट र फाँट मिलाएर, आआफ्ना चिन्तन र विचार मिलाएर मात्र होइन; नेपाली वाङ्मयका जोसुकै साधकहरू र तिनका योगदानहरूको कदर गर्दै जीवनचरित्रको निर्माण गर्ने कार्यमा प्रसाईले खेलेको भूमिकाको विशिष्ट महिमा छ । प्रसाईले जीवनी लेख्नका निम्ति चयन गरेका व्यक्तित्वहरू एवम् उनको लेखन र प्रस्तुति शैली अनि उनका विचार र धारणाहरूसँग असहमत हुन सकिन्छ । तर पनि बितेका तीन दशकका अन्तरालमा प्रसाईले नेपाली सामाजिक सांस्कृतिक जगत्का प्रतिष्ठित व्यक्तित्वहरूका जीवनी लेखेर तिनका योगदानको जेजस्तो सम्झना र सम्मान गर्दै आएका छन् र तिनका जीवनकथालाई लिपिबद्ध गर्ने जेजस्तो दु:साध्य सृजनकर्म गर्दै आएका छन्, त्यसप्रति नतमस्तक हुनै पर्छ । त्यसैले नरेन्द्रसँग विमति राख्नेहरूले पनि उनले गरेको यस कार्यको प्रशंसा गर्दै आएका छन् । आफ्ना निकटवर्ती एवम् शक्ति र शासनका वरिपरि मण्डली मार्ने र तिनैका स्तुतिगानमा रमाउने दुराग्रहबाट मुक्त नभई नेपाल राष्ट्र, नेपाली जाति र नेपाली संस्कृतिलाई माथि उचाल्न कम्मर कसेर आफ्नो जीवन समर्पण गर्ने साधनाशील व्यक्तित्वका जीवनकथालाई साहित्यिक संसारमा आलोकित गर्न पक्कै पनि सकिँदैन र यो एउटा चुनौतीपूर्ण कार्य नै हो । तर यसै चुनौतीलाई सहजतासाथ स्वीकार गर्दै प्रसाईले जीवनी लेखनलाई आफ्नो सृजनात्मक कर्मको प्राथमिकतामा राख्दै आएका छन् र दशकौँदेखि यसै क्षेत्रमा आफूलाई समर्पित गर्दै आएका छन् ।

•

नेपाली जीवनी साहित्यका परम्परामा जीवनीकार नरेन्द्रराज प्रसाईको पछिल्लो जीवनीकृति 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रकाशनमा आइपुगेको छ । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीको शुभ अवसर पारेर तयार गरिएको यस

जीवनीकृतिको विशेष मूल्य र महत्त्व रहेको छ । नेपाली साहित्यका आदिकवि भानुभक्तको जीवनकथाका बारेमा आजसम्म विभिन्न लेखकहरूले कलम चलाइसकेका छन् र यिनका वैयक्तिक तथा साहित्यिक जीवनमा घटेका घटनावलीसँग सम्बद्ध असम्बद्ध अनेक तथ्यहरू पनि पाठकसमक्ष आएका छन् । यस क्रममा नेपाली साहित्यिक संसारमा भानुभक्तले आफ्ना युगीन पृष्ठभूमिमा सृजना गरेका रचनाहरू र तिनले दिएका योगदानको विवेचना गर्ने लेखकीय परम्परा अत्यन्त सबल र सघन बन्दै आएको छ । तर यसबीचमा भानुभक्तको लेखकीय जीवनलाई विषय बनाएर जीवनकथाको रचना गर्न रहर गर्नेहरूले चाहिँ सत्यतथ्यका नाउँमा नानाभाँती जल्प र वितण्डाहरूलाई अगि सारी आआफ्ना सङ्कीर्ण आग्रहहरूलाई पाठकसमक्ष प्रस्तुत गर्ने प्रयत्न गरेको देखिन्छ । उता भानुभक्तका रचनामा केवल भक्ति, नीति र स्तुतिको कुनिउँ लागेको आरोप पनि यिनले नेपाली साहित्यको आधुनिक कालमा निकै खेप्तै र खप्तै आएका छन् । यस स्थितिमा भानुभक्तका बारेमा धेरैजसो चर्चामा आइसकेका तथ्य र सूचनाहरूको संश्लेषण गर्दै प्रसाईले निष्पक्षतापूर्वक यो जीवनी कृति तयार पारेका छन् ।

नरेन्द्रराज प्रसाई भानुभक्तको जीवनचरित्र लेख्दा पक्कै पनि भानुभक्तसम्बन्धी पूर्वाध्ययनहरूबाट पर्याप्त प्रभावित एवम् अनुप्राणित छन् र त्यहाँ भए गरेका तर्कवितर्कबाट पनि उनको अन्तश्चेतना प्रभावित छ । यति हुँदाहुँदै पनि प्रसाईले भानुभक्तबारे ऐतिह्य तथ्यहरूलाई आफ्नो तीन दशकसम्म विस्तारित जीवनी सृजनाको अनुभवले सिँगार्दै यो जीवनवृत्त प्रस्तुत गरेका छन् । यस क्रममा प्रसाईले भानुभक्तको जीवनका वृत्तान्तहरूलाई अरूभन्दा पृथक्, अत्यन्त सरल, रोचक एवम् कलात्मक शैलीमा प्रस्तुत गर्ने मौलिक सामर्थ्य यस कृतिमा स्पष्ट देखाएका छन् । यति मात्र होइन; यस कृतिमा प्रसाईको जीवनीकार ठाउँठाउँमा शोधकर्ता, समालोचकजस्तो पनि बन्न पुगेको छ ।

नरेन्द्रराज प्रसाईद्वारा लेखिएको यस जीवनवृत्तमा भानुभक्तको जीवनकथासँग जोडिँदै आएका कतिपय तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुभक्तले जिएको जिन्दगीका नयाँ परिघटनाहरूतर्फ सङ्केत पनि गरिएको छ । यसमा भानुभक्तीय जीवनचरित्रको चर्चाका क्रममा देखापरेका तर परस्पर बाझिएका कतिपय तथ्यहरूको सम्परीक्षण र परिमार्जन गरिएको छ । त्यसैले पनि यस जीवनवृत्तले पाठकहरूलाई नयाँ स्वाद त दिन्छ नै यसबाहेक यो अरूभन्दा भिन्नै र नयाँ पनि बन्न पुगेको अनुभव हुन्छ ।

नरेन्द्रराज प्रसाईले तयार पारेको यो जीवनवृत्त पढ्दा अझै पनि भानुभक्तको जन्ममितिदेखि उनको कृतित्वका बहुविध पक्षहरूसँग जोडिएका प्रसङ्गहरू यथार्थ, अनुकल्पना र आग्रहका चापमा पर्दै आएको देखिन्छ । तर पनि आजभन्दा पुगनपुग सवा सय वर्षअगि मोतीरामले आफ्ना अग्रज भानुभक्तका बारेमा नि:स्वार्थ भावले जेजस्ता जीवनतथ्यहरू अगाडि सारे ती सबै अब नेपाली सृजना संसारमा अविस्मरणीय जस्तै भइसकेका छन् । त्यसैले भानु द्विशतवार्षिकी सम्पन्न भइसक्दा पनि भानुभक्तका जीवनतथ्यहरूबारे अनावश्यक तर्कवितर्क गरिरहनुको कुनै औचित्य छैन भन्ने दृष्टिकोण पनि जीवनीकार प्रसाईले यस जीवनवृत्तमा प्रस्तुत गरेका छन् ।

'भानुभक्त आचार्यको जीवनवृत्त' सामान्यदेखि उच्च बौद्धिक तहका पाठकसम्म पठनीय एवम् रुचिपूर्ण बन्न सकोस् भन्ने प्रसाईको चाहना रहेको छ । त्यसैले भानुभक्तको जीवनसँग जोडिएका र नेपाली समाजमा मिथकजस्तै बनिसकेका कतिपय घटना सन्दर्भहरूका पक्षविपक्षमा तर्कवितर्क र वादविवाद गर्दागर्दै पनि नेपाली भाषासाहित्यको श्रीवृद्धिमा आफ्नो जीवन समर्पण गरेका भानुभक्तप्रति प्रसाईले हृदयदेखि नै श्रद्धा, आस्था तथा सद्भाव र सम्मान प्रकट गरेका छन् । आजका सिर्जनशील स्रष्टाहरूमा पनि भानुभक्त जस्तै सौन्दर्यको अविश्रान्त आराधना गर्ने प्रेरणा पैदा होओस् र नेपाली

राष्ट्रिय सांस्कृतिक अभियानलाई गतिशीलता प्रदान गर्न हामी सबै निरन्तर आआफ्ना सृजकर्ममा लाग्न सकौँ भन्ने प्रसाईको सद्भाव र लेखकीय प्रयास प्रशंसनीय छ ।

'भानुभक्त आचार्यको जीवनवृत्त' सँगसँगै नरेन्द्रराज प्रसाईले आफ्नो सृजनायात्रामा अर्को एक पाइला चालेका छन् र नेपाली जीवनी साहित्यको भण्डारमा अर्को एउटा नयाँ खुड्किला थपेका छन् । यस सुखद अवसरमा जीवनीकार प्रसाईलाई आफ्ना पूर्वज र अग्रज स्रष्टाहरूबाट 'सच्चा जीवन चरित्र' लेख्ने शुभ आशीर्वाद प्राप्त भइरहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**• प्रा.केशव सुवेदी**

**सिभिल होम्स**
**चन्द्रागिरि नगरपालिका– २३**
**तिनथाना, काठमाडौँ**

# लेखकीय

भाषाको दिव्य शैलीमय दृढ जगमा रामको सच्चरित्र
पक्की गारो बनाई उपर गजुरमा भक्ति राखी पवित्र
हाम्रो साहित्यको यो महलकन खडा गर्नमा अग्रगण्य
उत्साही भानुभक्त प्रिय कविवर हुन् लोक सम्पूज्य धन्य !

**• कविशिरोमणि लेखनाथ पौड्याल**

आदिकवि भानुभक्त आचार्य नेपाली जनजिब्रोमा झुन्डिएको प्रिय नाउँ हो । विश्व परिवेशमा उभिएर यदि कुनै एक जना मात्र नेपालीको नाउँ फ्याट्टै भन्नुपर्ने भयो भने प्राय: कुनै पनि नेपालीले भानुभक्त भनिदिन्छ । वास्तवमा यस पृथ्वीमा रहेका नेपाली मनले भानुभक्त आचार्यलाई नेपाली भाषाको एकताका केन्द्रको रूपमा स्वीकार्ने गर्छन् । त्यसैले नेपाली संसारमा भानुभक्त घरघरका खोपादेखि बैठकसम्म र स्कुल कलेजदेखि सभा सम्मेलनसम्मका श्रद्धेय महापुरुष बने । उनी कस्ता, कत्रा र कति थिए भन्नुको प्रमाणस्वरूप नाटचसम्राट् बालकृष्ण समले लेखे– "भानुभक्त ध्रुवताराझैँ अचल रहे । त्यसैले म भन्छु 'भानुभक्त केही होइनन् तर उनी नेपाली भाषाका परमात्मा हुन् ।"

नेपाली भाषासाहित्यमा जनताको मन छुने उत्कृष्ट काव्यकारिताको औपचारिक आरम्भ भानुभक्त आचार्यबाट नै भएको हो । हुन त उनीभन्दा अघि पनि नेपाली भाषा चलनचल्तीमा आएको थियो । तर जब नेपाली भाषामा उनको 'रामायण'को उपस्थिति भयो, त्यसपछि नै नेपाली भाषाले कविता र काव्यका स्तरमा क्रमश:

जनप्रियता बटुल्न थाल्यो अनि नेपाली भाषामा रामायणका प्रवर्तक भानुभक्तलाई जनमनले आदरपूर्वक आत्मसात् गर्न थाल्यो ।

नेपाली भाषा र भानुभक्तका बीच अन्योन्याश्रित सम्बन्ध गाँसिन गयो जसले गर्दा यिनको मर्यादा गर्नु भनेको नेपाली भाषाको मर्यादा गर्नु ठहरिन थाल्यो । जनमाझ सम्पूज्य भएकै कारण संस्थागत र समूहगत रूपमा यिनको जयन्ती मनाउने प्रथा पनि बस्दै आयो । सर्वप्रथम भारतको दार्जिलिङमा २००३ सालमा भानुजयन्ती मनाइएको थियो । सर्वहितकारी समाजका मोतीचन्द्र प्रधानको सभापतित्वमा पहिलोपल्ट दार्जिलिङका नेपाली भाषाप्रेमीहरूले भानुजयन्ती मनाएका थिए । त्यसपछि २००४ सालदेखि नेपाली साहित्य सम्मेलनले हरेक वर्ष भानुजयन्ती मनाउँदै आयो । नेपालको धरानमा पनि २००३ सालमा पहिलो चोटि भानुजयन्ती मनाइएको थियो । त्यसपछि नेपालका विभिन्न भूभागमा कहिले कता र कहिले कता गरेर बीचबीचका केही वर्ष बिराएर पनि भानुजयन्ती मनाइएको पाइन्छ । साथै २०१० साल असार २९ गते गोपाल पाँडे 'असीम'ले नेपाली शिक्षा परिषद्का माध्यमबाट कविशिरोमणि लेखनाथ पौड्यालको सभापतित्वमा भानुजयन्ती मनाएको जानकारी भेटिन्छ । त्यसपछि पनि यही संस्थाले गोपाल पाण्डे 'असीम'को नेतृत्वमा निरन्तर रूपमा बर्सेनी भानुजयन्ती मनाउने गऱ्यो । त्यसै रीतले भानुजयन्तीले क्रमश: नेपालभित्रका सम्पूर्ण भूभागमा विभिन्न प्रकारका संस्थाको आयोजनामा जरा गाड्न थाल्यो ।

आदिकवि भानुभक्त आचार्य एउटा वंश, एउटा गोत्र र एउटा जातको अनि कुनै एक भूगोलको पेवाबाट मुक्त भएर सर्वव्यापक एवम् साझा भइसकेका छन् । आधुनिक कालमा उनी नेपाल सरकारबाट राष्ट्रिय विभूतिमा पनि अभिलिखित भए । उनको लेखनीको जरामा फैलिएर आज नेपाली भाषा राजमार्गमा उभिन सकेको छ । त्यसैले पनि उनको मान गर्नु भनेको नेपाली भाषालाई मान गर्नुका साथै

नेपाली परम्परा, संस्कृति र इतिहासको समेत सम्मान गर्नु मानिन्छ । आजको नेपाली राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशमा भानुभक्त सारा नेपाली जातिका साझा व्यक्तित्वका रूपमा स्थापित भएका छन् ।

आदिकवि भानुभक्तको श्रद्धा, महिमा र गरिमा नेपाली संसारमा फैलिएको यथार्थ इतिहासमा स्वर्णाङ्कित छ । नेपाली भाषाका स्रष्टाहरू त भानुभक्तलाई शिरकै ताज ठान्दछन् अनि शास्त्रीय छन्दमा कविता लेख्ने स्रष्टाहरूले यिनलाई कविताको परमेश्वर नै मान्दछन् । यसै क्रममा पं.धरणीधर शर्मा कोइरालाले भानुभक्तप्रति समर्पित भाव धारा खन्याए :

**हे भानुभक्त, अनुरक्त छ जाति सारा,**
**तिम्रा सुधासरि मिठा पढि वाक्य धारा,**
**तिम्रा मिठा मधुर काव्यकला निमित्त,**
**आजन्म देश रहनेछ कृतार्थ चित्त ।**

•

भानुभक्त भन्नु नेपालका राष्ट्रिय गौरव हुन् । यो राष्ट्रिय मर्यादाको अभिवृद्धिमा समाहित हुनु भनेको खास गरेर हामी भाषा साहित्यसेवीको प्रमुख दायित्व नै हो । यसै पृष्ठभूमिमा नेपाल सरकारले यस प्रयोजनका लागि एक करोड रुपियाँ विनियोजन गरेर भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह मनाउने निर्णय गर्‍यो । सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुशील घिमिरेको अध्यक्षतामा भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको गठन गरेको थियो । साथै सरकारद्वारा उक्त समितिको उपाध्यक्षद्वयमा इन्दिरा प्रसाई र प्रा.डा.महादेव अवस्थीलाई मनोनयन गरियो भने कार्यकारी सदस्यहरूमा प्रा.डा.उषा ठाकुर, गणेश रसिक र श्रीओम श्रेष्ठ 'रोदन' मनोनीत गरिए । मन्त्रालयका सहसचिव भरतमणि सुवेदी यस बृहत् कार्यक्रमका सदस्यसचिवमा नियुक्त भए । साथै सो केन्द्रीय समितिमा शताब्दी पुरुष डा.सत्यमोहन जोशी,

प्रा.डा.वासुदेव त्रिपाठी, डा.मोदनाथ प्रश्रितका माग्ऱमा म पनि सल्लाहकार मनोनीत भएर औपचारिक रूपमा मैले पनि आदिकवि भानुभक्त आचार्यको मन, वचन र कर्मले सेवा गर्ने अवसर पाएको थिएँ भन्दा मलाई थप गर्व लाग्नु स्वाभाविकै हो ।

•

नेपाल सरकारबाट गठित भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका निम्ति निर्धारित राशिले पुग्ने अनेक काम भए । सरकारी निकायबाट सम्पन्न भएको यस समारोहले उच्चतम सफलता कसरी प्राप्त गर्न सक्यो भन्ने प्रश्न पनि जनमानसमा उठेको हो । त्यस प्रश्नको उत्तरका लागि उक्त बेलाको आन्तरिक कुरा प्रस्तुत गर्नु आवश्यक छ । तर यस लेखकीयमा कतिपय सीमाबद्धताका कारण उक्त समारोहको पृष्ठभूमिका केही कुराहरू मात्र प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ भन्ने मलाई लागेको छ । वास्तवमा भानु द्विशतवार्षिकी समारोहका सबैजसो कामको महत्त्वपूर्ण जिम्मेवारीमा कार्यकारी स्वरूपको सल्लाहकारमा रहेर मैले आफ्नो भूमिका निर्वाह गर्न पाउनु मेरो साहित्यसेवाको एउटा अर्को उपलब्धि थियो । म उत्साहित भएर यसै कार्यमा समर्पित भइरहेँ । यो काम नसकिन्जेल म प्राय: हरदिन सिंहदरबार परिसरभित्र रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा जान्थेँ र भानुभक्तीय योजना र कार्यक्रममा आफ्नो समय नि:शुल्क खर्च गर्थें । मलाई लाग्दथ्यो– यो भानुभक्तको काम हो, नेपाली भाषा र साहित्यको एक महान् अनुष्ठान हो । यस काममा मन्त्रालयका राष्ट्रसेवक कर्मचारीहरू सुरेन्द्र सापकोटा, तुलसीराम अर्याल, जयराम श्रेष्ठ, जयन्ती श्रेष्ठ, विनोद गौतम, करुणा महर्जन, मुक्ति भण्डारी, रश्मि तामाङ, सम्झना पुडासैनी र सङ्गीता चौधरीको खटाइ पनि अति नै प्रशंसनीय थियो । वास्तवमा यी कर्मचारीहरूले यस कार्यका सिलसिलामा कहिले पनि साँझ, बिहान र घामपानी भनेनन् । भानुभक्तविषयक काम भनेपछि उनीहरूभित्र उत्साह पैदा

भएको मैले धेरै चोटि अनुभव गरेको थिएँ । त्यसैले पनि हामीले यो महायज्ञलाई सफलतापूर्वक सम्पन्न गरेका थियौँ ।

नेपाल सरकारले भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिमार्फत देशदेशान्तरमा भव्य कार्यक्रम गरी मनाउने योजना बनायो । त्यसै सिलसिलामा नेपालका १४ अञ्चलमा पनि भानुभक्त द्विशतवार्षिकी समारोह समिति गठन भयो । साथै विश्वका नेपाली भाषी रहेका २५ राष्ट्रमा पनि त्यहाँ रहेका नेपाली साहित्यकारलाई संयोजक (अध्यक्ष) मनोनीत गरेर सरकारले भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति गठन गरेको थियो । नेपाली भाषासाहित्यको इतिहासमा सरकारी स्तरमा यति व्यापक र यति ठूलो आधिकारिक सङ्गठनात्मक संरचनासहित साहित्यिक कार्य भएको पनि सायद यही नै पहिलो हुनुपर्छ । अहिलेको सङ्क्रमणकालीन नेपालमा यस्तो व्यापक परियोजना पनि सरल रूपमा सफल हुनुलाई मैले नेपाली भाषासाहित्यको एउटा थप विजय मानेको छु । त्यति मात्र होइन; नेपाल सरकारबाट गठित भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिबाट देशदेशान्तरका नेपालीहरूलाई 'भानुभक्त प्रज्ञा पुरस्कार' (१० जना), 'भानुभक्त पुरस्कार' (१७५ जना जति), 'भानुभक्त स्वर्णपदक' (झन्डै ५०० जना) 'भानुभक्त काव्य पुरस्कार' (२४ जना), 'भानुभक्त निबन्ध पुरस्कार' (१० जना), 'भानुभक्त चित्रकला पुरस्कार' (९ जना) र गरी विश्वभरिका ७०० भन्दा बढी वाङ्मयसेवीहरूलाई भानुभक्त पुरस्कार र स्वर्णपदक समर्पण गरिएको थियो । सङ्ख्यात्मक रूपमा नेपाल सरकारले देशदेशान्तरमा यति धेरै नेपाली साहित्यकारहरूलाई सम्मानित गर्नु स्वयम् नै एक ठूलो घटना हुँदै हो ।

•

आज यस बेला मैले खिलराज रेग्मीको अध्यक्षतामा गठित अन्तरिम मन्त्रिपरिषद्प्रति पनि कृतज्ञता जाहेर गर्नैपर्ने हुन्छ । तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामकुमार श्रेष्ठ तथा

सचिव सुशील घिमिरेमा नेपाली भाषामोह भएको मैले त्यसै बेला चाल पाएको थिएँ, जुन बेला नेपाल सरकारले अत्यन्तै सकारात्मक ढङ्गबाट भानुभक्त द्विशतवार्षिकी समारोह समितिको गठन गरेको थियो । त्यस ऐतिहासिक निर्णयका कारण पनि श्रेष्ठ र घिमिरेलाई नेपाली भाषाका भक्तहरूले धन्यवाद अर्पण गर्नैपर्ने हुन्छ ।

•••

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकीका आयोजनाका बारेमा खास ढाँचा, विधि र स्वरूपको परिकल्पना मैले गरेको थिएँ भन्न पनि मलाई यहाँ असान्दर्भिक लागेको छैन । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी देशभरि र संसारभरि नै मनाउने मेरो योजना, सोच र परिकल्पना थियो । मेरो यस दृष्टिकोणलाई सार्थक पार्न मैले नइ प्रकाशन र त्रिमूर्ति निकेतनलाई शिरमा राखेँ र म अघि सरेँ । नइ प्रकाशन र त्रिमूर्ति निकेतनको पनि आग्रह, अनुरोध र सिफारिसमा नेपाल सरकारले 'भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति'को गठन गरेको बेहोरा यहाँ उल्लेख गर्नु मैले सान्दर्भिक ठानेको छु । यस महायज्ञलाई मूर्तरूप दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुशील घिमिरेको महत्त्वपूर्ण भूमिका जोडिएको बेहोरा नेपाली साहित्यको इतिहासले बिर्सन मिल्दैन ।

भानुभक्त आचार्यको जन्मको २०० औँ वर्षजयन्ती अर्थात् द्विशतवार्षिकी मनाउने मेरो परिकल्पनाको मूर्तरूप हुने सङ्केत मैले क्रमश: देख्न थालिसकेको थिएँ । नेपाल सरकारद्वारा आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी कार्यविधि अर्थात् निर्देशिका २०७० पास भएपछि 'अब राम्रो काम हुने भयो' भनेर म ढुक्क भएको थिएँ । उक्त कार्यविधिको प्रारम्भिक संरचनाको खाका कोर्ने काम पनि मैले गरेको थिएँ । वास्तवमा मैले भानुभक्त द्विशतवार्षिकी देशविदेशमा मनाउनुपर्ने सोच २०६६ सालदेखि नै बनाएको थिएँ ।

२०६५–०६६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकीका अवसरमा त्रिमूर्ति निकेतनले प्रथम 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन'को भव्य र ऐतिहासिक समारोह आयोजना गरेको थियो । उक्त सम्मेलन भव्यतापूर्वक सफल भएकाले र त्यसको पाँच वर्षभित्रै आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी आइपुगेकाले त्यसै बेलादेखि मनभित्रभित्रै मेरो उत्साह बढिरहेको थियो । नेपाली भाषासाहित्यका आधुनिक गजुर महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी त्यति भव्यताका साथ मनाइसकेपछि आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी राष्ट्रिय गौरव अभिवृद्धि हुने गरी मनाउनुपर्छ भन्ने सपना मैले त्यस बेला देखेको थिएँ । मेरो त्यस सपनाका साक्षी शताब्दीपुरुष डा.सत्यमोहन जोशी, डा.मोदनाथ प्रश्रित र इन्दिरा प्रसाई रहेको बेहोरा उल्लेख गर्नु पनि मैले आफ्नो कर्तव्य सम्झेको छु । त्रिमूर्ति निकेतनका अध्यक्ष इन्दिरा प्रसाई, त्रिमूर्ति निकेतनबाट गठित महाकवि देवकोटा शताब्दी महोत्सवका अध्यक्ष डा.मोदनाथ प्रश्रित र प्रथम 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन'का संयोजक डा.सत्यमोहन जोशीले देवकोटा शताब्दी महोत्सवका अवसरमा गरेको योगदान नेपाली भाषासाहित्यको इतिहासमा स्वर्णिम रहनेछ । यी व्यक्तित्वहरूको होस्टे र त्यस सम्मेलनका स्वागत समारोह समितिका संयोजक मुक्तकसम्राज्ञी उषा शेरचनको हैँसेले त्यस बेला पनि हाम्रो योजना अत्यन्तै सार्थक भएको थियो । खास गरेर यी चार जना स्रष्टाहरूको आड पाएर म त्यस महायज्ञको समिधामा चरु हवन गर्न अग्रसर भएँ । वास्तवमा ती सबै अनुभवहरूबाट म खारिँदै जान थालेँ र त्यसै पृष्ठभूमिमा मैले आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोहको सपना बुन्न थालेको हुँ । वास्तवमा मेरो त्यही सपना साकार बनाउने क्रममा नेपाल सरकारले आयोजना गरेको भानुभक्त द्विशतवार्षिकी समारोहको सफलताका लागि म उच्च उत्साहका साथ विशेष श्रद्धापूर्वक अहोरात्र लागिपरेको थिएँ । आफूले देखेको सपनालाई आफ्नै विशेष सक्रियतामा सरकारी बजेट र योगदानमा

पूरा गराउन सेवा र समय अर्पित गर्न पाउनुलाई मैले मेरो साहित्यिक जीवनको अर्को विशेष उपलब्धिका रूपमा लिएको छु । त्यसैले मेरो सपना साकार पार्न मलाई मौका दिने अनि यस कार्यमा संलग्न राष्ट्रसेवक कर्मचारी मित्रहरू र साहित्यिक मान्यजन तथा मित्रहरूप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

• •

मैले माथि नै भनिसकेको छु; नेपाल सरकारले मेरो योजनालाई वरिष्ठ साहित्यिक व्यक्तिहरूसमेतका सहभागितामा उपयुक्त ठह-याई देशदेशान्तरमा भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको गठन गरेको थियो । अनि रातोदिन लागिपरेर यो एउटा ऐतिहासिक, मर्यादित र विशिष्ट कार्यक्रम पनि सफलताका साथ सम्पन्न गर्न म खटेको थिएँ । नेपालको अहिलेको धमिलो परिस्थितिमा सरकारी काम गर्न कति गाह्रो हुन्छ भन्ने बेहोरा सर्वविदितै छ । तर पनि जति नै बिघ्नबाधा मेराअघि तेर्सिए पनि म काम गर्न पछि परिनँ । कहिलेकाहीँ त नआत्तीकन मैले एक्लै पनि त्यो कार्यसञ्जालको गाडा ठेलिरहेँ ।

एउटा अर्को प्रसङ्ग फेरि पनि मलाई एकपटक दोहो-याउन मन लागेको छ; तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामकुमार श्रेष्ठ र मन्त्रालयका सचिव सुशील घिमिरेलगायत सहसचिव भरतमणि सुवेदी, उपसचिवद्वय जयराम श्रेष्ठ र तुलसीराम अर्याल, शाखा अधिकृत जयन्ती श्रेष्ठसमेत त्यहाँका राष्ट्रसेवक कर्मचारीको सहयोगमा मैले त्यो गह्रौँ भारीलाई पनि सहज पारेर बिसाएको थिएँ ।

•

भानुभक्त आचार्य द्विशतवार्षिकीको त्यो विराट् काम गरेर मध्यान्तरमा आइपुगिसकेपछि नेपाल सरकारले तयार गरेको 'आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी कार्यक्रम सञ्चालन निर्देशिका

(२०७०)' तथा सम्पूर्ण योजना र कार्यक्रम भत्काउन, बिगार्न र असफल पार्न भित्र र बाहिरका केही व्यक्तिको समूहले मलाई सशक्त रूपमा आक्रमण गर्न थालिसकेको थियो । त्यो आँधीहुरी तथा भेलबाट जोगिन र त्यो बृहत् योजना जोगाउन त्यसघडी मलाई महाभारत भइसकेको थियो । वास्तवमा मैजारोतिर आइपुगेपछि सम्पूर्ण कामलाई गर्ल्यामगुर्लुम भत्काउने अभिप्रायले चारैतिरबाट मलाई घेरी ऱ्याखऱ्याख्ती पार्न खोजिएको थियो । तर अनेक तरिका अपनाएर मैले त्यो डरलाग्दो युद्धमा विजय हाँसिल गरेको थिएँ ।

•

भानुभक्त आचार्य द्विशतवार्षिकीका ठूलाठूला कामदेखि झिनामसिना कामसम्ममा मैले आफ्नो गच्छेअनुसारको दृष्टि ओछ्याएर हिँडी रहनुपऱ्यो । यसै परिवेशमा मुख्य समारोहको प्रमुख अतिथि सरकार प्रमुख नै भए कार्यक्रमको गरिमा वृद्धि हुने थियो भन्ने मनसायमा म लागेको थिएँ । तर त्यस बेलासम्म मेरो भावनालाई बुझ्ने मन्त्री रामकुमार श्रेष्ठका ठाउँमा भीम आचार्यको आसन जमिसकेको थियो । त्यसैले आचार्य नै त्यस समारोहको प्रमुख अतिथि हुनुपर्छ भन्ने बेहोरामा मन्त्रालयका राष्ट्रसेवक कर्मचारीहरू पुगिसकेका थिए । तर सरकारप्रमुख नै भानु द्विशतवार्षिकी मुख्य समारोहको प्रमुख अतिथि हुनुपर्ने मेरो दृढ धारणा थियो । वास्तवमा भीम आचार्यलाई साहित्य, कला र संस्कृति कुन चराको नाउँ हो भन्ने समेतको सामान्य ज्ञानै पनि रहिन रहेछ भन्ने त्यति खेरसम्ममा मलाई ज्ञात हुन थालिसकेको थियो । यी बेहोरा पनि जोडिएर यो पवित्र समारोहमा उनलाई प्रमुख अतिथिबाट कसरी पर सार्ने भन्ने चिन्तामा मेरो हृदय छटपटाइरहेको थियो । अचानक मेरो मनमा त्यसै बेला एउटा विचार फुऱ्यो । त्यो कुरा मैले मन्त्री आचार्यलाई भनेँ– “भानुभक्त आचार्य द्विशतवार्षिकी हाम्रो जीवनकालमा हामीले देख्यौँ, भोग्यौँ । तपाईं आफै आचार्य खलक पनि हुनुहुन्छ र सन्जोगले अहिले विभागीय

मन्त्री हुनुभएको मौका पनि परेको छ । हामीले पृथ्वीभरिका ५०० जना नेपाली वाङ्मयसेवीलाई भानुभक्त स्वर्णपदकले सम्मान गर्ने उद्देश्य राखेका छौँ । त्यसैले तपाईंले पनि यो विशिष्ट पदक लिनु उपयुक्त हुनेछ भन्ने मलाई लागेको छ ।" मेरा कुरा सुनेर उनी खुसी भए । अनि संस्कृति मन्त्री भीम आचार्यको नाउँ पनि मैले 'भानुभक्त स्वर्णपदक' पाउनेहरूकै सूचीमा अभिलिखित गरिदिएँ । त्यसपछि मैले उनलाई भनेँ– "आफ्नै मन्त्रालयद्वारा आयोजित समारोहमा आफैँ प्रमुख अतिथि भएर आफैँले हस्ताक्षर गरेको प्रशस्तिपत्रसहितको स्वर्णपदक लिन त्यति शोभनीय नहोला कि ! त्यसैले यस समारोहको प्रमुख अतिथिका लागि चाहिँ सरकार प्रमुखलाई अनुरोध गर्नु पर्ला !" मेरो यस प्रस्तावमा पनि आचार्यको सहमति भयो । समारोहको अवसर भनौँ असार २९ गते प्रधानमन्त्री सुशील कोइराला मुलुक बाहिर हुने बेहोरा मलाई विदितै थियो । त्यसैले कार्यवाहक प्रधानमन्त्री वामदेव गौतमलाई प्रमुख अतिथिका लागि अनुरोध गर्ने मैले सोच बनाइसकेको थिएँ । यसरी हामीले नेपाली भाषा साहित्यलाई माया गर्ने गौतमकै प्रमुख आतिथ्यमा २०७१ साल असार २९ गतेको त्यो भव्य, शालीन र गरिमामय समारोहको आयोजना सम्पन्न गरेका थियौँ ।

•

नेपाली भाषासाहित्यका विभूति आदिकवि भानुभक्तप्रतिको श्रद्धासुमन चढाएर लेख्न पनि भाग्य चाहिन्छ । त्यही अहोभाग्य मैले पनि पाएको छु । भानुभक्त आचार्यको द्विशतवार्षिकीका यसै सन्दर्भमा नेपाली भाषाको सेवक भएका नाताले मैले पनि 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रस्तुत गरेँ ।

'भानुभक्त आचार्यको जीवनवृत्त' लेख्ने क्रममा मैले पाएसम्मका भानुभक्त विषयक कृति अध्ययन गरेर आफ्नो पारा, शैली र गच्छे अर्पण गरेको छु । कतिपय कपोलकल्पित कुराहरूको पनि खण्डन

गर्न म विवश भएको छु । अथवा भनौँ, भानुभक्त आचार्यबारे आजसम्म प्रकाशित जीवनीका प्रसङ्गहरूलाई परिमार्जित, विश्वसनीय र परिष्कृत बनाउने मैले प्रयास गरेको हुँ । मेरो जीवनीलेखनको साधनाका अनुभवहरू यसमा खन्याउन मैले सक्तो बल गरेको छु । आदिकवि भानुभक्त आचार्यबारे विगतमा भएका, गरेका र गराइएका त्रुटिलाई सकेसम्म संशोधन गर्नेतिर र विशेष विश्वसनीय तथा मान्य निर्क्योलतर्फ डोऱ्याउन पनि मैले आफूलाई उभ्याएको छु ।

भानुभक्त आचार्यबारे खोजी गरेर मोतीराम भट्टले सर्वप्रथम जीवनी लेखे । तर पछि भानुभक्तकै नातागोता र अरूले भानुभक्तको जीवनीबारे चाहिने नचाहिने गरी उधिन्न थाले । त्यसपछि उनको जीवनीमा पनि अनेक असङ्गतिहरूको पनि माच बन्दै जान थाल्यो । उनको जीवनीमा प्रथमत: अनेक तथ्यगत तरलता देखिए तापनि पछिपछि र धेरैपछि झन्नैझन्नै एकै प्रकारका घटनाक्रम प्रस्तुत हुन खोजेको पनि पाइन्छ । यसै परिवेशमा भानुभक्तबारे पाठकले कुन कुरा पत्याउने र कुन कुरा नपत्याउने भन्ने स्थितिको सृजना पनि हुन थाल्यो । सूर्यविक्रम ज्ञवालीको सम्पादन र नेपाली साहित्य सम्मेलन दार्जिलिङले प्रकाशित गरेको 'भानुभक्त स्मारक ग्रन्थ'मा गुरुप्रसाद मैनालीले भानुभक्तबारे कुनै प्रमाणिक जीवनी पाइँदैन भनेर १९९७ सालमा नै ठोकुवा गरेका थिए । त्यस बेहोरालाई अझैसम्म पनि जटिल अवस्थामा उभ्याइराखिएको पाइन्छ ।

•

'भानुभक्त आचार्यको जीवनवृत्त' नेपाल सरकारसँग नइ प्रकाशनको सम्झौता र आर्थिक सौजन्यमा प्रस्तुत भएको जीवनी कृति हो । यो कृति यसरी प्रकाशन भएकोमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयप्रति म अनुगृहीत छु ।

•

नेपाली भाषासाहित्यका खास गरेर समालोचनाफाँटका वर्तमान युगका शङ्कराचार्य प्रा.डा.वासुदेव त्रिपाठीसँग मेरा केही दृष्टिकोणहरू मिल्दैनन्; तर हामीमाञ्ज सैद्धान्तिक र व्यावहारिक मत जेजस्तो भए तापनि नेपाली भाषासाहित्यमा म उनको पछिपछि हिँड्ने एउटा चेलो नै हुँ भन्ठान्छु । खास गरेर भानुभक्त विषयसन्दर्भमा डा.त्रिपाठीको गहिरो सोच, दृष्टिकोण र चिन्तन भएका कारण म त्रिपाठीको ओत लाग्न पुगेँ । त्रिपाठीकै बलियो छाता ओडेर नै म प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' बोकेर हिँड्दै छु । वास्तवमा यस कृतिको ओजपूर्ण भूमिका लेखनका लागि त्रिपाठीप्रति म अनुगृहीत छु ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीद्वारा प्रस्तुत कृतिमा लेखिएको भूमिकाको पनि एउटा रोचक प्रसङ्ग छ । यस कृतिको गातामा राख्नका लागि डा.त्रिपाठीसमक्ष 'सङ्क्षिप्त आशिर्वचन पाऊँ' भनेर मैले अनुरोध गरेको थिएँ । उहाँलाई मैले यस कितापको कम्प्युटर प्रिन्ट हात लगाएको चारपाँच महिनामा उहाँले त भूमिका नै लेखिरहनु भएको मलाई आभास भयो । यस बेहोराले म सारै खुसी भएँ । त्यसपछि भूमिका लिन म उहाँका घरमा घरिघरि गइरहेँ । भोकतीर्खे बिर्सेर महाकवि लक्ष्मीप्रसाद देवकोटाको लेखिरहने बानी थियो भन्ने मैले सुनेको थिएँ । डा.त्रिपाठी पनि अहोरात्र भूमिकामा नै डुबेर लेखिरहनुभएको प्रसङ्ग मेरा लागि आश्चर्यकै विषय भयो । त्यही बीचमा उहाँ दुई पल्ट उपचारार्थ अस्पतालमा भर्ना पनि हुनुभयो । अन्ततः उहाँबाट भीमकाय भूमिकाको लेखन नै भएछ, तर मलाई फसादै पऱ्यो । नदीस्वरूपमा अमृत नै पनि प्राप्त भयो भने त्यति स्वादिलो नहुँदो रहेछ । अथवा भनौँ मेरो सय पृष्ठ जतिको कृतिमा डा.त्रिपाठीको दुई सय पृष्ठ जतिको भूमिका रहँदा एकातिर मेरो कृतिको स्वत्व छायामा पर्ने र अर्कातिर उहाँको भानुभक्तबारेको उच्चकोटिको अध्ययनमाथि अन्याय हुने मैले ठहर गरेँ । अनि उहाँले लेख्नुभएको ५ अध्यायमध्ये 'भानुभक्त आचार्यको जीवनवृत्त'सँग अति

सम्बद्ध एउटा परिच्छेद मात्र मेरो यस कृतिमा समावेश हुनुपर्ने मेरो ब्रम्हले ठान्यो र मैले प्रा. त्रिपाठीसमक्ष अनुरोध गरेँ– 'सरले मेरो कृतिउपर लेख्नुभएको ओजपूर्ण भूमिकाको छुट्टै किताप निकालौँ; यसो गर्दा हामी दुवैलाई न्याय हुन्छ । सरले म र मेरो कृतिलाई न्याय गरेर लेख्नुभएको भूमिकाका लागि सरप्रति चिरकाल ऋणि हुनेछु ।' यस अनुसार त्यसपछि उहाँले लेख्नुभएका अरू परिच्छेदलाई थाँति राखेर यसै कृतिमा केन्द्रित एउटा परिच्छेदलाई मात्र भूमिकाका रूपमा मैले यहाँ प्रस्तुत गरेको छु ।

•

मेरा प्रिय मित्र प्रा.डा.महादेव अवस्थीले मलाई 'पारिजातको जीवनकथा' (२०५७) लेखेका बेला निक्कै सघाएका थिए । उनी एउटा प्राज्ञ मात्र नभएर सकारात्मक सोचका धनी पनि हुन् । खास गरेर भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिमा हामीले सँगै बसेर काम गर्ने मौका पाएका थियौं । सो समितिको उपाध्यक्ष पदमा रहेर उनीबाट प्रस्तुत प्राज्ञिक योगदान अमूल्य थियो । तिनै मेरा साथीले समेत यस कृतिको भूमिका लेखेको सन्दर्भले मलाई थप खुसी तुल्याएको छ ।

मेरा प्रिय मित्र प्रा.केशव सुवेदीलाई मेरो लेखनका सल्लाहकार मात्र नभएर मार्गदर्शकका रूपमा पनि मैले स्वीकार्ने गरेको छु । यस कृतिको शुभामंसा तिनै मेरा मित्रका कलमबाट रङ्गिएको छ ।

मेरी प्रिय बहिनी डा.कविता लामाकृत 'भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन (सन् २००२)' ग्रन्थ पढेर मलाई भानुजीवनी लेख्न थप जाँगर चलेको हो । आदिकवि भानुभक्त आचार्य विषयक प्रथम विद्यावारिधि डा.लामाको मैले यस कृति लेखनमा पनि जलप पाएको छु ।

'भानुभक्त आचार्यको जीवनवृत्त' निर्माणका सन्दर्भमा विभिन्न ग्रन्थ र पत्रपत्रिका उपलब्ध गराउने अन्वेषक दाजु शिव रेग्मी तथा प्रतिभाशाली बहिनी रजनी ढकालप्रति मैले कृतज्ञता ज्ञापन गर्नेपर्छ ।

साथै भानुभक्तको वंशावलीको सम्पूर्ण स्रोत प्रदान गर्ने भानुभक्त आचार्यका खनाति श्रीभक्त आचार्यप्रति पनि म अनुगृहीत छु ।

मलाई साहित्य लेखनमा सधैँ मन, वचन र कर्मले साथ दिने मेरा सन्तति निकेतिका, कञ्चनजङ्घा र अनुकृतिका साथै बुहारी प्रिया प्रसाईलाई पनि मैले यस बेला सम्झनै पर्ने हुन्छ ।

'भानुभक्त आचार्यको जीवनवृत्त' यसरी यस रूपमा ल्याउन मलाई सल्लाह दिने मेरी पुरोधिका इन्दिरा प्रसाई नै हुन् । भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको उपाध्यक्ष पदमा रहेर उनीबाट प्रस्तुत भएका विविध योगदान त अविस्मरणीय नै थिए । अनि त्यही सन्दर्भको एउटा स्थायी कोसेली यो कृति पनि हुन पुगेको छ । खास गरेर इन्दिराले मेरो यस कृतिलाई यसै गरेर प्रस्तुत भएको हेर्ने आकाङ्क्षा राखेकै कारण मैले यसलाई पनि यथासमयमा यसरी नै प्रस्तुत गरेको हुँ ।

**• नरेन्द्रराज प्रसाई**

नइ प्रकाशन टोल– ७
घट्टेकुलो (अनामनगर)। काठमाडौँ, नेपाल

# भानुभक्त आचार्यको जीवनवृत्त

# भानुभक्त आचार्यको जन्मसन्दर्भ

**पाहाड्को अति वेस देश् तनहुँमा श्रीकृष्ण ब्राह्मण् थिया,**
**खुप् उच्चा कुल आर्यवंशि हुनगै सत्कर्ममा मन्दिया,**
**विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया,**
**इन्को नाति म भानुभक्त भनि हूँ यो जानि चिन्ही लिया ।**

•

भानुभक्त आचार्यका बाजे श्रीकृष्ण आचार्य[1] तनहुँको चुँदी रम्घाका प्रतिष्ठित पण्डित तथा जमिनदार थिए । श्रीकृष्णका ६ भाइ छोरामध्ये खरदार धनञ्जय आचार्य[2] जेठा थिए । धनञ्जयकी पत्नी धर्मावतीदेवीका कोखमा एउटा छोरा र एउटी छोरीको जन्म भएको थियो । छोराको नाम थियो– देवीभक्त आचार्य र छोरीको नाउँ भैरवी राखियो । यी दाजुबहिनीको जन्म चुँदी रम्घामा भएको थियो । मोतीरामले भानुभक्तका भतिजा रामदत्त आचार्यसँग सोधेर भानुभक्तको जन्मथलो तनहुँको चुँदीबेँसीको रम्घा हो भनी लेखे ।[3] तर केहीले धनञ्जयको

१. श्रीकृष्ण आचार्यको जन्म १८१० सालतिर तनहुँ चुँदीरम्घामा र निधन १८९० सालमा बनारसमा भएको थियो भनिन्छ ।

२. धनञ्जय आचार्यको जन्म १८३१ सालतिर र निधन १९०९ सालतिर बनारसको गङ्गाको मणिकर्णिकाघाटको ब्रह्मनालमा भएको चाहिँ भनिन्छ; तर पनि धनञ्जयको निधनको निश्चित वर्ष भने थाहा भएको छैन । उनको निधन पौष वदि ५ रोज १ (पुस कृष्णपक्ष पञ्चमी तिथि आइतबार)मा भएको थाहा भएको हुँदा पुराना पात्रोका समयगणना र अरू प्रमाणबाट निधनको निश्चित वर्ष पनि थाहा हुन सक्ने ठानिन्छ ।

३. मोतीरामकृत कवि भानुभक्तको जीवनचरित्र (१९४८) ।

जागिर भएका ठाउँमा नै छोराछोरी जन्मेको बेहोरा पनि लेखेको पाइन्छ । भानुभक्त आचार्यका पनाति मुक्तिनाथ आचार्यलगायत कसैकसैले चुँदीबेँसी र रम्घा गाउँबीचको धर्मशाल भन्ने ठाउँको शिखर कटेरीमा भानुभक्तको जन्म भएको थियो भनेका छन् । अनि कसैकसैले चुँदी रम्घा डाँडाको पश्चिममा पर्ने तामाकोटमा भानुभक्तको जन्म भएको पनि लेखेका छन् ।

•

धनञ्जयको उमेर चालीस वर्षको हुँदा बल्ल उनलाई पुत्रलाभ भयो भनिन्छ । त्यसो हो भने २८ वर्षसम्म धनञ्जयका सन्तान जन्मेका थिएनन् । त्यस बेलाको प्रचलनअनुसार अठारबीस वर्षभित्र नै सन्तानको मुख हेर्न सकिने अवस्था थियो । तर यथोचित समयमा सन्तान नजन्मेपछि धनञ्जयले सन्तान प्राप्तिका लागि सूर्यको व्रत लिन थाले; अनि सूर्यको व्रत लिएको बाह्र वर्षपछि ४० वर्षतिर पुग्दा बल्ल उनले छोराको मुख देख्न पाए । तिनै सन्तान हुन्– देवीभक्त आचार्य । न्वारनमा देवीभक्त भनिएका बालक नै भानुभक्त आचार्य हुन् । सूर्य अर्थात् भानुको व्रत लिएर छोरा पाएकाले छोरो यशस्वी होस् भन्ने आशा र अपेक्षा धनञ्जयको थियो । त्यसैले आफ्नो छोराको चिनाको नाउँ देवीभक्त भए तापनि उनले बोलाउने नाउँचाहिँ भानुभक्त नै राखिदिए । संस्कृत भाषामा भानुको अर्थ सूर्य, किरण वा प्रकाश पनि हो ।

भानुभक्तको जन्मबारे विभिन्न तिथिमितिहरू चर्चामा आए । भानुभक्तका रचना खोजी छपाएपछि 'कवि भानुभक्त आचार्यको जीवनचरित्र' १९४८ सालमा मोतीराम भट्टले भानुभक्तको जन्म १८६९ सालमा भयो भनी लेखे ।[४] तर भानुभक्तकी नातिनी विष्णुमाया

४. मोतीराम भट्टले भानुभक्तको जीवनवृत्तको जरादेखि हाँगाबिँगा देखाए । उनले 'कवि भानुभक्तको जीवनचरित्र'मा लेखे '...ई धनञ्जय आचार्यजीका एक अपूर्व रत्नजस्ता छोरा जन्मे । छोरा भएदेखि यस्तै हुन्– इन्को नाम भानुभक्त हो । इन्को जन्मवर्ष विक्रमीय संवत् १८६९ साल हो ।' सोधखोज गरेर मोतीरामले लेखेको

(रमानाथकी छोरी) ले सुब्बा रङ्गनाथ शर्मालाई 'भानुभक्त मणिमाला'मा भूमिका लेखाई १८७१ साल असार २९ गते आइतबार भानुभक्त जन्मेको बेहोरा पेस गरिन् ।[५]

---

जीवनीउपर नरनाथ शर्मा आचार्यले आफ्नो कृतिमा लेखे– "... उहाँ (मोतीराम भट्ट) ले लेख्नुभएका जीवनचरित्रमा असम्भव कुरो र झुटो कुरोसमेत धेरै परेको छ ।"

नरनाथले ठाउँठाउँमा मोतीरामको अन्वेषणमा समेत घोचपेच गरेको देखिन्छ र उनले आफैँले लेखेको 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र'लाई सत्य साबित गराउने प्रयास गरेका छन् । यसै प्रसङ्गमा नरनाथले लेखेका छन्– "कवि भानुभक्त परलोक भएको हाल ९१ वर्ष भयो । ऐले तिमीले कवि विषयको सच्चा कुरा कसरी जान्यौ त ? तिम्रो लेख पनि कपोलकल्पित हो कि भनी मलाई पाठकवर्गले भन्नुपर्ने कुरा आउँछ । तर मैले कपोलकल्पित लेखेको हैन ।" नरनाथले यसप्रकारको जेजस्तो बयान पेस गरे तापनि उनले लेखेको जीवनीकृतिमा ठाउँठाउँमा हचुवा तथ्यहरूले समेत आड पाएको पनि प्रस्टिन्छ । त्यति मात्र होइन; उनको सन्दर्भस्रोत प्राय: आफ्नै स्वविवेक र आफन्तजन मात्र देखिएको छ । यसरी कसैको मौखिक स्रोतमा जीवनी लेख्दा कतै सत्य र कतै असत्य कुराहरू पनि लेखिन पुग्छन् । तर विडम्बना ! साझा प्रकाशनले मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र' छाप्ने क्रममा २०३८ सालमा प्रकाशकीय लेखेको छ– "पं.नरनाथ शर्माको 'भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' निस्केपछि कतिपय काल्पनिक अथवा अनुमानित कुराहरू खण्डित भई सन्देह निवारण गर्न त्यसले आधार दिएको छ ।"

साझा प्रकाशनद्वारा प्रकाशकीयमा लेखिएको आधारले मोतीराम भट्टकृत जीवनीकृतिभन्दा नरनाथकृत जीवनीकृति विश्वासिलो छ भन्ने देखिन्छ । तर साझा प्रकाशनले उल्लिखित वंशगत अनुश्रुतिबाहेक अरू आधारविहीन नरनाथीय भानुभक्तको जीवनीलाई प्रश्रय दिनु मोतीरामकृत जीवनीप्रति अन्याय हो भन्ने स्वत: प्रस्ट छ ।

५. विष्णुमाया आचार्यद्वारा सङ्कलित 'भानुभक्त मणिमाला' (१९९८) को 'परिचय' (भूमिका) शीर्षकमा सु.रङ्गनाथ शर्माले लेखेका छन्–

"गोर्खाराजको पश्चिम ३ नम्बर तनहुँ भन्ने ठाऊँमा श्रीकृष्ण आचार्य भन्ने एक सज्जन ब्राह्मण थिए । यिनका जेठा छोरा धनञ्जय बाट १८७१ साल आषाढ कृष्ण अष्टमि आदित्यवार धनलग्नमा भानुभक्तको जन्म भयो । जातकर्मादि सवै शास्त्रानुरोधले गरी नाउँ राख्ने वेलामा यिनका पिता धनञ्जयले आफ्ना पुरोहितसँग, नक्षात्रको पाउबाट देविभक्त भन्ने नाउँ हुन्छ (अवेक्ष्यधातोर्गमनार्थमर्थविच्चकारनाम्ना) भन्ने छ, तदनुरोध राख्नु होस्, तर

‘भानुभक्त मणिमाला’ प्रकाशित भएपछि भानुभक्तको जन्ममितिको बेहोराले विवाद उब्जाउन थाल्यो । वास्तवमा मोतीरामले १९४७ सालमा भानुभक्तका भतिजा रामदत्तसँग सोधपुछ गरी भानुभक्तको जन्ममिति लेखेका थिए । रामदत्तबाट पाएको सूचनाकै आडमा उनले भानुभक्तको नालीबेली लेखेका थिए । यस प्रसङ्गलाई मोतीराम भट्टले ‘कवि भानुभक्ताचार्यको जीवनचरित्र’ (१९४८)को विज्ञप्ति पत्रम्’ मा यसरी लेखेका छन्–

> “कवि भानुभक्ताचार्यका भतिजा रामदत्त कन मो अनेकानेक धन्न्यवाद दिन्छु, जस्ले मलाई निज कविका अनेक हाल यथार्थ भन्नु भयो । जस्का कृपाले यो पुस्तकको जन्म भयो ।”

---

मैले सूर्यको व्रत गरेको १२ वर्ष भयो । व्रतको प्रतिष्ठा सम्म पनी गरेको छैन, यस्तो वखतमा फेरी यो उमेरमा पुत्र जन्मेको हुनाले भानुभक्त भन्ने नाम पनी राखी दिनुहोस् भन्दा हुन्छ भनी पुरोहितले राखी दिएका रहे छन् । भानुभक्त भन्ने नाम प्रसिद्ध भएको कारण यहि हो । छ मैन्हामा शास्त्रोक्त विधानले अन्नप्राशन गराई बालकलाई दिनमा सुताई विछौनामा अगाडी वस्त्र, शस्त्र, पुस्तक, कलम, मसी, सुन, चाँदि इत्यादि राखी दिएका थिए । निद्रावाट व्यूँजने वित्तिकै बालकले पैले पुस्तक, पछी कलम समाती मसीमा खसाएको देख्ता विद्वान, गुणि हुनेछ भन्ने सूचना पाई पिताको मन अत्यन्त खुसी भएको थियो ।

… व्रतबन्ध गर्नु भन्दा अगाडी नै भानुभक्तले अमरकोश पढि सकेका थिए । सं. १८७८ सालमा भानुभक्तको व्रतवन्ध भयो ।

धनञ्जय स्वयं विद्वान हुनाले वेद, काव्य, कौमुदीहरू आफैले पढाई तालिम गरे । एक दिन भानुभक्तले आफ्ना पिता सँग ज्योतिष पनी पढाई दिनोस भने । तर धनञ्जयको ज्योतिषमा अभ्यास थिएन । सं. १८८३ साल फागुन मैन्हामा संयोगले उनैका जन्मकुण्डली बनाउने ज्योतिषी आई पुगेछन् र आफ्नो छोराले ज्योतिष पढन इच्छा गरेको कुरा भने । ज्योतिषिले हुन्छ पढाई दिन्छु घरमा पठाई दिनुहोला भनेर गए । भानुभक्तले पनी ज्योतिषिका घरमा गएर पढन थाले । धनञ्जयका एउटै मात्र छोरा हुनाले भानुभक्तको पालनपोषण खूब राम्रो सँग भएको थियो र तालिम पनी पूरा पाएका थिए ।”

(सुब्बा रङ्गनाथले धनञ्जयको ज्योतिषमा अभ्यास थिएन भने तापनि त्यस वखत ज्योतिष हिसाबकिताबमा दक्षता नभई खरदार पदमा नियुक्त हुन सम्भव थिएन । यति हुन सक्छ धनञ्जय ज्योतिषका शिक्षक थिएनन् ।)

भानुभक्त जन्मेको तिथिमितिबारे भानुभक्तका भतिजा रामदत्त आचार्यले मोतीरामलाई अन्दाजैमा लेखाएका थिएनन् भन्ने बुझिन्छ । किनभने भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कम्यान्डर इन् चीफलाई १९०९ सालमा कवितामा बिन्तीपत्र लेखेका थिए :

**चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको**
**आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको ।**

भानुभक्तको जन्म वर्ष १८६९ साल हो भन्ने कुरा पनि यस कविताले प्रमाणित गरेको छ । किनभने १८६९ मा ४० जोड्दा १९०९ साल नै हुन आउँछ ।

भानुभक्तकी नातिनी विष्णुमायाद्वारा प्रस्तुत भएको भानुभक्तको जन्मकुण्डली सक्कली थिएन भन्ने बेहोरा भानुभक्तकै उपर्युक्त कविताबाट प्रस्ट देखिन्छ । १९४७ सालमा रामदत्तसँग भेट भएपछि नै मोतीरामले कवि भानुभक्तको जीवनचरित्र लेख्ने मुख्य सामग्री पाए । यदि रामदत्तले चासो नलिएको भए भानुभक्तको अहिलेको स्वरूप मोतीरामका कलममार्फत यसरी प्रकट भएर आउँथ्यो भन्न पनि सकिँदैन । त्यसैले रामदत्तले दिएको भानुभक्तको जन्ममितिलाई पनि अनाहक गलत पार्नुको तात्पर्य नै थिएन भनिन्छ ।

मोतीरामले भानुभक्तको जीवनी भतिजा रामदत्त आचार्यलाई आधार बनाएर नै लेखे । यति हुँदाहुँदै भानुभक्त कुमारीचोकमा रहँदा उनले 'चालिस् वर्ष भञा म' भनेरै कविता लेखेको बेहोरालाई समेत सर्लक्कै पन्साएर उनी जन्मेको अर्को मिति प्रस्तुत हुनुको कारण के थियो ? साथै मोतीरामलाई गलत पार्न केही व्यक्तिहरू एकोहोरो धुरिनुको तात्पर्य के थियो ? भानुभक्त जन्मेको १२७ वर्षपछि भानुभक्तले नै आफ्नो जन्मकुण्डलीबारे कविता रचेका थिए भनेर उनकी नातिनीमार्फत यो कविता कसरी आयो ? जे होस्; भानुभक्तभन्दा ६७ वर्षपछि जन्मेकी उनकी नातिनी विष्णुमायाको

कृति 'भानुभक्त मणिमाला'बाट जादू भएझैँ भानुभक्तको जन्मकुण्डलीको वर्णन गरिएको चाहिँ अढाइ श्लोकको प्रस्तुति यस्तो छ[६] :

**श्री शालीवाहन्का समय षडत्रिंशत् भइकन ।**
**अनी आषाड् मास्को दिन पनि उनन्तिस् गइकन ॥**
**घटी एक्तिस् माँहा विघटि पनि वत्तिस् परिकन ।**
**नवांशक् कंठीरव् धनुष परि जो वेस लगन ॥१॥**
**मिथुन्मा सूर्यै छन् निवनिलय मीन्का विधु अनी ।**
**महीसुत् बुध् राहू शशि सदनका ई तिन पनी ॥**
**गुरू भाग्यस्थान्का रविभवनमा गैकन वस्या ।**
**भृगूजी ता आफ्नै सदन वृषमा गैकन पस्या ॥२॥**
**मकर्मा सौरी छन् ध्वजसहितका स्वगृहि यँहा ।**
**वतायाका क्रम्ले ग्रह हरु वस्या कुण्डलि मँहा ॥**

भानुभक्तद्वारा यस प्रकारको जटिल श्लोक रचना हुनै सक्तैन भन्नेहरू पनि छन् । उनले जहाँसुकै पनि प्राय: 'म भानुभक्त', 'म फलानाको नाति', म यस्तो हुँ भनेर आफ्नोबारे भन्नुपर्दा श्लोक लेख्ने गर्थे । तर माथि उल्लिखित श्लोकमा न त उनको नाउँ नै छ; न त गाउँ छ र न त जन्मेको साल नै लेखिएको छ; अनि न मेरा कुण्डलीमा देवीभक्त नाउँ थियो र म भानुभक्त भएँ भन्ने नै उनले लेखेका छन् ।

---

६. ज्योतिषिजी का घरमा गई ज्योतिष पढी फर्कदा एक दिन यौटा वटुवाले वरपिपलका चौतारामा वसी गाएको जस्तो गरेर "हरे कृष्ण वासुदेव, मेरा ग्रह करना, दु:ख पाएँ मैले" भनेको भानुभक्तले सुनेर एक छिन खूब घोरिएर विचार गरी हिडेछन् । यै सुनेको ले श्लोक बनाउने युक्ति समेतको इच्छा पैदा भए छ । घरमा पुगेर आफ्ना पिता धनञ्जय सँग मेरा ग्रह करना छन् भनी सोधे छन् । पढ़े पछी ग्रह हेरेर फलादेश गर्न जानिन्छ भनी पिताले भन्दा कवि भानुभक्त का मनमा पीर लागेको बुझेर कुण्डली देखाई दिए छन् । फेरी एक दिन ज्योतिषिका घरमा पढ़ेर फर्कदा वर पिपलको छायामनी चौतारामा वसेर सुकेका बाँसका पातमा आफ्नो जन्मकुण्डली को श्लोक घोरिदै लेखदै गरी १ पात समाप्त गरी आर्को पातमा सो श्लोक सारेर घरमा ल्याई आफ्ना पिता धनञ्जयका करकमलमा टक्र्याएका श्लोक ।

भानुभक्त जन्मेको १२७ वर्षपछि उनको जन्मकुण्डली र उनी आफैँले रचना गरेको भनिएर उनकै जन्मकुण्डलीको विवरण 'भानुभक्त मणिमाला'मार्फत आउनुलाई सजिलै पत्याउने आधार देखिँदैन । जन्मकुण्डलीबारेमा वर्णन गरिएको यो कविता भानुभक्त स्वयम्ले रचना गरेका थिए भन्ने आधिकारिकता पनि कहीं कतैबाट पुष्टि भएको  देखिँदैन । अर्कातिर भानुभक्तका श्लोकहरू प्रायः मौखिक परम्पराबाट विकसित भएको हुँदा पछिपछि धेरै कुरा कुन कताबाट आयो भन्ने स्रोत पनि भेटिँदैन । यसरी नै रामभक्त, मोतीराम र धर्मदत्त ज्ञवालीका पालासम्म चर्चा नभएको भानुभक्तको आफ्नै जन्मलग्नकुण्डलीको कविता विष्णुमायाको 'भानुभक्त मणिमाला' प्रकाशनमा झुण्डिएर आयो । त्यतिका वर्षपछि भानुभक्तको खुद नाउँ र जन्ममितिका विषयमा नयाँ जानकारी आयो । तर पनि रङ्गनाथ शर्मा र विष्णुमायाले प्रस्तुत गरेको 'भानुभक्त मणिमाला' कृतिमा भानुभक्तको जन्ममिति, जन्मकुण्डली, देवीभक्त आचार्य (भानुभक्तको चिनाको नाउँ ?) र त्यसबारेको श्लोक राखिँदा त्यही तिथिमितिले नेपाली समाजमा जरा गाडिसकेको छ । अर्थात् समालोचक, जीवनी लेखक र जनजीवनले समेत भानुभक्तको जन्म १८७१ असार २९ गते नै कायम गरिसकेका छन् । साथै नेपाल सरकारले समेत भानु द्विशतवार्षिकी मनाइसकेको छ र भानुभक्तको यही जन्ममितिलाई नै स्वीकारिसकेको छ ।

•

भानुभक्तको आठ वर्षका उमेरमा व्रतन्ध भयो । नेपाली सामाजिक सांस्कृतिक परम्परा र प्रचलनअनुसार छोरानातिलाई मन्त्र सुनाउने काम सकेसम्म बाबुबाजेबाट नै हुने गर्थ्यो । तदनुसार भानुभक्तले पनि आफ्ना बाजे श्रीकृष्णबाट गायत्रीमन्त्र ग्रहण गरेका थिए ।

भानुभक्तको व्रतबन्ध हुनासाथ बिहे भएको थियो । यसबारे भानुभक्तका पनाति मुक्तिनाथ आचार्यले 'आदिकवि भानुभक्त

आचार्य : खोजपूर्ण जीवनी' (२०४२) मा लेखेका छन् 'भानुको आठ वर्षको उमेर हुँदा तनहुँ जिल्लाअन्तर्गत रामरुम भन्ने गाउँका एक सम्पन्न ब्राम्हण परशुराम खनालकी सुपुत्री चन्द्रकान्तादेवीसँग उनको पहिलो विवाह भए तापनि विवाह भएको १८ महिनापछि श्रीमती परलोक भएबाट पुन: ११ वर्षको उमेरमा तनहुँ जिल्लाअन्तर्गत मान्हूँ भन्ने गाउँका सम्पन्न ब्राम्हण विद्याधर खनालकी सुपुत्री दस वर्षीय चन्द्रकलादेवीसाथ दोस्रो विवाह भएको थियो । यी दम्पतीबाट दुई भाइ छोरा रमानाथ र शिवशङ्कर अनि एउटी छोरी लक्ष्मी जन्मेका थिए । भानुभक्तका जेठा छोरा ६७ वर्ष बाँचे भने कान्छा छोरा शिवशङ्करको चाहिँ १४ वर्षको उमेरमा निधन भएको थियो ।

# भानुभक्तको शिक्षादीक्षा

भानुभक्त तनहुँका सम्पन्न कुलघरानका पण्डित श्रीकृष्ण आचार्यका नाति थिए । श्रीकृष्ण संस्कृतका विद्वान् थिए । प्राध्यापक डा.वासुदेव त्रिपाठीका बुबा प्रेमदत्त त्रिपाठीका अनुसार उनी बिर्तावाल पनि थिए ।

श्रीकृष्णका छ भाइ छोरामध्ये धनञ्जय जेठा थिए । धनञ्जय पनि आफ्ना बाबुकै हाराहारीका नभए तापनि त्यस भेगमा नाउँ चलेका पण्डित थिए । यिनी पाल्पा तहसिल सरकारी अड्डाका हाकिम थिए र यिनको पद खरदार थियो । यिनले कम्तीमा तीस वर्ष जागिर खाए र यी बाँचुन्जेल ओहदामै रहे भनिन्छ । जागिरे बाबु धेरैजसो घरबाहिर हुँदा आफ्ना बाजेसँगै भानुभक्तको बाल्यकाल बितेको थियो ।

बाजे श्रीकृष्णकै दौराको फेर समाएर भानुभक्तले हिँड्न सिकेका थिए । उनकै छहारीमा भानुभक्तले पढ्न र लेख्न पनि सिके । उनले १८७५ सालको श्रीपञ्चमीका दिन अक्षरारम्भ गरेका थिए । सु.रङ्गनाथ शर्माका अनुसार "५ वर्ष लागेपछि १८७५ सालको माघ मैन्हामा शुभ दिन सुमुहूर्त पारी गणेशादिको पूजागरी अक्षरारम्भ गराए । मैन्हा दिनमा नै जोडेका अक्षर सम्म पनि चिन्न सक्ने गराए र पैले याज्ञवल्क्य प्रणीत सप्तश्लोकी श्री सूर्यकवच पढाए । भानुभक्तले यो सूर्यकवच ७ दिनमा कंठ

पारी आफ्ना पितालाई सुनाए ।" शर्माका अनुसार भन्ने हो भने– सानैमा उनले 'सूर्यकवच', 'दुर्गाकवच'सहित सप्तशती, चण्डी र 'अमरकोश' पढेका थिए । विभिन्न खोजकर्ताहरूका सूचनाको मिलान गरेर भन्नुपर्दा भानुभक्तले व्रतबन्धपछि वेद, व्याकरण, साहित्य, दर्शन आदि बाजे श्रीकृष्णसँगै पढे र पछि बनारसमा विशेष गरी वेदान्त आदि विद्या पढे । रङ्गनाथ शर्मा त भानुभक्तले खास आफ्ना बाबु धनन्जयबाटै ज्यादा शिक्षा पाए भन्छन् । १८८३ सालमा भानुभक्तले ज्योतिष पढेका थिए भनिन्छ । एक जनश्रुतिअनुसार भानुभक्तले कास्कीतिर गई पढेका पनि थिए । साथै अर्को जनकारीअनुसार केही वर्ष लमजुङस्थित उनको मामाघरमा पनि राखेर उनलाई पढाइएको थियो । प्राध्यापक डा.जयराज आचार्य र प्राध्यापक डा.वासुदेव त्रिपाठीसमेतका अनुसार भानुभक्तलाई ज्योतिष पढाउने गुरु बाग्लुङका बद्रीनाथ पन्त थिए । यी सबै कुरा मिली भानुभक्तको शिक्षा पूरा भयो ।

आफ्ना बाजे श्रीकृष्ण आचार्यका औँला समाएर हिँड्न पाएकाले भानुभक्तले सानैदेखि धेरै कुरा सिकेका थिए । श्रीकृष्ण खेतीपाती गर्नेदेखि समाजसेवा र धर्मकर्म मात्र होइन; शास्त्रीय परम्पराका कुरा गर्नसमेत सिपालु थिए । पं.नरनाथका अनुसार भानुभक्तले विद्यातिर निकै मन दिएका थिए ।[१] खास गरेर आफ्ना शिक्षा र संस्कारले

१. कविराज पण्डित नरनाथ शर्मा आचार्यले 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र (२०१७)' नामक कृतिमा भानुभक्तको जीवनी र कविताबारे गद्य पद्य दुवैद्वारा प्रशस्त चर्चा गरेका छन् । यस कृतिमा लेखकले भानुभक्तप्रति अति नै श्रद्धा, सम्मान र भक्तिभावना दर्शाएका छन् । उनले भानुभक्तको जीवनीलाई कहींकतै कल्पनामा नै पनि प्रस्तुत गर्ने प्रयास गरेको बुझिन्छ । वास्तवमा यस कृतिमा उनले कल्पनाको पिङ पनि मच्चाएर भानुभक्तको जीवनी लेखेको भेटिन्छ । ठाउँठाउँमा उनका कुरालाई सत्य मान्ने आधार पनि देखिँदैन । यति हुँदाहुँदै पनि नरनाथलाई भानुभक्तका भक्त जीवनीकार र भानुकविताका ज्ञाता भनेमा केही फरक नपर्ला । उनको भानुभक्तप्रतिको थप मोहका कारणले मोतीरामलाई झुटो बनाउन पनि उनी पछि परेनन् (किन ?) । काल्पनिक खेती गर्ने सन्दर्भमा यिनले मोतीरामका

सम्पन्न पारिवारिक पृष्ठभूमिमा हुर्कंदा भानुभक्तको जीवनचर्या पनि सानैदेखि एउटा पण्डितको ठाँटको जस्तै बन्दै जान थाल्यो । बाजेकै रहनसहन र छत्रछायामा हुर्कने क्रममै उनी परिपक्व हुँदै गए । अनि उनले आफ्नो जीवनमा आचरण, व्यवहार र प्रवृत्तिलाई निखार्दै जान थाले ।

•

भानुभक्तका बाजे श्रीकृष्ण आचार्यले बुढेसकालमा काशीमा देहत्याग गर्ने विचार राखे । उनी काशी जाँदा नातिलाई राम्रोसँग पढाइलेखाइमा समेत लगाउने हेतुले भानुभक्तलाई पनि आफैँसँग लगेका थिए । त्यसै कारण बाजेसँगै काशी गई भानुभक्तले थप संस्कृत विद्या पढ्ने अवसर पाएका थिए ।

---

विषयमा लेखेका छन्– "उहाँ (मोतीराम)ले लेख्नुभएको जीवन चरित्रमा असम्भव कुरो र फुटो कुरो समेत धेरै परेको छ ।"

मोतीरामले कल्पनामा डुबेर लेखेको घाँसीको अपत्यारिलो प्रसङ्ग उठाउँदै त्यसै सिलसिलाको एउटा श्लोकको चाहिँ मुक्तकण्ठले प्रशंसा गर्दै नरनाथले त्यो बेहोरालाई सत्य साबित गरेका छन् । तर नरनाथले मोतीरामबारे थप भनेका छन्– "हाहा र हुहुको लोक हुन्छ । तेस्तो लोकका किंवदन्तीबाट पाएको कुरामा लेखकले सत्यासत्य के होला भन्ने अलिकति विचार चलाउन पर्छ । तर मोतिरामजी पनि यो जीवन-चरित्र लेखदाका वखत् २३।२४ वर्षका हुनुभएको बुझिन्छ । उमेर कच्चै भन्नु पर्छ र तेस्ता मौकामा सबै कुरामा विचार नपुग्नु मनासिवै पनि हो ।"

भानुभक्तको भौतिक चोला सकिएको २२ वर्षपछि मोतीरामले लेखेको जीवनी छापियो । त्यो गलत भयो भने भानुभक्त बितेको ९२ वर्षपछि छापिएको नरनाथको कृतिचाहिँ विश्वसनीय ठहऱ्याउने आधार के हो ? आचार्य थर भएकै नाताले वंशपरम्परागत कतिपय अनुश्रुतिले उनले त्यो कृति लेखे पनि होलान्; अनि त्यसैलाई मात्र सत्य आधार बनाउन सकिएला र ? तर पनि कविराज पं.आचार्यको सोधीखोजीका कतिपय बेहोरालाई नकार्न पनि सकिँदैन । यति हो; आचार्यद्वारा कुन कुरा सत्य लेखिए र कुन कुरा तथ्यहीन रूपमा प्रस्तुत भए त्यो अब छुट्ट्याउन भने सजिलो छैन ।

काशीमा बसिन्जेल श्रीकृष्ण, निजकी धर्मपत्नी र भानुभक्तलाई खानबस्नका लागि खरदार धनञ्जयले खर्च पठाउने गर्थे भनेर कविराज नरनाथ आचार्यले लेखे । श्रीकृष्ण र उनकी पत्नी क्रमश: एक वर्षको अन्तरमा स्वर्गीय भएका थिए । बाजेको निधन भएको एक वर्षसम्म भानुभक्तले काशीमा नै बसेर पढेका थिए । तर प्राध्यापक डा.शर्वराज आचार्यको भनाइअनुसारचाहिँ काशी बनारसमा पढ्दा पनि भानुभक्त पाल्पा भई तनहुँ आवतजावत गर्दथे । बीचबीचमा बाबु धनञ्जयले उनलाई कानुनी लेखापढी पनि सिकाए ।

काशीबाट फर्केपछि भानुभक्तले आफ्नो मामाघर लमजुङको भोर्लेटारमा भागवत सप्ताहवाचन गरेका थिए । यो उनको प्रथम पुराणवाचन थियो । यसरी पहिलोपल्ट पुराणवाचन गर्ने क्रममा नै उनले सबैलाई मोहित पारेका थिए । त्यसै बेलादेखि उनले जनस्तरबाट पुरोहित, पण्डित या गुरुको आदर र सम्मान पनि पाउन थालेका हुन् ।

# भानुभक्तसँग गिरिधारीको झगडा

भानुभक्त आचार्य पण्डित भईकन पनि अनेक प्रपञ्च रच्न पनि सिपालु थिए । कविमा हुने प्रचुर संवेदनशीलता एवम् स्वाभिमानी प्रकृतिका साथसाथै उनी रिसराग र प्रतिशोधजस्ता सामान्य मानवीय प्रवृत्तिबाट पनि मुक्त हुन सकेका थिएनन् । त्यसैले आफ्नै कारण उनी आफैँले धेरैपल्ट हन्डर पनि खाएका थिए । यस बेहोराको साक्षी प्रमाण उनका कविताहरूले दिएका छन् । यस सिलसिलामा उनको जीवनमा घटेको गिरिधारी रानाभाटसँगको घटना भानुभक्तीय इतिहासमा निकै चर्चाको विषय बन्दै आएको छ ।

गिरिधारी रानाभाट पनि भानुभक्तकै गाउँका धनीमानी व्यक्ति थिए । कारण जेसुकै भए तापनि यिनीहरूमाझ पहिलेदेखि नै ईख र झगडा पर्ने गरेको अनुमान गर्न सकिन्छ ।

गिरिधारी रानाभाटसँगको जग्गाको मुद्दा भानुभक्तले पहिलेदेखि नै खेप्तै आएको हुनुपर्छ । यसै प्रसङ्गमा मोतीराम भट्टले लेखेका छन्– "संवत् १९०६ विक्रमीयमा जग्गावापत्‌को झगरा भानुभक्तलाई आई पर्दा नेपाल्[१] नआइ नहुन जाँदा झगराको कागत्पत्र ली आउँदा... बनाये ।"

भानुभक्त काठमाडौँमा मुद्दा खेप्न आउँदा ज्योतिषी सुब्बा धर्मदत्त ज्ञवालीका घरमा बस्थे । ज्योतिषी सुब्बा ज्ञवाली भानुभक्तका

१. त्यस बेला काठमाडौँलाई नेपाल पनि भन्ने गरिन्थ्यो ।

बाबु धनञ्जयका पालादेखिकै परिचित मित्र पनि थिए । त्यसैले यी ज्योतिषीसमेतको शक्ति, बल र बुताबाट भानुभक्तको पक्षमा मुद्दा पनि छिनिएको थियो । अर्थात् यस मुद्दामा भानुभक्तले नै जितेका थिए । मोतीराम भट्टका अनुसार– "रम्घामा कवि भानुभक्तको एक् जग्गा थियो, तेसै खेत्को साँध एक् गिरिधारी थियो । ई दुवै खेत्का बीचमा एक् खोलो थियो । अकस्मात् एक् वर्ष खोलाले भानुभक्तको खेत् खाइदियो । गिरिधारी भाटले बगर आवादी गऱ्यो । तिन्ताकका ऐनबमोजिम् गिरिधारीको भोग् पाको हो, ४।५ वर्षपछि तेसै खोलाले भानुभक्तको जग्गामा बगर छाडी फेरि भाटको खेत् बेहिसाब् मिच्यो र भानुभक्तले ऐनबमोजिम् खोलाले छाडेको बगर ३।४ वर्ष आवादी गरी भोग् गर्दा भाटले मेरो जग्गा मिची भानुभक्तले भोग् गऱ्यो भनी वादी हालेकाले भानुभक्तले इजहार दिँदा यी श्लोक पनि खामेका थिए भनिन्छ–

**ख्वामित् यस् गिरिधारीले अति पिऱ्यो व्यर्थै गऱ्यो झेल् पनि ।**<br>**यस्का झेल उतार्नलाइ सजिलो यो हो ब्यहोरा भनी ॥**<br>**ख्वामित्लाई चढाउनाकन अहाँ क्यै श्लोक् कवीता गऱ्याँ ।**<br>**मेरा श्लोक् सुनिबक्सियोस्त झगडा छीनिन्छ पाऊ पऱ्याँ ॥**

•

**साँचा हुन् जति लेखिया सब कुरा आफ्नू ब्यहोरा दरी,**<br>**ई कुरा त अइन् सवाल रितले स्रेस्ता प्रमाण्ले गरी ।**<br>**साबित् ता ठहरेन पो पनि भन्या यसमा अइन्मा जती,**<br>**तोक्याको छ गुना हजार तिरुँला राख्वैन एक्दाम् रती ॥**

**यस्भन्दा अरु पत्र पात्र पनि छन् भोग् छन् दसी छन् सही ।**<br>**श्रोता साक्षि कुरा कहानि पनि छन् मेरा सनद् छन् कहीं ॥**<br>**गर्न्याछैन उजुर्गऱ्याँ पनि भन्या झुट्टा गराई दिनू ।**<br>**सर्कार्मा इजहार्दिआ खुशि भई यो झेल् कसोरी छिनू ॥"**

•

भानुभक्तका कविता, भानुभक्तको सुब्बा धर्मदत्त ज्ञवालीसँगको मित्रता र ज्ञवालीको राणाहरूसँगको सम्पर्क तथा भानुभक्त आफैँले

कमान्डरइनचिफ कृष्णबहादुर राणाका चाकडी गरेका आधारमा या भनौँ बाबु धनञ्जय अशक्त हुँदै गएपछि उनका स्थानमा भानुभक्तले जागिरचाहिँ खाएका थिए । कमान्डरइनचिफ कृष्णबहादुर राणाको चाकरी गरेबापत १९०७ साल वैशाखमा भानुभक्तले मदेसमा गई काम गर्ने जागिर पाए । भानुभक्तले जागिर खाएको तथ्य मोतीराम भट्टले नै प्रकट गरेका हुन् । भानुभक्तले जागिर त खाए; तर त्यो बेहोरा उनको वैरी रानाभाटका लागि मन नपर्नु स्वाभाविकै थियो । उता भानुभक्तले पनि गिरिधारी रानाभाटसँग ईख साध्ने अभिप्राय राखिरहे; कतिसम्म भने उनले गिरिधारीलाई नसोधी उनका छोरालाई आड बनाएर उनैको खेत खनी कुलो बनाएका थिए ।

१९२१ साल असारको कुरा हो; त्यस वर्षको बर्सातले चुँदीखोलामा निक्कै ठूलो बाढी आएको थियो । त्यस बाढीले स्थानीय वराहको बाँध पनि बगाइदिएको थियो । यसबाट गाउँका खेत सबै बाँझै हुने स्थिति सृजना भयो । अनि गाउँलेले भानुभक्तको अग्रसरतामा एउटा बृहत् छलफल गरे । त्यस छलफलमा अर्ज्याल, भाट, ढकाल र आचार्यहरूको सहभागिता र जमघट रहेको थियो । उक्त छलफलबाट उनीहरूले एउटा ठोस निष्कर्ष पनि निकालेका थिए । गाउँलेको सहमति र गिरिधारी रानाभाटका छोरा वीरभद्र भाटको उपस्थितिमा उनकै खेतबाट कुलो खन्ने निर्णय भयो र त्यसैबमोजिम कुलो पनि खनियो । तर गिरिधारीले यस कार्यको घोर विरोध गरे । आफ्नो अपमान र क्षति पनि भएको भन्दै उनले त्यो कुलो आफ्नै खर्चमा खेताला लगाएर पुर्न थाले । तर उनको त्यो कार्य समाजविरोधी हो भनेर भर्त्सना गर्दै भानुभक्तकै नेतृत्वमा त्यहाँ गाउँलेहरूको हुल उठ्यो । त्यसले गिरिधारीको कामको विरोध गर्दै कुलो पुर्न रोक्ने गरी हस्तक्षेप गर्न थाल्यो । यस घटनाबाट आफू अन्यायमा परेको बेहोरालाई अघि सार्दै रानाभाटले भानुभक्तउपर मुद्दा हाले । भानुभक्तले प्रतिवादीको रूपमा मुद्दा खेप्नुपर्‍यो । उनले नियमानुसार बयान दिनुपर्‍यो । पछि त्यो

कुलो कायम हुने निसाफ भानुभक्तहरूले पाए । यस कुलो काण्डमा भाटले मुद्दा हारेपछि भाट भानुभक्त र गाउँलेसँग सारै रिसाएका थिए । त्यसैले भानुभक्तलाई दु:ख दिने नियतले उनले भानुभक्तले मेरो खेतको साँध मिचे र मिच्न लगाए भनेर फेरि अर्को उजुरी दिए । उनीहरूको त्यो मुद्दामा पनि भाटले नै हारे ।

भानुभक्तसँग गिरिधारी रानाभाटको प्राय: झैँझगडा र मुद्दामामिला भइरहन्थ्यो । गिरिधारी पनि सम्भवत: पहुँचवाला भएका कारण भानुभक्तले सहज र सरल रूपमा चल्न सक्ने अवस्था पनि थिएन । उता भानुभक्त पनि रानाभाटको नाउँ त के छाया पनि देख्न सक्तैन थिए । कतिसम्म भने भानुभक्तले आफ्नो घरको छानामा लगाएका बाँसका भाटासँग पनि रिसइबी साँधेका थिए । उनले आफ्नो घरको छानाबाट भाटा निकालेर फ्याँकेका थिए भन्ने रोचक प्रसङ्गहरू पनि चर्चामा आएको पाइन्छ ।

भानुभक्तको अर्को विशेषता के थियो भने उनी मनका कुरा कवितामा लेखिहाल्थे । त्यसैले गिरिधारी रानाभाटसँगको मुद्दाका घटनाहरूलाई भानुभक्तले कवितामा लिपिबद्ध गरेको र कवितात्मक रूपमै पनि आफ्ना कुरा राखेका थिए :

**एस्ले[२] गर्छ कुरा पत्यार नहुने साह्रै नै लुच्चो छ यो ।**
**ख्वामित्‌ले बुझि वक्सियोस् सव कुरा मेरो त विन्ती छ यो ॥**

२. गिरिधारी रानाभाट ।

# भानुभक्तको जागिर र कुमारीचोकमा थुना

भानुभक्तले युवावस्थाको उत्तरार्धमा जागिर खाए, तर जागिरमा उनी धेरै टिक्न सकेनन् । मोतीरामले यिनको जागिरका प्रसङ्गमा लेखे– "कवि भानुभक्त आचार्यजी स्वस्तिश्रीमद्राजकुमारात्मज श्री ३ कम्याण्डर-इन-चीफ् जनरल कृष्णबहादुर राणाको चाकरी गर्दथे र विक्रमीय संवत् १९०७ सालका वैशाख मासमा मदेसको जागीर पाई गये तर भानुभक्त कवि ऐ १९०९ मा खोस्सिये र कागत्पत्र बुझाउन भनी नेपाल् कुमारी चोकमा आई कागतपत्र आफूले २ वर्ष काम् गरेको खर्चा आम्दानी समेत्को स्याह बुझाउँदा केही बाँकी सर्कारिया लागेछ र ५ मैन्हासम्म कुमारीचोकमा थुनिएछन् ।"

भानुभक्तको जागिरका बारे बाबुराम आचार्यले 'पुराना कवि र कविता'मा अरू विस्तारसहित लेखेका छन् । भानुभक्त १९०२ सालभन्दा अगावैदेखि मेजर पदमा जागिर खाएको बेहोरा पनि नेपाली साहित्यको इतिहासमा उल्लेख भएको छ । तर मोतीरामपछि उनका छोरा रमानाथ र नातिनी विष्णुमायाले भानुभक्तले जागिर खाए या खाएनन् भनेर भन्ने प्रसङ्ग निकालेको देखिँदैन । बाबुराम आचार्यले चाहिँ भानुभक्त पाल्पाकै पल्टनमा गोस्वारा दफ्तरमा पाल्पा मधेस खस्यौली जागिरमा रही खरदार पदसम्म पुगेको विचार व्यक्त गरेको पाइन्छ ।

•

मोतीराम भट्टका अनुसार भानुभक्तले १९०७ सालमा सरकारी जागिर पाए । तर सुरुमा नै खरदारी मिल्नु महाकठिन थियो । यस

कारण पहिले यी मेजरमा अनि पछिबाट खरदारीमा भर्ना भएका थिए भनिन्छ । भानुभक्तको जागिर दुई वर्षमै खोसिनाको कारण के होला ? शत्रु लागेर जागिर खोसिएको हो कि ! भानुभक्तको जीवनी पढ्दा उनको देखिने शत्रु भनेको गिरिधारी भाट नै हुन् । यहाँ शत्रुताको मनोविज्ञानबाट हेर्दा गिरिधारी भाटमाथि पनि शङ्का गर्न सकिएला । यो कोणबाट हेर्दा भानुभक्तले खरदारी जागिर पाएपछि गिरिधारी रानाभाटलाई सहिनसक्नु हुनु स्वाभाविकै थियो; किनभने भाट भानुभक्तका कट्टर शत्रु थिए । त्यसै कारणले मनोवैज्ञानिक शत्रुभावले भानुभक्तले सरकारी रकम हिनामिना गरेको अनुमान गिरिधारी रानाभाटले लगाएको हुन सक्छ । अनि मौकामा शत्रु परास्त पार्नुपर्छ भन्ने मनसायमा भानुभक्तलाई भ्रष्टाचारको अभियोग लगाउन गिरिधारी रानाभाट भित्रभित्रै सक्रिय भए कि भनी आशङ्का गर्न सकिन्छ । गिरिधारी भाटका नातागोता र चिनेका मान्छे पनि सरकारी ठूलठूला ओहोदामा भएकाले उनले यो फाइदा उठाएको पनि हुन सक्छ । सम्भवत: भाटको ख्रोसपोल र नामीबेनामी उजुरीसमेत परेकाले जागिरमा प्रवेश पाएको दुई वर्षमा नै अर्थात् १९०९ साल लाग्दानलाग्दै भानुभक्तको जागिर खोसिएको पनि हुन सक्छ । जे होस्, भानुभक्तले एउटा श्लोक लेखेको भरमा केही लेखकहरूले भने उनलाई जागिरे मानेनन् । जागिर खोसिएपछि कुमारीचोकको थुनामा रहँदा भानुभक्तले यो श्लोकसमेत लेखेका थिए :

**जागीर् छैन धनी म छैन घरको केबल् कुदालो खनी ।**
**खान्थ्याँ दुक्ख गरेर चाकरी गर्‍याँ मान् पाउँला की भनी ॥**
**एक् मन् चित्त लगाइ चाकरि गर्‍याँ खुसी भया छन् हरी ।**
**मान्माथी पनि भुक्तमान् थपि दिया कैल्ह्यै नखोस्न्या गरी ॥**

भानुभक्तद्वारा रचित ‘जागीर छैन’ भन्ने यस कवितालाई नै उल्टोपाल्टो व्याख्या गरेर भानुभक्तले जागिर् खाएका थिएनन् भनिएको पाइन्छ । चाकरीबाट खुसी भई पाएको मान खोसिई कुमारीचोकमा थुनिनु पर्दा मानमाथि कहिल्यै नखोसिने भुक्तमान थपियो भन्ने

भानुभक्तको गुनासो ठीकसँग यो कविता पढ्दा बुझिन्छ नै ! बाबुराम आचार्यले यस कविताको प्रसङ्गमा लेखेका नै छन्– "हुन त यी (भानुभक्त) गरिब थिएनन् । तैपनि आफ्ना आश्रयदाता जनरल कृष्णबहादुर राणासँग खर्चबर्च र बिदा माग्नु एक तरहको नियमै थियो ।"

भानुभक्तले त "जागिर् छैन धनी म छैन घरको केवल कुदालो खनी" भनेर पनि कमान्डर इन चिफ कृष्णबहादुर राणामा जाहेर गरेका कविता लेखेका हुन् । जागिर खोसिएपछि जागिर छैन भनेर मनको डाहा पोख्न उनले घुर्क्याइ र व्यङ्ग्यका रूपमा यो कविता लेखेको हुनुपर्छ । उनी एउटा सम्पन्न ब्राम्हण परिवारका व्यक्ति थिए । तत्कालीन समयमा धनी, पुरेत या पण्डितले उति कोदालो खन्नै पनि पर्दैनथ्यो । उनले बेलाबखत कोदालो खने पनि होलान् । त्यस बखतको नेपालमा भानुभक्तजस्ता पढेलेखेका धनी पण्डितहरूले जीवननिर्वाहका लागि भने कुटोकोदालो खन्नुपर्दैनथ्यो र कोदालै खनेर आफ्नो जीविका गर्नुपर्दैनथ्यो । फेरि उनी खरदार बाबुका एक मात्र भूमिसम्पन्न छोरा पनि थिए ।

भानुभक्तले उपर्युक्त 'जागीर् छैन' भन्ने कविता जागिर खोसिएपछि कुमारीचोकमा थुनिएका बेला लेखेको बेहोरा भानुभक्तका भतिजा रामदत्त आचार्यबाट प्राप्त सूचनाका आधारमा मोतीरामले लेखिसकेकै बेहोरा हो । यसरी जागिर खोसिएको रनाहा र थुनुवाजीवनमा लेखिएको कविता छँदाछँदै भानुभक्तको जागिरै थिएन भन्नु कस्तो तर्क हो ? वास्तवमा यस प्रश्नको उत्तर नै देखिँदैन । उनले जागिर खाए नखाएको बेहोरा रङ्गनाथ शर्मा र विष्णुमायाहरूले उल्लेख गरेका छैनन् । अझ बाबुराम आचार्यले र भानुभक्तकै एक नाति डि. देवीभक्त आचार्यले भानुभक्तले जागिर खाएको कुरा बताए । भानुभक्तका भान्जा पर्ने सुब्बा वीरेन्द्रकेशरीले मामा भानुभक्त खरदार भएको कुरा भन्थे भनेर बाबुराम आचार्यले 'पुराना कवि र कविता'मा लेखेकै छन् । यतिका वर्षपछि

आएर भानुभक्तले जागिर खाएको नखाएको प्रसङ्ग ल्याएर जोड्नुपर्ने कारणै के थियो र ? यस बेहोरामा भानुभक्तका वंशजलाई हीनताको बोध हुनुपर्ने कुनै कारण नै देखिँदैन भन्ने बौद्धिक राय पनि भेटिने गरेको छ । यति हुँदाहुँदै पनि मोतीराम र बाबुराम आचार्य वा रमानाथ र विष्णुमाया अनि डि.दुर्गादत्त पछिका आचार्य खलकहरूमध्ये भानुभक्तबारे लेख, किताब लेख्ने प्रायले चाहिँ भानुभक्तले जागिर खाएका थिएनन् भनेर दाबी गर्दै आएका छन् । यसै प्रसङ्गमा भानुभक्तका पनाति मुक्तिनाथ आचार्य (भानु पुस्तकालयका पूर्व अध्यक्ष)ले समेत "कवि भानुभक्त आचार्यले जागिर खाएका थिएनन्" भनेर लेखेका छन् ।[1]

१. "सर्वप्रथम हाम्रा राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जीवनचरित्र लेखेर प्रकाशमा ल्याउने सौभाग्य प्राप्त गरेका युवाकवि मोतीराम भट्टले कवि भानुभक्त आचार्यको अभूतपूर्व प्रतिभालाई समस्त नेपाली जनमानसका बीच प्रकाशमा ल्याइदिएर ज्यादै प्रशंसनीय कार्य गरेकाले आज उनी सबैका प्रशंसाका पात्र बन्न पुगेका छन् ।

अझै भट्टजीले चुँदी रम्घासम्म पुग्ने कष्ट उठाई स्वयम् कवि भानुका सुपुत्र रमानाथ आचार्यसँग सम्पर्क राखी कविजीको जीवनी प्रकाशमा ल्याइदिएका भए आज कवि भानुभक्तसम्बन्धी कुनै पनि विषयमा कसैलाई पनि शङ्का उपशङ्का उठाइरहनुपर्ने थिएन, तर त्यसो हुन नसकि मोतीराम भट्ट आफू काठमाडौँमा नै रहेर काठमाडौँमा पढ्न बसेका आदिकवि भानुभक्तका भतिजा नाताका आलाकाँचा विद्यार्थी केटा रामदत्त आचार्यका साथै काठमाडौँ निवासी सुब्बा धर्मदत्त ज्ञवालीसँग मात्र मोटामोटी सोधबुझ गरी त्यतिकै आधारमा भट्टजीले भानुभक्तको निधन भएको २२ वर्षपछि लेखेर प्रकाशमा ल्याएको आदिकवि भानुभक्त आचार्यको जीवनचरित्रमा कविजीले सरकारी जागिर खाएका थिए भन्ने कुरा उल्लेख गरिदिएका हुँदा तत्सम्बन्धमा र अन्य केही विषयमा समेत आज नेपाली साहित्यको फाँटमा दुविधाका प्रसङ्गहरू उठ्दै गरेको सुन्दै आइरहनुपरेको छ मात्र होइन; त्यसले गर्दा कविजीका वंशज हामीहरूलाई धेरै दु:ख पनि लागिरहेको छ ।" (भानु स्मारिका, भानु जन्मस्थल विकास समिति २०६४)

•

मोतीराम भट्टले १९४७ सालमा धर्मदत्त ज्ञवालीकहाँ भेटेका रामदत्त आचार्यको सौजन्य प्राप्त नभएको भए भानुभक्तको जीवनीका अनेक तथ्य त्यसै

राष्ट्रिय विभूति भानुभक्त आचार्यका विषयमा अझै वंशज र बाजेपट्टिबाट छुट्टिएका सातपुस्ते सन्तान नै हावी हुनुलाई न्यायोचित मानिँदैन भन्ने अनेकौँ बुद्धिजीवीहरूको मत रहेको छ । तर अपवाद रूपमा भानुभक्तका माहिला काका काशीनाथतर्फका शाखासन्तति प्रा.डा.शर्वराज आचार्यले भने 'भानुभक्तीय खोजमा भानुभक्तले जागिर खाएको मानेको पाइयो । वास्तवमा भानुभक्त आचार्य भन्नु कुनै व्यक्ति, वंश, क्षेत्र या भूगोलका मात्र पेवा होइनन्, यी त सिङ्गो नेपाली भाषाका मुकुट हुन् ।

•

भानुभक्तका बाबु धनञ्जय पाल्पाको तहसिल अड्डामा खरदार थिए । उनले ३० वर्ष जति सरकारी सेवा गरेका थिए भनिन्छ । जागिरे अवस्थामा नै उनी १९०७ सालमा बिरामी परे । उनको इच्छाअनुसार उनलाई काशी लगिएको थियो र त्यहीँ नै उनको निधन भएको थियो । धनञ्जय सिकिस्त बिरामी भएपछि त्यही खरदार पदमा उनका छोरा भानुभक्तलाई नै जागिर दिइएको हुन सक्छ पनि भनिन्छ । भाइचन्द प्रधानका अनुसार पनि '१९०७–०९ दुई वर्षसम्म भानुभक्तले सरकारी जागिर खाएका थिए ।' तर गिरिधारीको

---

हराएर, बिलाएर र सडेर पनि जान सक्थे । मोतीरामले रामदत्तको सौजन्यमा नै भानुभक्त देखाए र चिनाए; तर पनि विष्णुमायाको 'भानुभक्त मणिमाला' आएपछि अप्रत्यक्ष रूपमा भानुभक्तको जन्म वर्ष र 'भानुभक्त मणिमाला'का जन्मका तिथिमितिलाई लिएर ठाउँठाउँमा मोतीराम र रामदत्त नै अघोषित आलोचनाका पात्र पनि बन्दै गए । अनि यही जागिरकै प्रसङ्गमा पनि मोतीराम भट्टले अनि बाबुराम आचार्यले भानुभक्तकै नाति डि. दुर्गाभक्त र भानुभक्तका भान्जा पर्ने सुब्बा वीरेन्द्रकेशरी अर्ज्यालले पनि भनेझैँ भानुभक्तले जागिर खाएको हो भन्नुमा केको आपत्ति थियो र ? रामदत्त र मोतीरामका अनि बाबुराम आचार्य, डि. दुर्गाभक्त आचार्य (भानुभक्त पुत्र रमानाथका एक छोरा)का भनाइको उपेक्षा हुनु आदिका कुरा झुटा हुन् भनेर कविताको पङ्क्तिका आशयलाई भाँचेर, तन्काएर र खुम्च्याएर त्यसको अनाहक व्याख्या र विश्लेषण गरिनु कुन साहित्यशास्त्रको अनुशासनभित्र पर्दछ भन्ने एक थरी बौद्धिक तर्क पनि उठ्ने गरेको छ ।

उजुरबाजुरका कारण भानुभक्तको दुई वर्षमा जागिर गएको पनि हुन सक्छ ।

धनञ्जयको मृत्यु भएको वास्तविक वर्ष खोजीद्वारा किटान हुन बाँकी नै छ । त्यसैले त्यो वर्ष किटानी थाहा भएपछि नै यी सबै कुरा अरू स्पष्ट हुँदै जालान् । तर अपवादरूपमा भानुभक्तका माइला काका काशीनाथतर्फका शाखासन्तति प्राध्यापक डा.शर्वराज आचार्यले 'मधुपर्क' (वर्ष २६ अङ्क ६)मा भानुभक्तले जागिर खाएका थिए भनेरै किटेका छन् ।

धनञ्जयको निधन भएपछि भानुभक्तलाई स्याहास्रेस्ता नमिलेको हुँदा समातिएको हो भनेर अनाहक कुराहरू पनि लेखिन थाले । बाबु जागिर हुँदै बिती उनका स्याहास्रेस्ता फरफारक गर्न कुमारीचोकले उनलाई पक्राउ गरेको थियो भन्ने काल्पनिक र अनुमानित लिखित बेहोरा पाठकमाझ पछिपछि आए । (यसरी फुटा बेहोराले ढाकछोप गरिएका भानुभक्तको जीवनीका विविध प्रसङ्गले पाठकलाई रनभुल्ल बनाएका छन् ।)

बाबुबाजेकै पालादेखि चुँदी रम्घामा भानुभक्तको जग्गाजमिन निक्कै नै थियो । त्यति मात्र होइन, उनका बाबु धनञ्जयले काठमाडौँमा पनि घर लालमोहर बक्सिस पाएका थिए । भानुभक्तका बाबु खरदार पदमा नेपाल अङ्ग्रेज युद्धभन्दा अगिदेखि नै सरकारी कर्मचारी भएका थिए । त्यतिखेर जागिर छाड्छु भनेपछि मात्र उनको जागिरसँगको सम्बन्ध विच्छेद भएको हुन सक्छ । त्यसैले बिरामी भएर अशक्त भएपछि मात्र उनले जागिर छाडेका थिए ।

•

भानुभक्त आफ्नै जागिरका कारणबाट कुमारीचोकमा थुनिए अथवा गिरिधारी रानाभाटको उजुरी, ळोसपोल या शक्तिबाट थुनिए भनी आशङ्का गर्ने मनोवैज्ञानिक ठाउँ प्रशस्तै छ । उनी पाँच महिना कुमारीचोकको निगरानीमा बसे । त्यस बखत बेलैमा मुद्दाको छिनोफानो

नभएको विषयलाई लिएर उनले कमान्डरइनचिफ कृष्णबहादुर जङ्ग राणालाई एउटा परिहासपूर्ण र व्यङ्ग्यात्मक कविता लेखेर पनि चढाए :

**रोज्रोज् दर्शन पाउँछू चरणको ताप् छैन मन्मा कछू**
**रात्भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छू**
**लाम्खुट्टे उपिञा उड्नस् इ सँगि छन् इन्कै लहड्मा बसी**
**लाम्खुट्टेहरू गाउँछन् यी उपिञा नाच्छन् म हेर्छू बसी ॥**

भानुभक्त आचार्य विनोदी, परिहासप्रेमी, चतुर, प्रतिभाशाली र विद्वान् थिए । उनी रिसाहा, झोक्की र आक्रामक स्वभावका पनि थिए । त्यसैले कुनै बेला यिनको झगडा गिरिधारी भाटको परिवारसँग भएको हुनुपर्छ । भाट पनि स्थानीय स्तरका नामी र धनी हुनुपर्छ । यही झगडाका कारण, ईर्ष्या र ईख पनि शत्रुभावनाका कारण भाटले आफ्नो पहुँच लगाई र भित्री दाउपेचले भानुभक्तलाई थुनाएको हुन सक्छ । यदि भाटकाण्डका भित्री पेचमा भानुभक्त थुनिएका थिएनन् भने उनले जागिर खाँदा आफूले स्याहास्रेस्ता गल्ती गरे वा नगरेको अथवा आफ्नो बाबुको पालाकोसमेत स्याहास्रेस्ता फरफारक गर्न आफू कुमारीचोकका निगरानीमा भएको कुरा कमान्डरइनचिफ कृष्णबहादुर राणाका हजुरमा जाहेर गरेका कवितामा किन लेखेनन् भन्ने पनि एकथरी तर्क पाइन्छ । यदि बाबुको स्याहास्रेस्ता फरफारकका कारणमा भानुभक्त थुनामा परेका थिए भने थुनाबाट छुटेपछि पनि त सो विषयबारे भानुभक्तले यकिन आफ्ना कुरा पद्यमार्फत लेख्न सक्थे भन्ने बौद्धिक राय पनि भेटिन्छ । त्यसैले यो थुनाको विषयलाई पनि भानुभक्तका कविताका आशयलाई अन्यत्र बहकाई कतैकतै कथावस्तु मात्र बनाएको हो कि भन्ने पाठकले अनुमान लगाउने ठाउँ भेटिन्छ । किनभने, भानुभक्त आफ्नो या बाबुको जागिरको बखतको बहिखाता स्याहा फरफारक गर्ने बाहेक खास के कारणले थुनिए भन्ने कसैले यथेष्ट प्रमाण दिन सकेका छैनन् । यसबारे खुद भानुभक्तका कवितावाहेक अरू जति पनि लेखोट आए ती प्रायः हचुवा, कल्पना र सम्भावनामा मात्र आधारित भई प्रस्तुत भएको देखिन्छ ।

भानुभक्त कुमारीचोकका निगरानीमा पर्दा उनी दिनभरि डुल्न पनि पाउँथे । घरतिर चिठीपत्र र रामायणका श्लोकहरू जेजति पनि लेख्न पाउँथे । यति हो, उनी राती सुत्न कुमारीचोक आउँनुपर्थ्यो । बाबुराम आचार्यका अनुसार भानुभक्तको "यो थुनाइ मामुली थियो । यहीँ (कुमारीचोकमा) बिरामी हुँदा छुटेर काठमाडौँको आफ्ना डेरैमा गएर बसे ।"

थुनामा पर्दा भानुभक्त धेरै दु:खी हुनु स्वाभाविकै हो । तर त्यो थुनाहा कवि भानुभक्तका लागि वरदान बन्यो; किनभने त्यहाँ पनि उनले आफ्नो सृजनकर्मलाई जारी राखे । उनी थुनामा परेकै हुँदा उनले आफ्नो सृजनात्मक प्रतिभालाई 'बालकाण्ड'पछि थप चार काण्ड रामायण रचेर र घतिला र पेचिला कविता पनि बनाएर झनै व्यापक रूपमा प्रस्तुत गर्न सकेका थिए ।

भानुभक्त आचार्य थुनामा पर्नुपूर्व नै उनले 'रामायण'को सुरु गरिसकेका थिए । त्यहाँ निगरानीमा पर्दा या कुमारीचोकमा बसेर उनले 'रामायण'का 'अयोध्याकाण्ड', 'अरण्यकाण्ड' 'किष्किन्धाकाण्ड' र 'सुन्दरकाण्ड' तयार गरे । अनि थुनाबाट छुटेपछि यिनले 'युद्धकाण्ड' पूरै र 'उत्तरकाण्ड' कथा पनि लेखे । उत्तरकाण्डभित्रको रामले लक्ष्मणलाई वेदान्तका सूक्ष्म अध्यात्म तत्त्वको उपदेश गरेको अंश 'रामगीता'समेत जीवनका अन्त्यसम्म मीठोसँग नेपालीमा रचना गरी आफ्ना 'रामायण'का रचनाभवनमा गजूर पनि चढाइदिए ।

फेरि भानुभक्तका कुमारीचोक निगरानीकै बखतको कुरा गरौँ । उनले 'रामायण'का उपर्युक्त काण्डहरूबाहेक त्यस बखत आफ्ना गुनासा, समस्या र झोँक अनि अनुनय र परिहासजन्य चेतनाका जुन अमर पद्यहरू रचे; ती यस्ता रहेका छन्–

•

**चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको ।**
**आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको ॥**
**क्यारू आज पर्‍यां म ता विपतमा एक्लो ञाहां छू फगत् ।**
**कुन् पाठ्ले व्रतबन्ध पार्गरु मफेर्मान्छू अंध्यारो जगत् ॥२॥**

**गायत्री दिनु बाबुको छ अधिकार्भिक्षा दिनू माइको ।**
**बालख्मा पनि वेद् पढी कन सुसार्गर्नू गुरु गाइको ॥**
**यस्तो मुख्य बखत् छ यो अरु छ कुन् काम् पारलाई दिन्या ।**
**धेरै बिन्ति कती गरूँ चरणमा एकै कुराले छिन्या ॥३॥**

**ख्यामित् आज हजुर्हरू पृथिविमा मालिक् छंदामा पनी ।**
**ब्राह्मण्को व्रतबन्ध अड्कन तयार्देख्या र मालिक् भनी ॥**
**जाहीरात गर्‍यां प्रभू हजुरमा जो मर्जि होला भनी ।**
**कंढैसित् भनि मर्जि हुंछ त भन्या क्यारू सहन्छू पनी ॥४॥**

यसै कविताले भानुभक्तलाई कुमारीचोकको थुनाबाट मुक्त गरिदियो । यसैबारे मोतीराम भट्टले लेखेका छन्–

"जब यो व्रतबन्धको कुरो राखी कवि भानुभक्ताचार्यले विन्तीपत्र चढाए सर्कारले खुसी भै निज कवि भानुभक्तलाई कुमारीचोक्बाट फारग् पत्र दिंदामा तुरन्त सम्वत् १९०९ विक्रमीयका फागुन मैह्नामा घर गै आफ्ना पुत्र रमानाथको व्रतबन्ध गरे ।

फेरि विक्रमीय सम्वत् १९१० मा नेपाल आये र बाकी रहेको युद्धकाण्ड र उत्तरकाण्डको पनि तर्जुमा भयो र यो रामायण ग्रन्थ पूरा भयो ।"

# भानुभक्तको सम्मान

मोतीराम भट्टका पालामा गोर्खा भाषा भनिने नेपाली भाषाका कवितामा भानुभक्त प्रथम कवि थिएनन् । उनीभन्दा पहिला पनि नेपाली भाषामा कविहरू थिए । नेपाली साहित्य संसारमा अनेक कविताकृतिहरू लेखिएका थिए; तर ती कवि र कविताहरूलाई मोतीराम भट्टले त्यति पत्याएनन्, किनभने उनले भानुभक्तको 'रामायण' जनजिब्रोमा कण्ठकण्ठमै भिजिसकेको पाएका थिए । त्यतिमात्र होइन उनले भानुभक्तका 'रामायण' लगायत अरू रचनाहरू पनि निकै मिहिनेत गरी खोजेर फेला पारे ।

मोतीरामलाई भानुभक्तले लेखेको 'रामायण'ले तान्यो र उनी त्यसैमा लहरिँदै र लहसिँदै गए । नेपाली समाजलाई मर्यादापुरुष रामको महिमागान गरी नैतिकताको पाठ पढाउने, रावणको पराजयको कथामार्फत समाजलाई रामझैँ असल भएर विजयी बन्ने पाठ सिकाउने समेत लक्ष्य भएको भानुभक्तीय रामायणको कथावस्तु नेपाली शैली र नेपाली जनसमुदायमा भिजेको थियो । यस्ता समाजोपयोगी गाथा नेपाली पारामा अति रसिलो र मीठो भाषाशैली र छन्दलयमा प्रस्तुत गर्ने सृजनात्मक सामर्थ्य भानुभक्तका रचनामा भेटेका कारण पनि मोतीरामले भानुभक्तलाई आदिकविको सम्मान दिएको हुनुपर्छ । अन्ततः नेपाली भाषामार्फत 'रामायण'का कवितालाई लोकप्रिय बनाउने भानुभक्त नै प्रथम नेपाली कवि हुन् भन्ने मान्यतामा मोतीराम पुगे । त्यसैले उनले भानुभक्तको जीवनी लेख्ने क्रममा भानुभक्तलाई 'आदिकवि'

भनेर लेखिदिए । ऋग्वेद, सामवेददेखिका संस्कृत कविताकाव्यका इतिहासमा पुराना थुप्रै कवि भए पनि लोकप्रिय रामायणकार वाल्मीकिलाई आदिकवि भनिएको पनि मोतीरामले सम्झे होलान् । नेपाली भाषासाहित्यको इतिहासमा मोतीरामकै कलमबाट भानुभक्तका निम्ति 'आदिकवि' भन्ने शब्दको शुभारम्भ र श्रीगणेश भयो ।

१९४८ सालको कुरो हो, भानुभक्तलाई मोतीरामले 'कवि भानुभक्तको जीवनचरित्र' कृतिमार्फत सर्वप्रथम आदिकवि भनेर पूरापूर चिनाए । तर यसबारे कतै कुनै प्रतिवाद र तर्कवितर्क भएन । रघुनाथ पोखरेलको 'रामायण'को 'सुन्दरकाण्ड' दोस्रो संस्करणको मुखबन्ध (भूमिका : १९८९)मा दीनानाथ सापकोटाले भानुभक्त आदिकवि होइन; रघुनाथ हुन् भनेर लेखिदिए । त्यस बेहोराले केही भ्रम सिर्जना पनि गरेको थियो, तापनि १९९७ सालमा श्री ३ प्रधानमन्त्री (प्राइमिनिस्टर) जुद्धशमशेरबाट 'भानुभक्तलाई आदिकवि भने पनि हुन्छ' भन्ने हुकुमप्रमाङ्गी भयो । त्यस बेला श्री ३ जुद्धशमशेर राणाले भारत दार्जिलिङको नेपाली साहित्य सम्मेलनलाई 'भानुभक्तस्मारक' ग्रन्थका प्रकाशनका सन्दर्भमा प्रदान गरेको उक्त स्मारक ग्रन्थमा प्रकाशित सन्देशमा भनेका थिए– "सगुण स्वरूप भगवान् श्री रामचन्द्रको पवित्र चरित्र व्याख्यान भएको 'अध्यात्म रामायण'लाई सरल नेपाली भाषामा श्लोकबद्ध गरी उतारी रामरस फैलाउने कवि भानुभक्ताचार्य नेपाली भाषाका आदिकवि हुन् भने पनि हुन्छ, त्यस्ता चिरस्मरणीय व्यक्तिको स्मारक ग्रन्थ नेपाली साहित्य सम्मेलनले प्रकाश गर्न लागेको बहुतै बढिया हो ।" जुद्धशमशेरबाट घुमाउरो तालमा हुकुम भए तापनि यस कुराले राजकीय मान्यता पनि प्राप्त गऱ्यो । त्यसपछि नेपाली जातिका माझमा भानुभक्तलाई सहज रूपमा 'आदिकवि' भनेर चिनाउन थालियो । अनि क्रमश: उनको त्यो 'आदिकवि'को सम्मानले नेपालका डाँडापाखा र नेपाली संसारलाई ढाक्न थाल्यो ।

भानुभक्तको आदिकवि उपाधिबारे मतमतान्तर पनि देखिएका छन् । तर नेपाली भाषाका प्राय: सम्पूर्ण विज्ञजनहरूले भानुभक्तलाई 'आदिकवि' नै भनेर चिन्ने गर्छन् । यसबारेको २००३ सालदेखि इतिहासशिरोमणि बाबुराम आचार्यलगायत त्यसपछि विभिन्न विद्वान्हरू हुँदै प्राध्यापक डा.वासुदेव त्रिपाठीले र त्यसपछि पनि अरूहरूले प्रकट गरेका बेहोरामा सही थप्तै ठाकुर पराजुलीले 'आदिकवि'को परिभाषा यसरी प्रस्तुत गरेका छन्– "भानुभक्तलाई 'आदिकवि' भनिन्छ । यो उनको उपाधि या विशेषण मात्र नभएर उनको समकालीन नेपाली कविताकै साङ्केतिक नाम हो । त्यस युगभरि भानुभक्त सर्वत्र छाएका छन् । एकप्रकारले उनी प्राचीन नेपाली साहित्यका पर्याय नै भए । जनताको दिललाई नछोएसम्म र त्यसको स्पन्दनसँग नमिसिएसम्म कविताले आफ्नो अस्तित्व प्रमाणित गर्न सक्तैन भन्ने कुरा भानुभक्तले त्यहाँ देखाइदिए । भानुभक्तपूर्वका टुटेफुटेका अभिव्यक्तिमा रचिएका र सीमित परिधि ओगटेका रचनाले कविताको सग्लो अनुहार प्रस्तुत गर्न सकेका थिएनन् । त्यस्तो बेलामा भानुभक्त आएर काव्यरचनाको सही पहिचान गराए । त्यति मात्र होइन; त्यसमा उनले युगीन चाहना बुझेर नेपालीपनको मर्मसमेत थपे । नेपाली काव्ययात्राको यो सही चेष्टा थियो । 'आदिकवित्व'लाई प्रश्नचिह्न लगाउने पण्डितहरू प्राय: यस उपाधि वा विशेषणलाई अभिधेय अर्थमा व्याख्या गर्ने व्यर्थको चेष्टा गर्छन् । अभिधेय अर्थबाट साहित्यमा फटचाइँ गर्ने हजारौँ बखेडा निकाल्न त सकिन्छ तर त्यसबाट व्यञ्जित अभिप्राय पहिल्याउन त किमार्थ सकिँदैन । वाल्मीकिलाई 'आदिकवि' भनिन्छ र उनको काव्यलाई 'आदिकाव्य' मानिन्छ । यसको अर्थ वाल्मीकिभन्दा पहिले कुनै कवि थिएनन् भन्न खोजेको होइन । वाल्मीकिभन्दा सयौँ वर्ष अगाडि 'ऋग्वेद' जस्तो विश्वप्रसिद्ध कविता-भण्डार तयार भइसकेको थियो । भानुभक्तका सम्बन्धमा पनि यही कुरा लागु हुन्छ ।"

• • •

आदिकवि भानुभक्तलाई नेपाल सरकारले नेपालको राष्ट्रिय विभूतिको सम्मान दिएको छ । खास गरेर भानुभक्तको महिमा गाउन भारतीय नेपालीले नेपालवासीलाई सिकाएको पाइन्छ । भारतको दार्जिलिङमा त सरकारी बिदासहित जनस्तरमा भानुजयन्तीको परम्परा व्यापक बनिसक्यो । भारतीय नेपाली भाषाको सिक्किम, असम आदि र अरू अरू बस्तीबस्तीमा पनि भानुजयन्तीको महिमा बढ्दो छ । भारतको दार्जिलिङमा सन् १९४६ मा पहिलो भानुजयन्ती मनाइएको थियो । फाटफुट वार्षिक भानुजयन्ती मनाउने कार्य नेपालमा २००३ सालतिरैदेखि र राजधानी काठमाडौँमा २०१० सालदेखि थालिएको भेटिन्छ । सर्वप्रथम भानुभक्तको सालिक २००६ सालमा दार्जिलिङको चौरस्तामा स्थापना गरिएको थियो । अनि त्यसको १० वर्षपछि मात्र अर्थात् २०१६ सालमा काठमाडौँको दरबार हाइस्कुलको पर्खालमा टाँसेर भानुभक्तको सालिक निर्माण गरियो । त्यसपछि भानुभक्तका सालिक देशका विभिन्न भूभाग र विदेशहरूमा पनि प्रतिष्ठापित हुन थाले । भानुभक्तको नाउँमा विभिन्न ठाउँमा पुरस्कार, सम्मान, जनसंस्था, शिक्षण संस्था, पुस्तकालय आदि पनि निर्माण भएका छन् । देशविदेशका विभिन्न क्षेत्रका नगर, गाउँ आदिका अनेक ठाउँ, चोक आदिको नामकरणसँग भानु जोडिन पुगेका छन् । भानुभक्तको सम्मानमा नेपाल सरकारबाट हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कबाट सिक्कासमेत निकालिएको छ । यादव खरेलको अत्यन्तै दूरदर्शी सोचका कारण उनैको पहल, सक्रियता र निर्देशनमा 'आदिकवि भानुभक्त' शीर्षकको चलचित्रसमेत निर्माण भयो । नेपाली परिवेशमा चाहे सरकारका तर्फबाट होस् र चाहे जनताका तर्फबाट होस्; भानुभक्तलाई दिइएजति उच्च सम्मान अन्य कुनै साहित्यकारले पाएका छैनन् । वास्तवमा उनलाई नेपाली जाति र भाषाको एकतासूत्रका रूपमा पनि ग्रहण गरिन्छ ।

नेपाल सरकारले भानुभक्त आचार्यको जन्मस्थललाई नेपाली साहित्यको तीर्थस्थलका रूपमा विकास गर्ने योजना बनाएको छ ।

त्यही रूपमा 'भानु जन्मस्थल विकास समिति (२०५२)' को स्थापना पनि गरेको हो । 'भानु जन्मस्थल विकास समिति'लाई सरकारले पूर्वमा मर्स्याङ्दी नदी, पश्चिममा प्याङ्खोला, उत्तरमा फाउँदी खोला र दक्षिणमा बरभन्ज्याङ डाँडाका सिमानाभित्र राखेर विकास गर्ने अभिप्राय राखेको हो । तर सरकारी न्यून बजेट, जनशक्तिको अभाव र सरकारी नियन्त्रणका साथै स्थानीय जनताको नानाथरी विचारका कारण भनेजस्तै रूपमा यसको विकास देखिँदैन; तापनि यसको विकास गर्ने गुरुयोजना र खाकाचाहिँ तयार भएको छ । सरकारद्वारा 'भानु जन्मस्थल विकास समिति'को गठन भए तापनि त्यस ठाउँमा त्यति उल्लेखनीय काम हुन नसक्नाको कारण राजनीतिक खिचातानीलाई पनि मान्नुपर्छ भन्ने कतिपय स्थानीय पर्यवेक्षकहरू बताउँछन् ।

नेपाल सरकारले 'भानु जन्मस्थल विकास समिति' र त्यसबारेको योजना बनाएबमोजिम भानुभक्त विषयक विशेषज्ञ व्यवस्था र अर्थव्यवस्था भएको देखिँदैन । गैरराजनीतिक र शुद्ध साहित्यिक कार्य गर्नुपर्नेमा ज्यादाजसो राजनैतिक दलका गैरसाहित्यिक कार्यकर्तालाई त्यस्तो पवित्र ठाउँको जिम्मा दिइएकाले अपेक्षाकृत यसको विकास हुन नसकेको भन्ने पनि कसैकसैको भनाइ रहेको छ । भानु जन्मस्थल विकास समितिको गठन आदेश[१] जति नै बुँदाको भए तापनि त्यसअनुरूपको कामचाहिँ भएको छैन ।

---

१. **भानु जन्मस्थल विकास समितिको काम, कर्तव्य र अधिकार** :

(क) भानु जन्मस्थलको विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) भानु जन्मस्थलको विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था, निकाय वा व्यक्तिबाट नगद वा जिन्सी वा अन्य कुनै प्रकारको सहयोग प्राप्त गर्ने,

(ग) आदिकवि भानुभक्तसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेका प्राचीन सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका स्थलहरूको संरक्षण, सम्वर्द्धन एवम् पुन:निर्माण गर्ने,

भानुभक्त आचार्य भन्ने नाउँ कुनै वर्ग, समुदाय, भेग र देशको मात्र पनि पेवा नभएर अब नेपाली जगत्‌को अन्तर्राष्ट्रिय मान्यता प्राप्त अटल तथ्य नै भइसकेको छ । सरकारी र अन्तर्राष्ट्रिय सहयोगका साथै विशेषज्ञसमेत जुटेमा 'भानु जन्मस्थल विकास समिति'लाई पनि लुम्बिनी अर्थात् गौतम बुद्धको जन्मस्थलजस्तै आफ्ना ढङ्गले बृहत् पार्न सकिन्छ भन्ने भानुभक्तका खनाति श्रीभक्त आचार्य (भानु जन्मस्थल विकास समितिका पूर्व अध्यक्ष)को भनाइ रहेको छ । वास्तवमा 'भानु जन्मस्थल विकास समिति'को संस्थागत स्थापना साहित्यकार समुदायका भावना र जनचाहनाका दृष्टिले पनि अत्यन्त उपयुक्त नै देखिन्छ ।[२] तर यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनेतर्फ सरकार

---

(घ) भानु जन्मस्थलमा रहेको भानु पुस्तकालयलाई नेपाली भाषा र साहित्यको केन्द्रका रूपमा सुदृढ गराउने,

(ङ) आदिकवि भानुभक्तका समकालीन साहित्यकारहरूको हस्तलिखित पाण्डुलिपि एवम् मुद्रित सामग्रीहरू तथा भानुभक्तसँग सम्बन्धित प्राचीन सामग्रीहरूको सङ्कलन र संरक्षण गर्ने,

(च) भानु जन्मस्थलको प्राकृतिक सम्पदा एवम् वातावरणको संरक्षण तथा सम्बर्द्धन गर्ने,

(छ) भानु जन्मस्थलमा रहेका शैक्षिक संस्था, स्वास्थ्यकेन्द्र, पुल, ढल, कुलो, पानी, बिजुली, टेलिफोन, सडकजस्ता आधारभूत चिजहरूलाई व्यवस्थित गर्ने,

(ज) भानु जन्मस्थलमा समयसमयमा भाषिक, साहित्यिक, शैक्षिक तथा सांस्कृतिक महत्त्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनको आयोजना गर्ने,

(झ) भानु जन्मस्थलसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरू बीच आवश्यक समन्वय गराउने,

(ञ) भानु जन्मस्थलको गरिमालाई आघात पुऱ्याउने कामहरूको नियन्त्रण तथा निषेध गर्ने र

(ट) यस आदेशबमोजिम समितिको उद्देश्यपूर्तिका लागि अन्य काम गर्ने, गराउने ।

२. यस समतिले नेपाल सरकारको चाहनाअनुरूप स्थानीय रूपमा विभिन्न भौतिक विकासका साथसाथै नेपाली भाषा र साहित्यको क्षेत्रमा उत्कृष्ट योगदान गर्नुपर्दछ । यसको उद्देश्यअनुरूप विकासका अल्पकालीन र दीर्घकालीन

र विभागीय मन्त्रीको सुदृष्टि र दृढ समर्थनको विशेष आवश्यकता रहेको छ भन्ने भानुभक्तका भक्तहरूको दृष्टिकोण रहेको छ ।

•••

नेपाल सरकारले भानुभक्त आचार्यको २०० औँ जन्म जन्मजयन्तीका अवसरमा 'भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति'को गठन गरेको थियो । त्यस कार्यक्रमका लागि सरकारद्वारा

---

गुरुयोजनाको निर्माणमा यसको ध्यान केन्द्रित हुँदै छ । समग्र विकासको बृहत्तर गुरुयोजनामा नेपाली भाषा र साहित्यको यो एक समृद्ध तीर्थस्थल, अध्ययन तथा अनुसन्धानको केन्द्र र पर्यटकीय गन्तव्यको रूपमा विकसित हुनुपर्नेछ । यस महान् उद्देश्यको पूर्ति गर्न अध्ययन, अनुसन्धानका लागि बृहत् पुस्तकालय, आवास क्षेत्र, सुगम मोटर मार्ग, बिजुली, पानी र सञ्चार सुविधाको व्यवस्था भएको बृहत् भानुपार्क निर्माण गर्न जमिन उपलब्ध हुनुपर्छ । यस क्षेत्रको विकास-निर्माणका लागि आवश्यक जनशक्ति र भौतिक सुविधाजस्ता कुरा न्यूनतम पूर्वाधारहरू हुन् ।

- समितिले स्थानीय क्षेत्रको विकासको लागि बाटो, चौतारा, पानी, विद्यालय र पार्कहरू निर्माणको लागि स्थानीय जनतालाई सहयोग पुऱ्याउँदै आएको छ । समितिको आफ्नै कार्यालय भवन, भानु पुस्तकालय र भानु सङ्ग्रहालय छन् । कार्यालय भवनअगाडि आदिकवि भानुभक्त आचार्यको पूर्णकदको प्रतिमा रहेको छ ।
- यस वरपर भानुभक्तले हिँडेडुलेका र खेलेका क्षेत्रहरू छन् । तिनको पहिचानका साथै विकास पनि जरुरी छ ।
- भानुभक्तको जीवनीमा आधारित चलचित्र निर्माण भएको छ । यसको प्रचारप्रसार हुनुपर्ने र सामयिक सुधार एवम् परिमार्जनको पनि खाँचो छ ।
- कुनै पनि देशको विकासका साथसाथै त्यसको भाषा र साहित्यको विकास पनि आवश्यक हुन्छ । त्यसमा आदिस्रष्टाको क्षेत्रको समग्र विकासका साथै जन्मस्थललाई साहित्यिक पर्यटकीय क्षेत्र बनाउनु पनि विकासको एक काम हो । भानु जन्मस्थल विकास समिति यसमा लागिपर्ने नेपालको एक मात्र आधिकारिक सरकारी संस्था हो ।
- यो संस्था आफ्नो विकासका लागि भाषासाहित्यका अनुरागी राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्र, संस्था, व्यक्तित्व र सरकारसँग सम्पर्क बढाउन चाहन्छ र सबैको सुझाव एवम् सहयोगको अपेक्षा राख्दछ ।

एक करोड रुपियाँ विनियोजन गरेर खर्चसमेत गरिएको थियो । नेपालका १४ अञ्चल र नेपालबाहिर २५ राष्ट्रमा यसका लागि स्थानीय द्विशतवार्षिकी समारोह समितिहरू गठन गरेर भानुभक्तको द्विशतवार्षिकीलाई देशव्यापी र विश्वव्यापी रूपको बनाइएको थियो । विशेषत: नइ प्रकाशन र त्रिमूर्ति निकेतनकै सुझावअनुसार पनि नेपाल सरकारबाट आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकीको कार्यक्रम तय भयो र यो पर्व अत्यन्तै सफलताका साथ सम्पन्न पनि भयो । यस्तो बृहत् कार्यक्रमको परिकल्पना तथा प्रबन्धन राष्ट्रिय र अन्तर्राष्ट्रिय नेपाली जगत्मा हुनु गौरवको विषय हो । नेपाली भाषासाहित्यको इतिहासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ज्यादै व्यापक सञ्जाल स्थापित भएको सङ्गठन 'भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति' नै एक थियो ।

संसारभरिका नेपालीहरूले भानुभक्तलाई आफ्नो जातीय संस्कृतिका शिर माने तापनि केही आचार्य वंशीहरूले चाहिँ भानुभक्तलाई अझै आफ्नै पेवा, ठेक्का र पेसा मान्दै आएको पनि देखिन्छ । यसै परिप्रेक्ष्यमा 'मधुपर्क' (वर्ष ४७, अङ्क २)मा अन्तर्वार्ता दिनेक्रममा भानुजन्मस्थल विकास समितिका अध्यक्ष बलराम ढकालसँग भानुभक्तका पनाति मुक्तिनाथ आचार्यले भनेका छन्– 'हामी भानुभक्तका सन्तति मात्रै (भानुभक्तको) स्थायी प्रचारक हौँ जस्तो भान भएको छ । ... हामी भानुभक्तलाई जति श्रद्धा गर्छौं– त्यति गर्ने अरू कोही छैनन् ।'

भानुभक्त सिङ्गो नेपाली जातिका बीच अति श्रद्धापूर्वक 'आदिकवि'मा सुप्रसिद्ध भए । कतिसम्म भने भानुभक्त भनेका 'आदिकवि' र आदिकवि भनेका 'भानुभक्त' भन्ने पर्याय नेपाली बृहत् संसारमा सुपरिचित भयो । 'नेपाली बृहत् शब्दकोश'मा नै आदिकविको अर्थ परम्परा स्थापित गर्ने प्रारम्भका कवि (संस्कृतका वाल्मीकि, नेपालीका भानुभक्त, अङ्ग्रेजीका चौसर इ.) लेखिएको छ ।

# भानुभक्तको जीवनमा घाँसी

भानुभक्त आचार्यको जीवनमा गाँसिएको घाँसीको प्रसङ्ग भानुभक्तका दुई श्लोक कविताबाट प्रेरित भएका मोतीराम भट्टको सुन्दर कल्पनाको परिणाम थियो । पछि बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटाजस्ता उत्तरवर्ती विशिष्ट स्रष्टाहरूले अरु यस सन्दर्भलाई सिँगारपटार गरिदिए । त्यसैले यस प्रसङ्गले पनि नेपाली साहित्यिक समाजमा विश्वास पाइसकेको छ । अब घाँसीका सालिक बन्नेदेखि लिएर स्रष्टाहरूका निबन्ध र कवितासम्ममा पनि भानुभक्तको घाँसी दरोसँग स्थापित भइसकेको पाइन्छ । त्यसैले ती बेहोरा स्वीकार गर्नैपर्छ; मानौँ घाँसी पनि साक्षात् थिए ।

मोतीराममा कल्पनालाई यथार्थ तुल्याउन सक्ने कलात्मक शैली पनि थियो । यस बेहोरालाई घाँसीको कथात्मक परिकल्पनाले पनि सुन्दर बनाइदियो । वास्तवमा भानुभक्तले घाँसीबाट प्रेरणा लिएको प्रसङ्गलाई मोतीराम भट्टले भानुभक्तको जीवनचरित्र लेख्दा कथा बनाएर रोचक ढङ्गमा प्रस्तुत गरे-

'विक्रमी सम्वत् १८९१ सालमा भानुभक्त एक् दिन् हावा खान भनी यसै डुल्दा डुल्दा एक नदीका तीरमा पुगेछन् । पहाड्को खोच् तहाँ परेको हुनाले र ई भानुभक्त पनि घाम्मा हिँडेर तहाँ शीतल् जग्गामा पुगेका हुनाले नदीका किनारमा एक ठूलो ढुंगो रहेछ; तेस्माथि पल्टेछन् । हिंड्दा साह्रै थकाइ लागेको हुनाले, मलयाचलको वायुसमान हावा मन्द मन्द चलेको हुनाले, मधुर मधुर मनहरा चराका बोली

सुन्नाले बडो आनन्द पाई तहीं भानुभक्तका आँखा लागेछन् । अन्दाजी दुई घडी सुतेपछि फेरि निद्राबाट जागा भै बस्ता ती सुतेकै ढुंगानेर एक घाँसी बराबर घाँस् काट्न लागेको रहेछ र भानुभक्तले तेस् घाँसीलाई 'कहाँको होस् ?' भनी सोधे र घाँसीले भन्यो 'नानी बाजे, मेरो घर ऽहाँबाट दुई कोस्मा छ । म घाँसी हूँ; भर जन्म यसै घास्मा बिते । यसरी घास् काटी डोकोमा हाली गाउँतिर लैजान्छु र दुई आना तीन आना जति मिल्छ उतिमा यो घास्को भारी बेची रातिमा घर जान्छु ।'

मोतीराम भट्टले घाँसीको सन्दर्भलाई कथानक विषयवस्तु बनाए र भानुभक्तमा जोडे । यही बेहोरालाई भानुभक्तको छातीमा अटल भएर बसेको पनि देखाइयो । यसरी भानुभक्तले घाँसीलाई प्रेरणाको स्रोत मानेर आफ्नो साहित्यिक यात्रालाई अगाडि पुऱ्याएका थिए भन्ने मान्यता मोतीरामबाटै प्रस्तुत भएको हो ।

मोतीराम स्वयम्ले 'आदिकवि' भनेर स्थापित गरेका आफ्ना जीवनीनायक भानुभक्तमा कृतज्ञता नैसर्गिक गुण थियो भन्नका लागि पनि मोतीरामले प्रमाण पेस गर्नु थियो । त्यसैले आदिकवि भानुभक्त आफूलाई सघाउने साना र ठूला जसलाई पनि जस दिन्थे भनेर मोतीरामले भानुभक्तको सोचको उचाइलाई बढाउन थाले । साथै भानुभक्त अरूबाट असल कुराको प्रेरणा लिन्थे भन्ने बेहोरा पनि घाँसीमार्फत पेस गर्नु मोतीरामको लक्ष्य थियो । त्यसैले भानुभक्तले घाँसीको प्रेरणामा कविता लेखे भनेर भानुभक्तको जीवनी लेख्ने क्रममा भानुभक्तकै कविता पनि साथै प्रस्तुत गरी मोतीरामले उद्घोष गरेका थिए । भानुभक्तका नाउँमा यो कविता नै पनि मोतीराम आफैँले लेखेर प्रस्तुत गरिदिएका हुन् कि भनेर एकथरि लेखकहरूले लेख्तै आएका पनि छन् :

**भर्‌जन्म घाँसतिर मन् दिइ धन् कमायो**
**नाम क्यै रहोस् पछि भनेर कुवा खनायो**

**घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो**
**मो भानुभक्त धनि भै कन आज यस्तो ॥**

वास्तवमा मोतीरामले लेखेको भानुभक्त र घाँसी संवादको बेहोरालाई अघि सारेर भन्नुपर्दा यो कथ्य केवल मिथकीय मात्र हो र भानुभक्तका जीवनमा गाँसिएको एउटा अटल र रमाइलो सृजना हो । यति हुँदाहुँदै पनि मोतीरामदेखि अहिलेसम्मका प्राय: धेरै लेखकहरूले वास्तविकता नै नबुझी केवल घाँसीलाई घाँस बेच्नेकै रूपमा जीवन्त पार्ने प्रयास गरिरहेका छन् । वास्तवमा मोतीरामले चाहिँ भानुभक्तको कविताको भावलाई नाटकीय ढङ्गबाट वास्तविक स्वरूप दिन खोजेका थिए । घाँसीबारेको प्रसङ्ग मोतीरामले नउठाएको भए पनि हुन्थ्यो; किनभने यही एउटा बेहोराले गर्दा भानुभक्तीय प्रसङ्गका केही दफामा मोतीरामप्रतिको विश्वासमा विष्णुमायाका पालादेखि नै कटौती पनि आयो । अनि यही आडमा टेकेर मोतीरामपछिका भानुभक्तप्रेमीहरूले मोतीरामले भानुभक्तबारे लेखेका अन्य कुराहरूको पनि खण्डनमण्डन गर्न थाले । साथै कति ठाउँमा मोतीरामले घाँसीले ठडचाएझैँ गरेर भानुभक्तका जायज र नाजायज अरू थप कथासम्म पनि ल्याएर राख्न थालियो । तर नरनाथ आचार्यले चाहिँ घाँसीको कथालाई असत्य प्रसङ्ग नभनी तनहुँको स्थानीयतालाई लिई बेग्लै ढङ्गले घाँसीको गाउँले व्यक्तित्वको बयान गरेको पाइन्छ । उनले भानुभक्त ससुराली मानुङ जाँदा बाटाका कर्लुङखोलाको घटनाको रूप दिई केही गद्यमा र केही पद्यमा बयान गरेका छन् । पछिपछि केहीले तनहुँ कर्लुङबेसीको बुल्दीखोलाको किनारका चामुनारायण पन्थ* नै घाँसी हुन् भनेका पनि छन् ।

भानुभक्तको जीवनी लेख्ने क्रममा भानुभक्तकै कविताको आड लिई मोतीरामले भानुभक्तको 'लोक्को गरूँ हित्' भनी रामायण लेख्ने

---

* चामुनारायण पन्थको नाउँ मोतीराम र विष्णुमायाको समयमा थिएन । पछिपछि यस प्रकारका नाउँहरू पनि थपिँदै आउन थाले ।

प्रेरणास्रोतका रूपमा कथाको पारामा घाँसी उभ्याए; तर यो बेहोरा तत्कालीन नेपाली समाजमा मेल खाँदैन ।

मोतीरामपछिका भानुभक्तका जीवनीलेखकहरूबाट जुन विषयको खण्डन हुनुपर्थ्यो त्यसबारे दृष्टि दिएको देखिए पनि पूरै चाहिँ उति खण्डन गरेको भने देखिएन । त्यस बेला नेपालमा घाँस बेच्ने प्रचलन थिएन भन्ने बेहोरा टुकराज, पद्मराज मिश्रले पहिलोचोटि (शङ्का गरेर) आफ्नो मत दिएका थिए । त्यसपछि बाबुराम आचार्यले पनि मोतीरामको घाँसी प्रसङ्गको खण्डन गरे । अनि त्यो लहरो तानिदै पनि आयो । तर भानुभक्तका नातेदार लेखकहरूले चाहिं यस बेहोरालाई खण्डन गर्नुको साटो पूर्ण रूपमा समर्थन गरेर व्याख्या गरिरहेको देखियो । यसै सन्दर्भमा प्राय: भानुभक्तप्रेमीका यसउपर देखिने गुनासाका स्वरहरू पनि रहिरहेका नै छन् ।

एक थरी भन्छन्– भानुभक्तीय समयमा तनहुँको बसोबास जङ्गलैजङ्गल र घाँसैघाँसको माझमा थियो । त्यो ठाउँ कुन सहर बजार थियो र घाँस बेच्ने प्रसङ्ग ल्याइयो ? यस बेहोरालाई विष्णुमायादेखि पं.नरनाथ आचार्यसम्मले खण्डन नै गर्नुपर्थ्यो भन्ने विचार पनि प्राज्ञजगत्मा देखिन्छ । वास्तवमा त्यति बेला वनमा र खेतबारीमा घाँस प्रशस्त पाइन्थ्यो; कतै त झारपात र घाँस खेताला लगाएर फाल्नुपर्थ्यो भन्ने पनि भनाइ छ । त्यस बेला नेपालका कुनै पनि गाउँ या सहरमा दुईतीन आना नगदमा घाँस बिक्री हुने सवाल नै थिएन । वाराणसीमा मोतीरामको निकै बसउठ थियो । सायद त्यहाँ घाँसको व्यापार हुने पनि गर्थ्यो होला । वाराणसीमा घाँसको किनबेच भइआएको देख्दै आएका कल्पनाशील मोतीरामले तनहुँमा पनि घाँसको खरिदबिक्री गर्ने घाँसी प्रसङ्ग लेखिदिए । मोतीरामले तनहुँ नटेकी, नसुनी र नबुझी वाराणसीको चालचलनका आधारमा यस कथाको बुनोट गरेको हो कि भन्न सकिन्छ ।

घाँसी अथवा भनौँ चामुनारायण पन्थको प्रसङ्गका केही अपवाद ठीक भए पनि वा बेठीक भए पनि भानुभक्तद्वारा लेखिएको भनिएको त्यो श्लोक नेपाली साहित्यिक जगत्मा सम्मानित नै रहेको छ । तर मोतीरामले भानुभक्तका कविताको आड लिई बयान गरेको घाँसीको कथाको स्थानीयकरण गर्ने नगर्ने पक्षविपक्षमा अनेक समालोचक आआफ्ना ढङ्गले उभिएका पनि छन् । घाँसी प्रसङ्गलाई ठीक छ भनेर त्यसैलाई मान्यता दिनेहरूको लर्को पनि छ । यति हुँदाहुँदै पनि भानुभक्त घाँसी संवादबारे बनेको यो सुन्दर कल्पना अब नेपाली जनमानसको चिरसञ्चित पुँजी बनिसकेको देखिन्छ ।

प्रा.डा.शर्वराज आचार्यको 'भानुभक्तीय खोज (२०६९)' भन्ने किताबमा नयाँ दृष्टिकोण पनि देखियो । उनले त्यस किताबको चार परिच्छेदमा घाँसीकुवा तनहुँमा र लमजुङ कास्कीतिर पनि रहेको बताएका छन् । आफ्नै या अरूका भैँसी पाल्नेले जङ्गलमा घाँस काट्न जाँदाआउँदा पानी खाने घाँसीकुवा थिए भनेर उनले लेखेका छन् । तर मोतीरामका घाँसीपात्र र अरूले ठानेका घाँसी पनि वस्तुगत नभई किंवदन्ती र भावनाकै लहर हुन् भनी शर्वराज आचार्यले आफ्नो मत दिएका छन् । भानुभक्तको कविता पनि र घाँसीकुवा पनि ठीकै होला । तर मोतीरामले लेखेका कवि भानुभक्तका जीवनचरित्रको एक रोचक तर कमजोर प्रसङ्ग यो घाँसीपात्रचाहिँ हुँदै हो ।

# भानुभक्तलाई मोतीरामको खाँचो

भानुभक्त सानैदेखि बौद्धिक चेतनाका धनी थिए । उनी खरोमा खरो, नरममा नरम र अव्यावहारिकमा अव्यावहारिक थिए । उनी स्वतन्त्रताप्रेमी पनि थिए । अनि सबैभन्दा ठूलो कुरा उनी लेखेर थाक्तैनथे । त्यस जुगमा यिनले जति लेखे, धेरै लेखे । तर यिनलाई चम्काउने काम भने मोतीराम भट्टले नै गरे ।

•

नेपाली जनजीवनमा साहित्यिक र भाषिक जागरण ल्याउनका लागि मोतीराम भट्टले धक फुकाएर भानुभक्तलाई उच्च सम्मान दिएका थिए । नेपाली भाषासाहित्यलाई उन्नतिको शिखरमा पुऱ्याउने हेतु मोतीरामले भानुभक्त आचार्यको सृजनात्मक देनको यथेष्ट कदर गरेका थिए । उनले भानुभक्तलाई आफ्नो चरित्रनायकका रूपमा नै काँधमा बोके । वास्तवमा भानुभक्तलाई नेपाली भाषासाहित्यको शिरताज बनाउन मोतीरामले नै कठोर प्रयत्न गरेका थिए । कतिसम्म भने यिनको प्रसङ्गमा मोतीरामले लेखे 'इन्को जन्मवर्ष विक्रमीय सम्वत् १८६९ साल हो । हाम्रा गोर्खा भाषाको उन्नतिको उदय पनि यसै वर्ष भयो भनी जान्नु ।'

रत्नाकर भन्ने 'डाँकु' पनि वाल्मीकि बने । तिनैले संस्कृतमा 'रामायण' लेखे । त्यही लेखेबापत उनी संस्कृत साहित्यका 'आदिकवि' पनि भए । त्यसै गरी हिन्दी भाषाको रामकथामा आधारित

'रामचरितमानस' नाउँको काव्य लेखेबापत तुलसीदास पनि हिन्दी भाषासाहित्यका 'महाकवि' बने । वास्तवमा 'रामचरितमानस' लेख्नुपूर्व उनी पनि विषयमोह अथवा भनूँ विशेष गरेर स्त्रीमोहमा लम्पट थिए । यो बेहोरा पनि मोतीरामले अध्ययन गरेका थिए । त्यसैले हेपाहा, रिसाहा र एकोहोरो प्रवृत्तिका भानुभक्तलाई पनि घाँसीमार्फत सच्च्याएर मोतीरामले आदिकविमा रूपान्तर गर्न पहल गरेको दृष्टान्त पाइन्छ । संस्कृतपरम्परामा 'रामायण' लेख्नेलाई आदिकवि भन्ने प्रचलन गाँसेर पनि मोतीरामले सहज रूपमा नै भानुक्तलाई नेपाली भाषाका 'आदिकवि' लेखिदिए ।

वाल्मीकिकै आदिकवित्वकै परम्परामा भानुभक्तलाई गाँस्ने प्रयोजनबारे मोतीरामले धेरै नै चिन्तन गरेका थिए । त्यसैले घाँसी नाउँको अनाउँलाई उनले भानुभक्तका छेउमा लगेर राखिदिएका थिए । यो उनले भानुभक्तका कविताको अडेस लिई गरेका सृजनात्मक चलाखीमध्ये निक्कै आकर्षक चलाखी थियो । बनारस र कोलकातामा बसेर हेरेको, देखेको र बुझेको कुरा तनहुँमा जोडेर मोतीरामले अनेक जुक्तिबाट भानुभक्तलाई सम्मानित गराउने कसरत गरेको देखिन्छ ।

•

भानुभक्तको जीवनीमा अनेक फूलबुट्टा हालेर पनि मोतीरामले उनलाई प्रसिद्धिको शिखरमा चढाइदिएका थिए । त्यतिमात्र होइन; भानुभक्तका लोकगर्भमा भएका थुप्रै रचनालाई पनि धेरै ठूलो कष्टपूर्वक खोजेर प्रकाशनमा ल्याउने काम मोतीरामले नै गरे । उनी आठ दस वर्ष यसै काममा खटिए । मोतीरामकै सत्प्रयासका कारण भानुभक्त त्यसै बेलादेखि नेपाली समाजमा बढी चिनिएका थिए । मोतीराम एकोहोरो भानुभक्तको जयजयकारमा लागेकै थिए; तर भानुभक्तमा अन्तर्निहित कतिपय मानवीय कमजोरीलाई पनि मोतीरामले लुकाएनन् ।

मोतीराम भट्टले भानुभक्तका जीवनीगत तथ्य जम्मा गरेर र जीवनीबारेका निकै जानकारी विभिन्न स्रोतबाट र मुख्यत भानुभक्तका भतिजा रामदत्तमार्फत फेला पारे । यो जीवनचरित्र लेख्ने बनारसबाट नेपाल आएर होस् या बनारसमा नै बसेर होस् उनको मुख्य ध्येय भानुभक्तद्वारा रचित कृतिको खोज गर्नु मात्र थियो । उनी त्यसै परिवेशमा डुबेर लागिपर्दा भानुभक्तका कृतिहरू जनमाझ आउन थाले ।

मोतीराम भट्टका जीवनीकार नरदेव पाण्डेले उल्लेख गरेअनुसार भानुभक्तका कान्छा काका इन्द्रविलास आचार्यका नाति रामदत्त (भानुभक्तका भतिजा)सँग मोतीरामको परिचय काठमाडौँमा धर्मदत्त ज्ञवालीका घरमा १९४७ सालमा भएको थियो; त्यसै कारणले मात्र मोतीरामले भानुभक्तको जीवनी लेख्न सके ।

••

भानुभक्त आचार्यको भौतिक मुहार जनमाझ आउन सकेकै थिएन, किनभने त्यस बेलासम्म सर्वसाधारणले फोटो खिच्ने प्रचलन पनि थिएन । त्यसैले रामदत्त आचार्यसँग मोतीरामले भानुभक्तको मुहार सोध्दै सामान्य चित्र तयार गर्ने जमर्को गरेका थिए कि भन्न सकिन्छ । तर कविराज पं नरनाथ शर्मा आचार्यले 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' (२०१७–२०१८) लेख्ता मोतीरामद्वारा निर्मित काल्पनिक भानुभक्तको फोटोलाई 'भानुभक्तको सक्कली फोटो यही हो' भनेर समर्थन गरेका छन् । वास्तवमा मोतीरामले भानुभक्तको तस्बिरलाई काल्पनिक ढङ्गबाट स्थापित गरेको बेहोराको हिसाब नै गरिएन । बरु अन्धानुकरण गर्दै मोतीरामले प्रस्तुत गरेको भानुभक्तको तस्बिरलाई नै पछिपछिका लेखकले पनि मान्यता दिइरहे ।

भानुभक्तीय युगमा दौरासुरुवाल, टोपी लगाएर पटुका बाँधी साफा अर्थात् फेटा वा पगरी, कँधौरी या काँधे लगाउने चलन थियो । बाहुन जातिले आफ्नो जनै लगाएझैँ गरेर देब्रे काँधबाट दाहिने हाततिर

त्यो साफा (पगरी) झार्ने चलन थियो । तर मोतीराम भट्टद्वारा प्रस्तुत गरिएको चित्रका अनुसार भानुभक्तले चाहिँ तास्बिरमा त्यो साफा दायाँ काँधबाट बायाँतिर झारेको देखिन्छ । भानुभक्तले काँधे या साफा लगाएको शैलीले हिन्दू शास्त्रीय परम्परासँग मेल खाँदैन । यति हुँदाहुँदै पनि पं.नरनाथ आचार्यले मोतीरामले नै प्रस्तुत गरेको तस्बिर ठीक हो भनेका छन् । अनि यस कुराको पुष्टि गर्न खोज्दै उनले लेखेका छन्– "कवि भानुभक्तको चित्र मोतिरामले खडा गरेको कृत्रिम हो कि भन्ने कसैकसैले आशङ्का गरेको पनि बुझिन्छ, तर त्यो कृत्रिम हैन । माझमा भानुभक्तका भिनाजु अर्जेल पण्डित, उनका बायाँतिर कविकी दिदी महाविद्यादेवी, दायाँतर्फ कवि यति तीन जना भएको फोटो काठमाडौँमा कविकी दिदीको घर पत्ता लगाई तेसैबाट गुण अनुसारको कविको मात्र फोटो मोतीरामले ठीक गरेका हुन् भनी दाजु यज्ञनिधिले भन्नुहुन्थ्यो । त्यो कुरा साँचो हुनु मनासिब छ ।" पं.नरनाथको यस धारणासँग भानुभक्तको त्यो फोटो मेल खाँदैन । नेपाली पहाडी ब्राम्हण ग्रामीण परिवेशमा फेटा बाँध्ने तत्कालीन चलनको सन्दर्भमा र विशेषत: मोतीरामले छपाएको रेखाचित्र वास्तविक फोटो हो भन्ने धारणासँग सहमत हुन नसकिने दरो अभिमत छ । यति हुँदाहुँदै पनि भानुभक्तका पनाति मुक्तिनाथ आचार्यले यसै फोटोको समर्थनमा आफ्नो मत दिएका छन् ।

ठूलाबडाको 'पोट्रेट' बनाइने बाहेक जनसाधारणका लागि फोटो सर्वसुलभ नभएको तत्कालीन समयमा भानुभक्त आचार्यको आधिकारिक मुहार कसैले प्रस्तुत गर्ने कुरै थिएन । कल्पनामा बनाइएको सो तस्बिरलाई साँच्चै भानुभक्तकै स्वरूपको छाया प्रति भन्न उपयुक्त छैन । रामदत्त आचार्यको बयानका आधारमा मोतीरामले भानुभक्तको आकृति निर्माण गरेका थिए भन्नु चाहिँ तर्कसङ्गत र न्यायिक समेत हुनेछ । त्यति खेर भानुभक्तको व्यक्तिगत या सामूहिक फोटो नेपालमा खिचिएको भन्न नसकिने आधार पनि स्पष्ट नै छ ।

# भानुभक्तको कान्तिपुर प्रवेश

भानुभक्तले पहिलोपल्ट १९०६ सालमा कान्तिपुर अर्थात् काठमाडौँमा आफ्नो पाइला राखेका थिए । त्यस घटनाबाट उनी अति नै प्रसन्न भएका थिए । त्यस बेला काठमाडौँ आगमन उनका लागि स्वर्गीय आनन्दको प्रसङ्ग बन्यो । त्यति बेला उनी गिरिधारी रानाभाटसँग भएको जग्गाको मुद्दा खेप्न काठमाडौँ आएका थिए । उनी काठमाडौँमा आएर प्रायः बस्ने ठाउँ लगनटोलका ज्योतिषी सुब्बा धर्मदत्त ज्ञवालीको डेरा थियो । धर्मदत्त चाहिँ पाल्पाली थिए ।

आदिकवि भानुभक्त आचार्यका बाबु धनञ्जयले लालमोहर बिर्ताबाट पाएको एक घर काठमाडौँमा थियो पनि भनिन्छ । यो घर सबै दाजुभाइ खलक काठमाडौँ आउँदा बस्ने गरी साझा थियो । तर त्यस घरबारे मोतीरामले केही बोलेको देखिँदैन ।

काठमाडौँ प्रवेशपछि भानुभक्तको छाती फुलेर झन् चौडा भएको थियो । भाषासेवी भानुभक्तलाई त्यस बेला कान्तिपुरले अत्यन्त मोहित बनाएको थियो । आफ्नो देश नै आफ्नो सिङ्गो संसार ठान्ने भानुभक्तका लागि कान्तिपुर पनि त्यत्तिकै प्यारो हुनु स्वाभाविक थियो । त्यतिमात्र होइन; उनले आफ्नो जन्मभूमि नेपालको राजधानीलाई स्वर्गभन्दा प्यारो माने । भारतको काशी र अन्य सहर हेरिसकेका भानुभक्तलाई कान्तिपुरले धेरै नै मोहित बनाएको थियो । उनका लागि कान्तिपुर कविताको एउटा विषय बन्न पुग्यो । अनि त्यसै

प्रकारका कविता लेखेर पनि उनी नेपाली जनजनका मनमा पुगिरहे, पुगिरहे र फेरि पनि पुगिरहे :

**चपला अवलाहरु एक् सुरमा**
**गुनकेशरिको फूल ली शिरमा**
**हिँडन्या सखि लीकन ओरिपरी**
**अमरावती कान्तिपुरी नगरी ॥**

भानुभक्त तनहुँबाट पहिलोपल्ट पाँचमाने भन्ज्याङ भई कान्तिपुर प्रवेश गर्दा कान्तिपुरको मोहमा डुब्नु डुबे । उनी यसै कान्तिपुरीसँग मोहित भए, अनि उनका पाइला बालाजुतिर लागे । त्यहाँ पुगेपछि त्यहींकै पाखाले उनलाई छोयो । अनि उनले यहाँको वर्णनमा कविता लेखे । 'वधूशिक्षा'मा नारीलाई कठोर अनुशासनको शिक्षा दिने भानुभक्तले यहाँचाहिँ सुन्दरीको गाथा पनि गाए । उनका कविताहरूमा 'बालाजी' चर्चित पनि बन्यो :

**यति दिन पछि मैले आज बालाजि देख्याँ,**
**पृथिवि तल भरीमा स्वर्ग हो जानि लेख्याँ ।**
**वरिपरि लहराका झूलि वस्न्या चरा छन्,**
**मधुर वचन बोली मन् लिँदा क्या सुरा छन् ॥१॥**

**याहाँ बसेर कविता यदि गर्न पाउँ,**
**यस्देखि सोख अरुथोक म के चिताउँ ।**
**यस्माथि झन् असल सुन्दरि एक् नचाउँ,**
**खैंचेर इन्द्रकन स्वर्ग यहीं बनाउँ ॥२॥**

# भानुभक्तको देहावसान

नेपाली भाषासाहित्यका प्रथम महान् नायक भानुभक्त आचार्य साहित्यरचनामा सदैव समर्पित भए । उनी आफ्ना ध्येय र धूनमा एकोहोरो लागिपर्थे भन्ने बेहोरा उनको लेखनले प्रमाणित गरेको विषय हो । अविश्रान्त साधक आचार्यको जीवनको उत्तरार्द्धचाहिँ एक्कासि शिथिल हुन थालेको थियो ।

मोतीराम भट्टका अनुसार छपन्न वर्षको (रङ्गनाथ शर्मा तथा विष्णुमायका अनुसार चवन्न वर्षको) उमेरमा भानुभक्त आचार्यलाई कालज्वरले मरणासन्न पार्‍यो । त्यसघडीमा पनि उनले लेखनकार्यलाई जारी राखे । उनले खास गरेर आफ्ना प्रिय मित्र ज्योतिषी सुब्बा धर्मदत्त ज्ञवालीको आग्रहमा 'रामगीता' को भावानुवाद गरेका थिए । उनले आफ्नो जीवनको अन्त्यकालमा तीन महिना लगाएर सकीनसकी 'अध्यात्मरामायण'को हृदय मानिने र 'उत्तरकाण्ड'को अंश भएको 'रामगीता' लेखेरै छोडेका थिए । उनी आफैँले लेख्न नसक्ता आफ्ना छोरा रमानाथलाई टिपाएर पनि उनले 'रामगीता' तयार पारेका थिए ।

अन्ततः १९२५ साल असोज ६ गते आइतबार आश्विन शुक्लपञ्चमीका दिन भानुभक्त आचार्य स्वर्गीय भए ।

भानुभक्त स्वेच्छित रूपमा मर्स्याङ्दी नदीको सतीघाटअन्तर्गत गाईथुनेघाटमा स्वर्गीय भएका थिए । यस बेहोरालाई प्राध्यापक डा.वासुदेव त्रिपाठीका बाबु प्रेमदत्त त्रिपाठीले पुष्टि पनि गरे । यी

प्रेमदत्त भानुभक्तका एक नाति शिवभक्तका सँगाती पनि थिए । भानुभक्तका घरबाट मर्स्याङ्दीघाटमा सामान्य गतिमा हिँडेर जान डेढ घण्टा जति लाग्थ्यो । काठमाडौँमा मर्नुअगि आर्यघाट पुऱ्याएजस्तै त्यस बेला त्यति टाढा रहेको नदीकिनारमा पुऱ्याउने पनि प्रचलन गाउँघरमा र खास गरी तनहुँको चुँदीबेँसी रम्घाका आचार्यकुलमा थियो । कुलको परम्पराअनुसार भानुभक्तलाई उनकै इच्छाअनुसार अन्त्य समयमा पवित्र मर्स्याङ्दीतटमा पुऱ्याइएको हुन सक्छ । आफ्नो मरण सन्निकट ठानी इच्छा गरेअनुसार मर्स्याङ्दी सतीघाटको गाईथुनेघाटमा अर्धजलाशयमा उनले प्राण छाडे । त्यहीँ सतीघाट गाईथुनेमा उनको दाहसंस्कार सम्पन्न भएको जानकारी प्रेमदत्त त्रिपाठीले दिने गर्थे ।

अझ भानुभक्तका छोरा रमानाथलाई त निकै सिकिस्त भएपछि उनकै इच्छाअनुसार बोकाएर कालीगण्डकीका गडगडीघाटमै लगी अर्धजलाशयमा राखेपछि उनको प्राणत्याग भएको कुरा अभिलिखित नै छ ।

•

नेपाली भाषासाहित्यका मर्यादापुरुष भानुभक्त आचार्यको अल्पायुमा नै निधन हुनु नेपाली भाषाका लागि ठूलो क्षति मानिन्छ । उनले आफ्नो जीवनकालमा झन्डै चार दशकभन्दा बढी समयसम्म नेपाली भाषाको सेवा गरे । अत्यन्त लोकप्रिय 'रामायण' महाकाव्यलगायतका अन्य मझौला तीन लघुकाव्य तथा साना (फुटकर) र छोटा (मुक्तक) आकृतिका निकै कविताकृति पनि रचना गरी नेपाली भाषाको श्रीवृद्धिका लागि भानुभक्तले गरेको योगदान नेपाली भाषासाहित्यको इतिहासमा स्वर्णिम रहेको छ ।

# भानुभक्तका कृति

भानुभक्त आचार्यको सृजनात्मक जगमा टेकेर नेपाली साहित्यको लहरो आकाशजस्तै फैलँदै आएको छ । भानुभक्तकै फेरोमा बाँधिएर आज नेपाली भाषाले आफ्नो घेरोलाई क्रमश: शक्तिशाली बनाउँदै आएको छ । त्यतिमात्र होइन; यस भूगोलमा नेपाली र नेपाली एकअर्कामा जति मिल्न सकेका छन्, त्यसका निम्ति भानुभक्तको सृजनात्मक योगदान नै विशिष्ट कोटिको प्रेरक तत्त्व बनेको छ ।

भानुभक्तकालीन नेपाली जनजीवनमा नेपाली भाषाको विस्तार हुँदै थियो । भानुभक्तले संस्कृत पढे तर यिनले नेपाली भाषा (त्यस बेलाको गोर्खा भाषा)मा साहित्य लेखे । नेपाली भाषामा उनको साँच्चिकै मोह थियो । त्यसैमा उनिएर उनले किशोरावस्थामा नै नेपाली भाषामा कविता कोर्न थालेका थिए । उन्नाइस वर्षको उमेरमा त उनी काशीको विद्वत्सभामा नै सृजनात्मक हिसाबमा प्रस्तुत भइसकेका थिए भन्ने प्रसङ्ग पनि बाहिर आएको छ ।

भानुभक्तले कवितालेखनमा मात्र आफ्नो सीप सीमित राखेनन् । उनी अरूसँग बोल्दा पनि कवितामै बोल्थे । उनको कविप्रतिभा नै विशिष्ट कोटिको थियो । उनको विलक्षण प्रतिभा देखेर काशीमा रहेका नेपाली मूलका विद्वान्हरू पनि लोभिन्थे । उनी कवितामा नै कतिसम्म छिटो बोल्न सक्थे भने कुनै बेला त्यहीँका एक जना विद्वान्ले “तिमी को हौ ?” भनेर उनको परिचय मागेका बेला उनले कवितामा नै उत्तर दिएका थिए :

**पाहाड्को अति बेस देश् तनहुँमा श्रीकृष्ण ब्राह्मण् थिया,**
**खुप् उच्चा कुल आर्यवंशि हुन गै सत्कर्ममा मन् दिया,**
**विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया,**
**तिन्को नाति म भानुभक्त भनि हुम् यो जानि चिन्ही लिया ।**

भानुभक्तले लेखेका सम्पूर्ण रचना नेपाली जातिको सम्पत्तिका रूपमा रहेका छन् । उनले जति दिए धेरै दिए । एकथरी तथ्यअनुसार उनले नेपाली भाषाको मन्दिरमा जम्मा १४८४ जति श्लोक चढाएको भेटिन्छ । ती सबै श्लोक नेपाली भाषाको श्रीवृद्धिका लागि महत्त्वपूर्ण मानिएका छन् ।

## (क) भानुभक्तीय रामायण

एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी
ब्रह्मा ताहिं थिया पऱ्या चरणमा खुसी गराया पनी ।
क्या सोध्छौ तिमि सोध भन्छु म भनी मर्जी भयेथ्यो जसै
ब्रह्माको करुणा बुझेर ऋषिले बिन्ती गऱ्या यो तसै ॥

**• श्रीबालकाण्ड**

एकान्त स्थलमा सितापति थिया सीता हजुर्मा रही
हात्मा चामर ली प्रभू कन तहाँ हाँक्थिन् समीप्मा गई ।
आकाश्मार्ग गरी बहुत् खुसि हुँदै नारद्जि ताहीं गया
नारद्जी कन दण्डवत् गरि तहाँ राम्जी बहुत् खुस् भया ॥

**• श्रीअयोध्याकाण्ड**

अत्रीका आश्रमैमा बसि रघुपतिले प्रेमले दिन् बिताई
दोस्रा दिन्मा सबेरै उठि कन वनमा जान मन्सुब् चिताई ।
अत्रीजीका नजिक्मा गइ कन अब ता जान्छु बीदा म पाऊँ
रस्ता यो जाति होला भनि कन कहन्या एक् अगूवा म पाऊँ ॥

**• श्रीअरण्यकाण्ड**

जस्सै मुक्त भई गइन् ति शबरी सब् बात् सुनी राम् पनी
जान्छू आज म ऋष्यमूक गिरिमा सुग्रीव भेट्छू भनी ।
जान्थ्या कोस् भरिको तलाउ मिलिगो पम्पा भन्याको पनी
चीहन्या श्री रघुनाथले शबरिले यै हो भन्याको भनी ॥

**• श्रीकिष्किन्धाकाण्ड**

तर्छू क्षार समुद्र आज सहजै भन्न्या इरादा धरी
श्रीराम्का चरणारविन्द मनले अत्यन्त चिन्तन् गरी ।
भन्छन् विर्हरुलाइ ताहिं हनुमान् हे वीर हो ! पार् तरी
सीताजी कन भेट्दछू म अहिले जान्छू बडो वेग् धरी ॥

• श्रीसुन्दरकाण्ड

लङ्कापुरी सकल खाग् गरि सैन्य मारी
फेरी समुद्र सहजै तरि आइ वारी ।
सीताजिको जब सबै समचार् बताया
श्रीरामले ति हनुमान् कन खुप् सह्राया ॥

• श्रीयुद्धकाण्ड

शम्भूका मुख देखि राज्य अभिषेक् राम्को सुनीथिन् जसै
सोधिन् पार्वतिले सदाशिवजि थ्यैं लीला पछीका तसै ।
पृथ्वीमा कति वर्ष राज् हुन गयो लीला तहाँ कुन् भया
कस्ता रित् सित राज्य छोडि रघुनाथ् वैकुण्ठधाम्मा गया ॥

• श्रीउत्तरकाण्ड

भानुभक्तले नेपाली भाषामा 'रामायण' लेख्नुभन्दा अघि नेपाली पण्डित समाजमा संस्कृतका शास्त्र पुराणहरू मात्र पढिन्थे । वास्तवमा त्यतिखेर संस्कृतका पुस्तक सबैले पढ्न पनि सक्तैनथे । नेपाली भाषामा भानुभक्तको 'रामायण' आएपछि पहिले खास गरी एक गलाबाट अर्का गलामा सर्दै जान थाल्यो । अनि 'रामायण' ग्रन्थ छापिएपछि भने नेपाली जनजनका घरमा पनि यो कृति पुग्न थाल्यो । पहिले कतिले बाँसका कलमले नेपाली कागजमा आआफै सारेर भानुभक्तकृत 'रामायण' घरमा राख्न थाले । पछि सो कृति छापिएपछि प्राय: धेरैका घरघरमा 'रामायण' राख्न थालियो । यो लहरो नेपाल र भारतसम्म पनि तानियो । त्यसपछि मात्रै अथवा भनौँ किताप छापिएपछि सबै जातजातिका नरनारीले बराबरी रूपमा 'रामायण' पढ्ने मौका पाए । बिहेबारीदेखि जुनसुकै धार्मिक पर्वहरूमासमेत भानुभक्तकै 'रामायण' वाचन गर्ने परम्परा चल्न थाल्यो । त्यसै कारणले पनि भानुभक्त सधैँसधैँका लागि नेपालीका जनमनमा बाँचिरहन सफल भए ।

भानुभक्त आचार्यले १८९५ सालदेखि 'अध्यात्म रामायण' लेख्न थाले । उनले १८९८ सालमा 'रामायण'को 'बालकाण्ड' लेखेर सकेका थिए । त्यसै गरेर उनले कुमारीचोकको निगरानीमा रहँदा र अरू समयमा गरी १९१९ सम्ममा 'रामायण'का अरू काण्डहरू पनि (उत्तरकाण्डको हिस्सा रामगीताबाहेक) लेखेर सकेका थिए । उनको सात काण्डको 'रामायण' महाकाव्यमा 'बालकाण्ड' १३९ श्लोक, 'अयोध्याकाण्ड' १२३ श्लोक, 'अरण्यकाण्ड' १२२ श्लोक, 'किष्किन्धाकाण्ड' १४३ श्लोक, 'सुन्दरकाण्ड' १५४ श्लोक, 'युद्धकाण्ड' ३८१ श्लोक, 'उत्तरकाण्ड' २५७ श्लोक गरेर कुल जम्मा १३१९ श्लोक छन् । साथै उनले १८८४ देखि १९२५ सालसम्म 'प्रश्नोत्तर', 'बधूशिक्षा', 'भक्तमाला' लघुकाव्यलगायत थुप्रै मुक्तक तथा फुटकर कविताको सृजना गरेका थिए ।

•

भाषिक र जातीय विविधतायुक्त नेपालमा नेपाली भाषालाई लोकप्रिय तुल्याउने कार्य नेपाली लोकगीतपछि यही 'रामायण'मार्फत भएको थियो । संसारमा नेपाली जातिमार्फत नेपाली भाषाको पहिचान दिलाउने काम पहिले 'गोर्खाभाषा' पनि भनिएको अर्थात् नेपाली भाषामा रचिएको यसै अमर ग्रन्थ 'रामायण'मार्फत नै भयो । जसरी नेपालको राष्ट्रिय एकीकरण गर्ने श्रेय पृथ्वीनारायण शाहलाई छ; त्यसरी नै आधुनिक नेपालको नेपाली भाषालाई जनजनमा चिनाउने श्रेय भानुभक्तकै शिरमा सजिएर बसेको छ । यसै कारण उनी नेपाल राष्ट्रका राष्ट्रिय विभूति पनि मानिए ।

भानुभक्तको 'रामायण' नेपाली साहित्यको प्राथमिक कालमा रचिएको पहिलो पूर्ण लोकप्रिय महाकाव्य बन्यो । 'अध्यात्म रामायण'को भावानुवादका रूपमा भानुभक्तले आफ्नो शैलीमा खिपेर छन्द र रामकथा रसको मीठो चास्नीमा 'रामायण' महाकाव्य प्रस्तुत गरे । यही 'रामायण'मा भानुभक्तको सृजनात्मक काव्यसामर्थ्य पनि सबभन्दा

बृहत् आयाममा टड्कारो रूपमा देख्न सकिन्छ । बाबुराम आचार्यका अनुसार "भानुभक्तको रचना भड्किलो छैन, लत्रेको पनि छैन । यसै कारणले यिनको 'रामायण' आबाल, वृद्ध, वनितालाई रुचिकर भएको छ ।" जीवनीपरक समालोचक मोतीराम भट्टपछि भानुभक्त कविको महिमा चिन्ने बाबुराम आचार्य नै त्यस्ता पहिलो समालोचक थिए, जसले भानुभक्त आचार्यका केही कृतिहरूलाई केलाएर, निफनेर र चालेर आफ्नो मत निखार्ने गर्थे ।

भानुभक्तद्वारा 'रामायण'मा छन्दको माधुर्यका साथै ठेट नेपाली भाषाको सौन्दर्य पनि गाँसियो । त्यसै काव्यमा नेपाली प्रकृति तथा संस्कृतिको सुरम्य छनक पनि व्यक्त हुन पुग्यो । त्यसैले नै 'रामायण' भावानुवाद भएर पनि त्यो ग्रन्थ भानुभक्तको मौलिक रचनाजस्तो बन्न पुग्यो । वास्तवमा 'रामायण' नेपालीहरूको आफ्नै मर्ममधुरताले ओतप्रोत सांस्कृतिक आख्यानका रूपमा लोकप्रिय भयो । त्यसै कारणले पनि भानुभक्तले नेपाली सांस्कृतिक चेतनाको संवाहकका रूपमा ख्याति कमाए ।

•

आदिकवि भानुभक्त आचार्य 'रामायण' लेखेर नेपाली संसारमा चिरञ्जीवी मात्र भएनन्, नेपालीहरूका तीर्थपुरुषका रूपमा समेत स्थापित भए । यसै कारण नाटचसम्राट् बालकृष्ण समले भानुभक्तलाई लेखनगत शैलीका दृष्टिले सर्वश्रेष्ठ मानेका छन् । उनले भानुभक्तलाई ध्रुवताराझैँ अचल पनि लेखे । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि उनलाई नेपाली साहित्यिक इतिहासका सर्वश्रेष्ठ पुरुष माने । भानुभक्तले नेपाली जातिका हृदयको बोली व्यक्त गर्न र मनको ज्योति बाल्न गरेको योगदानलाई नबुझनेहरूप्रति महाकवि देवकोटाले भने– "भानुभक्त पढेर हाम्रो शिक्षा प्रारम्भ हुन्छ र उनलाई हेला गरेर समाप्त हुन्छ ।"

नेपाली साहित्यका महाकवि देवकोटाले भानुभक्तलाई नेपाली जातीय दिलका आदिकवि माने । उनले पुर्खाका ज्योति, जातीय चेतनाका प्रतीक र राष्ट्रिय विभूति भानुभक्तको गरिमा र महिमालाई बुझाउन समस्त नेपाली जातिलाई घचघच्याएका थिए । राष्ट्रिय नैतिक, सांस्कृतिक र आध्यात्मिक जागरणको अभियानमा लागेर भानुभक्तले नेपाली परिवेशमा नेपाली भाषाका अक्षरहरू पुऱ्याएको बेहोरालाई सम्मान गर्दै देवकोटाभन्दा अघि र पछिका सबै लेखकहरूले भानुभक्तको अर्चना गरे । नाटचसम्राट् बालकृष्ण समले पनि 'भक्त भानुभक्त' नामक नाटक लेखे । यसको मूल कारण भानुभक्तीय 'रामायण' नै थियो । मोतीराम भट्टले चाहिँ १९४३ सालतिरैदेखि भानुभक्तको अर्चना गरेकै हुन्–

**भानूभक्त भनेर आदिकविमा भाषा सरस्ले गरी ।**
**रामायण्कन श्लोकले रचिदिया वैयाग्य रस्ले भरी ॥**
**ठाम् ठाम्मा करुणा र वीर रसको खासा मजा पाइन्या ।**
**यस्ती यी कविता बयान जनले भुल्नन् कसोरी भन्या ।**

**• मोतीराम भट्ट**

**(ख) प्रश्नोत्तर लघुकाव्य**

मोतीराम भट्टका अनुसार भानुभक्तले १९१० सालमा 'प्रश्नोत्तर' काव्य लेखेका थिए । यो कृति उनले महान् वेदान्तवादी चिन्तक शङ्कराचार्यद्वारा संस्कृत भाषामा रचित 'प्रश्नोत्तरा मणिरत्नमाला'को नेपाली भावानुवादका रूपमा गरेका हुन् । यस कृतिलाई मोतीरामले साथीभाइसँग हारगुहार मागेर १९४१ सालमा प्रकाशनमा ल्याएका थिए । यस कृतिमा जम्मा ४८ श्लोक रहेका छन् । भानुभक्तको यस कृतिले पनि प्रशस्तै चर्चा पायो :

**प्रश्नोत्तरै हो मणिरत्नमाला**
**यस्लाई पैह्रेर जहाँ त जाला**
**तेस्का यसैले सब पाप हर्ला**
**फेर् अन्त्यमा मुक्त गराइ छाड्ला ।**

### (ग) भक्तमाला

भानुभक्तले वैराग्य भाव र शान्तरसले भरिएको 'भक्तमाला' मोतीराम भट्टका अनुसार १९१० सालतिर लेखेका थिए । त्यस बेला उनी अस्वस्थ रहेको देखिन्छ । यसमा जम्मा २२ वटा श्लोक छन् । 'भक्तमाला' भानुभक्तको नितान्त मौलिक रचना हो र यो वैराग्य र ईश्वरप्रतिका समर्पणका भावमा आधारित छ । यो कृति सुरुमा भानुभक्त पाल्पातिर रहेका बेला लेखिएको भनेर बाबुराम आचार्यले जिकिर गरेका छन् । यसका प्रारम्भिक १५ श्लोके रूपको संस्कृत रूपान्तर 'विषादावलि:' नाउँ दिई पाल्लाली कवि पण्डित ढुण्डिराज पौड्यालले गरेको जानकारी र सो रूपान्तर बाबुराम आचार्यले पुराना कवि र कवितामा दिएका छन् ।

१९४१ सालमा नै मोतीरामले 'भक्तमाला' प्रकाशनमा ल्याएका थिए । भक्तिभावका सन्दर्भहरूलाई समेटेर लेखिएको 'भक्तमाला' त्यस बेलादेखि नै चर्चित रहेको छ :

**पुकारा गर्दो छू घडि घडि रुदो छू चरणमा**
**दया खै ख्वामित्को म त हर घडी छू चरणमा**
**विचार गर्थ्यो क्यारोस् भनिकन दया हुन्छ त पनि**
**कलक् पाइभुल्न्या होस् भनिकन रिसै हुन्छ त पनि ।**

### (घ) वधूशिक्षा

**हाँस्नु छैन कदापि नारीहरूले वेश्या* हुन्या हाँस्तछन्**
**वेश्या लौ नहउन् तथापि घरको काम ती सबै नास्त छन् ॥**

---

* माथिका दुई हरफ सिलोक आदिकवि भानुभक्त आचार्यले १९१९ सालमा रचेको 'वधूशिक्षा'मा प्रस्तावनाका तीन श्लोकपछिका १९ औँ श्लोकमा सुरुका दुई चरणमा लेखेका हुन् । यसरी भानुभक्तले 'वेश्या' भनेर लेखेको सो श्लोक मोतीराम भट्ट, भानुभक्तकी नातिनी विष्णुमाया, नरनाथ आचार्य, शिवराज आचार्य, पनाति मुक्तिनाथ आचार्य, बाबुराम आचार्यलगायत हृदयचन्द्रसिंह प्रधानदेखि राजनारायण प्रधानसम्मले डोऱ्याउँदै आएका थिए । नेपाल सरकारको राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित 'वधूशिक्षा'मा पनि 'वेश्या' नै लेखिएको कृति

रहेको छ । तर भानुभक्तले नारीलाई 'वेश्या' भनेका थिएनन् 'वैश्या' भनेका थिए भन्ने आशयको 'वैश्या' शब्द राखिएको श्लोक परेको 'वधूशिक्षा' पनि प्रकाशनमा ल्याइएको छ । त्यति मात्र होइन, भानु प्रतिष्ठानले 'भानुभक्त आचार्यको द्विशतवार्षिकी'लाई अवसर बनाएर २०७१ सालमा प्रकाशित भानुभक्तको कृति 'वधूशिक्षा' पनि भानुभक्तको मौलिक लेखन भनेर 'वेश्या'लाई र 'वैश्या' लेखेर प्रकाशित गरिएको छ । यस बेहोराले भानुभक्तका उक्त 'वधूशिक्षा'का विषयमा अन्योल पार्ने प्रयास गरिएको छ । भानुजन्मस्थल विकास समितिबाट प्रकाशित 'आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण' (२०५८)मा व्रतराज आचार्यले भानुभक्तका वधूशिक्षाको खास ३५ श्लोकको पाठ प्रस्तुत गरी त्यसका एक्काइसौँ श्लोकमा पहिलो र दोस्रो हरफमा 'वैश्या' शब्दहरूको प्रयोग गरेको पाइयो । यसै किताबमा टिप्पणीहरू भन्ने भागमा छुट्टै टिप्पणी पनि छ । त्यस किताबका परिशिष्ट १ अन्तर्गत फोटोकपी (छायाचित्र) दिने सिलसिलामा व्रतराज आचार्यले यस्तो जिकिर समेत गरेका छन्– "भानुभक्तले वि.सं. १९१९ मा मित्र तारापतिका घरमा बास बस्दा रचना गरेको वधूशिक्षाको एउटा लेखोट भानु पुस्तकालय, चुँदी-रम्घामा सुरक्षित रहेको पाइन्छ । भानुभक्तका ठाहिँला बाबु गङ्गादत्तका सन्ततिहरूको घरबाट प्राप्त भएको चौडाइतर्फ ७ इन्च र लम्बाइतर्फ ५४ इन्च लामो सादा नेपाली कागजमा लेखिएको उक्त लेखोट परीक्षणबाट भानुभक्तकै हस्ताक्षर प्रमाणित भएको छ ।"

यतिका वर्षपछि आएर भानुभक्तको यस मौलिक रचनालाई झन् विवादमा पार्ने उपर्युक्त पाठभेद दिई यसरी बटार्ने काम किन गरियो भन्ने प्राज्ञजगत्ले टिप्पणी गर्ने ठाउँ रहेको छ ।

मोतीराम भट्टका पालादेखि आजसम्म एक शताब्दी भई बीस वर्ष बढीसम्म छापिँदै आएको 'वधूशिक्षा'को उक्त प्रासङ्गको 'वेश्या' शब्द 'वैश्या' हुँदै 'वैश्यै' र 'वैश्या' भई छापिएको देखियो । 'वेश्या' र 'वैश्या'; 'वैश्यै' भन्नुमा कति अन्तर छ ? भानुभक्तका रचना सुनेर कण्ठ पार्ने सार्ने पनि चलन हुँदा पाठभेद त अरू किताबमा पनि छ । तर 'वेश्या', 'वैश्या' अनि 'वैश्यै'मा त धेरै अन्तर पऱ्यो । यस्तो पाठ कसबाट 'वधूशिक्षा' लेखोट सार्दा गल्ती भयो ? भानुभक्तले आफ्नै हस्ताक्षरले यस्तो गम्भीर पाठभेद गरे त ? यसको वस्तुनिष्ठ गम्भीर निर्क्योल नेपाली प्राज्ञिक जगत्ले गर्नुपर्दैन त ? के भानुभक्तका रचनालाई अझैअझै पनि पाठभेद गरेर नै प्रस्तुत गर्नु न्यायोचित ठहर्ला त ? यी हचुवाका भरमा प्रस्तुत गरिएका विवरणले भानुभक्तीय रचनामाथि ठूलै अन्याय गरिएको छ । जब भानुभक्तले लेखेकै छन्–

त्यस बेलाको नेपाली समाज नारीलाई पाउको धूलोसमान ठान्थ्यो । तत्कालीन परिस्थिति पनि त्यस्तै थियो । त्यस बेला समाजमा पत्नीहरू अर्धाङ्गिनीका रूपमा नभएर दासीका रूपमा पनि स्वीकारिन्थे र पुरुषहरूले आफ्नो पुरुषत्व नारीशोषणमा पनि लगाएका थिए । भानुभक्तले कविताका लेखनका माध्यमबाट 'वधूशिक्षा'मा पुरुष सत्ताप्रधान तत्कालीन नेपाली समाजको चित्रण गरेका थिए; त्यसैले उनले नारीले हाँस्नु हुँदैन भनेर कविता लेखेका हुन् ।

कान्तिपुरका चपलाहरूको गाथा गाउने उदार भानुभक्तले हाँस्ने नारीहरू वेश्या हुन्छन् या वेश्या नभए पनि तिनले घरको काम सबै नास्तछन् भनी लेखे । वास्तवमा त्यस बेलाको परिस्थितिमा नारीमा उत्ताउलोपन हुनुहुँदैन भनी नैतिक शिक्षा दिने अभिप्रायले उनले सामाजिक रूपरेखाको प्रतिबिम्ब कवितामा सिर्जना गरेका थिए । 'वधूशिक्षा' उपर भानुभक्त विषयक प्रथम विद्यावारिधि कविता लामा लेख्छिन्– 'यसले (वधूशिक्षाले) रूढिवादी, अन्धविश्वासी समाजको पक्षलाई पनि छर्लङ्ग देखाएको छ ।'

••

भानुभक्त झोँक्किएका रिसाएका बेला लेखेका ससाना फुटकर कविताहरूमा पनि तत्कालीन समाजप्रति व्यङ्ग्य प्रस्फुटन हुन्थ्यो । एकपटक भानुभक्तले आफ्ना मित्र गजाधर सोतीका घरमा राती वास

---

**वेश्या लौ नहउन् तथापि घरको काम ती सबै नास्त छन् ।**

नेपाली वृहत् शब्दकोशका अनुसार 'परपुरुषलाई अभिचारको निमन्त्रणा दिने नारीलाई नै वेश्या भनिन्छ ।' त्यस बेला घरभान्साको काम नारी जातिले मात्र गर्थे । तर यतिका वर्षपछि आएर 'वेश्या'लाई 'वैश्या' र 'वैश्यै' भनेर कसरी, किन र कुन अर्थमा प्रस्तुत गरिएको हो ? यस लेखोटलाई भानुभक्तकै हस्ताक्षरमा भावसंशोधन हुने गरी बदलेर किन बिब्ल्याँटो पारिएको हो ? 'वधूशिक्षा'मा मात्र पाठभेद गरिएको छैन; भानु प्रतिष्ठानद्वारा 'भानुभक्तको रामायण' भन्ने पुस्तक (२०७१) मा भानुभक्तका अन्य श्लोक पनि परम्परागत चलिआएका भन्दा भिन्न पाठ (पाठभेद) प्रकाशन गरिएको पाइन्छ ।

बस्न नपाएको झोँकमा कविता लेखेका थिए । त्यस बेलाको समाजमा पुरुषवर्ग नारीप्रति क्षमाशीलभन्दा बढी कठोर थियो भन्ने तथ्य भानुभक्तले लेखेको यस प्रसङ्गका कविताले पनि व्यक्त्याउँछ । एकातिर 'अतिथिदेवो भव:'को आदर्श र अर्कातिर वास पाउँला कि भनी आशा गरेको घरमा साँझमा वास बस्न नपाउँदा सृजित कठिनाइका चापमा परेका भानुभक्तले रिसाएरै यो कविता लेखे । तर पनि नचिनेको मान्छे वास बस्न आउनेबित्तिकै कुनै नारीले घरमा वास दिइनन् भने वास बस्न नपाउने पीडित कविले 'उनी नरक जान लागेकी थिइन्' भन्न नमिल्ने नै हो । वास्तवमा भानुभक्तले गजाधरकी पत्नीलाई अनाहकै सरापेका थिए कि आफ्नो त्यस रातको आपत् बखानेका थिए ?

समाजमा राम्रा नराम्रा नारीपुरुष हुन्छन् । तर नराम्रालाई नामै लिएर लेख्न पाइँदैन भन्ने कुरा आजको मूल्यमान्यता हो । त्यतिखेर साँझपख घरमा आएका अतिथिलाई वास दिनुपर्छ भन्ने गृहस्थीको आदर्श प्रबल थियो । भानुभक्तले त्यही नैतिकता र आदर्श पनि लेखेका हुन् । तर व्यक्तिको नाम लिएर गजाधरकी घरबूढी लेखेकाले अहिले आएर उनको रचना आक्षेपात्मक हुन गयो । यति हुँदाहुँदै पनि भानुभक्तको झोँकीपनाले रोचक व्यङ्ग्यको कविता पनि बनायो :

**गजाधर्सोतीका घर बुढि अलच्छिन्कि रहिछन्**
**नरक् जानालाई सबसित बिदाबारि भइछन्**
**पुग्यौं साँझमा तिन्का घर पिढिमहाँ बास गरियो**
**निकालिन् साँझैमा अलिक पर गुजरान गरियो ।**

•

भानुभक्त १९१९ मा काठमाडौँबाट तनहुँको चुँदी रम्घा जाँदै थिए । मोतीराम भट्टले भानुभक्तको जीवनचरित्रमा बताएअनुसार उनका मित्र तारापति उपाध्याय ब्राह्मणसित बाटामा भेट हुँदा 'आज मेरा घरमा बास बस्नुहोस्' भनी भन्दा साथीको आग्रहले भानुभक्त

तारापतिका घरमा वास बसे । तारापति पनि धनी, सज्जन र विद्वान् थिए । साथै उनले भानुभक्तलाई निकै रुचाउँथे पनि ।

भानुभक्त आफ्ना साथी तारापति उपाध्यायको घर बसेको रात त्यहाँ उनले अत्यन्तै दयालाग्दो र भयङ्कर क्रान्तिको स्थिति देखे । त्यो दृश्यले उनी सारै दु:खित बने । अनि त्यस बेलाको त्यो दु:खद् घटना पनि उनले लेखे । कुरा के भने भानुभक्त तारापतिको घरमा वास बसेको रात सासूबुहारीको बाझाबाझमै बितेको थियो । रातभरिको जाग्रामपछि बिहानपख भानुभक्तले 'वधूशिक्षा' लेख्न आरम्भ गरेका थिए र बिहानै लेखिसके पनि । मोतीराम भट्टको भनाइअनुसार सो 'भोलिपल्ट भात खाई बाटा लाग्ने बेलामा निज तारापतिसित बिदाबारी भै कवि भानुभक्ताचार्य जान लाग्दा यो 'वधूशिक्षा' नामको ग्रन्थ दिए । पछिबाट तारापतिलाई उपदेशका तीन श्लोकको एक पुर्जी दीकन बाटा लागे ।' त्यस बखत भानुभक्तले लेखेको तीन श्लोक :

**एक् थोक् भन्छु नमान्नु दु:ख मनमा हे मित्र तारापति**
**तिम्रा ई जति छन् जहानहरू ता जुझन्या रह्याछन् अती ॥**
**सून्याँ दन्तबझान आज घरको कर्कर् गऱ्याको उसै**
**भर्रात् जाग्रम झैं भयो मकन ता लागेन आँखा कसै ॥१॥**

**धन् इज्जत् घरबार देख्छु बढिया छैनन् कुनै चिज् कमी**
**बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौंला तिमी ॥**
**साह्रै शोक उठ्यो मलाइ र वधूशिक्षा बनाञाँ पनी**
**यस्ले पत्नि, बुहारि, छोरिहरूको तालिम् गरौंला भनी ॥२॥**

**हुन त म अतिथी हूँ यस् बिन् क्या छ खांचो ।**
**तर पनि त म भन्छु मित्र ह्वौ जानि सांचो ॥**
**घर चतुरइँ गर्छन् बुद्धिमान्ले अगाडी ।**
**बखत चुकि दिंदामा हुंछ काहां पछाडी ॥३॥**

भानुभक्तले सो पुर्जीका तीन श्लोकबाहेक ३३ श्लोकमा 'वधूशिक्षा' लेखे । यो लेख्ने अन्तर्निहित प्रेरणा उनलाई आफ्नी पत्नी

चन्द्रकलादेवी, गजाधर सोतीकी पत्नी र तारापति उपाध्यायका पत्नी तथा बुहारीले दिएका थिए । 'वधूशिक्षा' उनको मौलिक काव्य हो र यसलाई उनले त्यस बेलाका परम्परागत मान्यताका घरगृहस्थीका नारीहरूका सफलताका लागि नीतिकाव्यका रूपमा प्रस्तुत गरे । ३३ श्लोकको उनको मूल कृतिले तत्कालीन नेपाली समाजमा ख्याति पनि पायो । यो कृति अहिलेसम्म पनि चर्चाको घेरामा रहेको छ ।

भानुभक्तले 'वधूशिक्षा'मा उपदेश दिएरै कविता लेखे । नारीहरूलाई सती पठाउने समाजमा भानुभक्तले नारीहरू अनुशासित र आदर्श हुनुपर्छ भनेर लेख्नु कुन आपत्तिजनक कुरा थियो र ! वास्तवमा अहिलेको समयमा पनि थुप्रै ठाउँमा नेपाली परम्परा र संस्कृतिमा भानुभक्तीय 'वधूशिक्षा' नै गाँसिएको भेटिन्छ :

**प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरुन् ।**
**सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ती पतिमा धरुन् ॥**
**भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ-तलैमा परुन् ।**
**पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरुन् ॥**

•


भानुभक्तले नारी जातिलाई तत्कालीन परिवेशमा सामान्यत: घरको सँघार काटेर पाखा जानुहुँदैन भन्ने मान्यता राखी 'वधूशिक्षा' लेखे । 'वधूशिक्षा'को लेखोट, पाठ र छपाइमा 'वेश्या' शब्दका सट्टा 'वैश्या' र 'वैश्यै' भनी सच्याइयो । वैश्य जातिकी स्त्री वैश्या हुन्नन् । यहाँ भानुभक्तलाई नारीविरोधी चेतनाबाट जोगाउने अभिप्राय होला सायद ! यसबाट त भानुभक्त वैश्य जातिका विरोधी थिए कि भन्ने प्रश्न उठ्ने ठाउँ देखियो । 'वेश्या' र 'वैश्य'को यस प्रसङ्गमा भानुभक्तकी नातिनी विष्णुमाया (रमानाथकी छोरी)ले 'भानुभक्त मणिमाला' कृतिमा भानुभक्तद्वारा 'वेश्या' नै लेखेको पाठ प्रस्तुत गरेकी छिन् ।

### (ङ) रामगीता

भानुभक्तले आफ्नो जीवनको अन्तिम प्रहरमा लेखेको कृति 'रामगीता' हो । 'रामगीता' भानुभक्तीय 'रामायण'को 'उत्तरकाण्ड'को एउटा अंश नै मानिन्छ । यस 'रामगीता'लाई 'अध्यात्म रामायण'को हृदय भनिन्छ । तर पनि यसको जन्म र प्रथम प्रकाशन बेग्लै कृतिका रूपमा भएकाले यहाँ यस कृतिको अस्तित्व बेग्लै पारी प्रस्तुत गरिएको हो । भानुभक्तले आफू थलिएकै बेला आफ्नो छोराको पनि सहयोग लिएर 'रामगीता' बनाएका थिए । त्यो कृति लेखी सक्तानसक्तै भानुभक्तको ज्वरो निक्कै बढेर उनलाई अचेत अवस्थामा नै पुऱ्याउन खोजेको थियो । त्यसै बेला भानुभक्तले "अब मेरो संसारसितको सम्बन्ध आजैका दिनसम्म मात्र रहेछ" भनेर आफ्ना छोरालाई ज्ञानगुन दिएर आर्यनीतिको उपदेश पनि दिए भनी मोतीरामले लेखेका छन् । भानुभक्तद्वारा जीवनको उत्तरार्द्धमा लेखिएको यो कविता पनि नेपाली साहित्यका फाँटमा निकै चर्चित रह्यो :

**श्रीराम् उपर् खुब्सित पुष्प वृष्टि**
**सब् गर्न लाग्या उहाँलाई दृष्टि ।**

# भानुभक्तको जन्मकुण्डली




**देवीभक्त आचार्य**
**(भानुभक्त आचार्य)**

**जन्म**ः संवत् १८७१ असार २९ गते, आइतबार
**मृत्यु** : संवत् १९२५ असोज ६ गते, आइतबार

•••

आदिकवि भानुभक्त आचार्यको जन्मकुण्डली विष्णुमायाको 'भानुभक्त मणिमाला'का कविपरिचय अन्तर्गत प्रस्तुत भएको छ । भानुभक्तले आफ्नै जन्मकुण्डलीबारे कविता लेखेको आधारमा भानुभक्तको शेषपछिको पौने एक शताब्दी भुक्तान हुन लाग्ने बखतमा यस प्रकारका जन्मकुण्डली र सोबारेकै भानुभक्तको कविता कसरी प्राप्त हुन सके ? यी बेहोरा वास्तविक हुन् भनेर कसरी पत्याउने ? तापनि उनको यो जन्मकुण्डली र सो बारेको भनिएको कविता सबैजसोले पत्याइसकेका छन् । हुँदाहुँदै भानुभक्तकै लेखोट

भनेर उनको जन्मबारेको कवितालाई पनि पत्याउनै पर्ने हिसाबको उपकथा पनि प्रस्तुत गरियो । चाहे यो कविता भानुभक्तले आफैँ नै लेखे, चाहे या अरूले लेखिदिए; यस प्रसङ्गमा जेजस्ता सत्यासत्य भए तापनि जन्मकुण्डलीमा भएका ग्रहनक्षत्रादिको स्थितिका बारेमा सारसंक्षेप पनि विष्णुमायाको सङ्कलन र उनैद्वारा प्रकाशित 'भानुभक्त मणिमाला'मा यसरी प्रस्तुत गरिएको छ :

**श्री शालीवाहन्का समय षडत्रिंशत् भइकन ।**
**अनी आषाड् मास्को दिन पनि उनन्तिस् गइकन ॥**
**घटी एक्तिस् माँहा विघटि पनि वत्तिस् परिकन ।**
**नवांशक् कंठीरव् धनुष परि जो वेस लगन ॥१॥**
**मिथुन्मा सूर्यै छन् निवनिलय मीन्का विधु अनी ।**
**महीसुत् बुध् राहू शशि सदनका ई तिन पनी ॥**
**गुरू भाग्यस्थान्का रविभवनमा गैकन वस्या ।**
**भृगूजी ता आफ्नै सदन वृषमा गैकन पस्या ॥२॥**
**मकर्मा सौरी छन् ध्वजसहितका स्वगृहि यँहा ।**
**वतायाका क्रम्ले ग्रह हरु वस्या कुण्डलि मँहा ॥**

भानुभक्तद्वारा नै लेखिएको भनिएको यो अढाइ श्लोककै मेसोमा कुमारीचोक थुनापर्दा त्यस बखतका कमान्डरइनचीफ कृष्णबहादुर राणालाई भानुभक्तले लेखी चढाएको कविताको एक अंश पनि सँगै दाँजेर हेर्नु वाञ्छनीय छ :


**चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको**
**आयो काल् व्रतबन्धको नजिकमा बेला यो हर्षको ।**

भानुभक्तले 'चालीस् वर्ष भञा म' भन्ने कविता १९०९ सालमा लेखेका थिए । १९०९ मा ४० घटाउँदा १८६९ साल हुन आउँछ । त्यसैले पाठकले विष्णुमायाद्वारा प्रस्तुत भानुभक्तको जन्मकुण्डली र त्यसबारेको 'श्री शालीवाहन्का समय षडत्रिंशत् भइकन' कविता पत्याउने हो या मोतीरामद्वारा प्रस्तुत गरिएको 'चालिस् वर्ष भञा म' भन्ने १९०९ सालमा भानुभक्तले लेखेको कवितालाई पत्याउने हो ? यदि मोतीरामद्वारा प्रस्तुत यो कविता गलत थियो भने भानुभक्तबारे

लेख र किताब लेख्ने आचार्यहरूले यसै कविताको शिरानमा रहेको 'जागीर् छैन धनी म छैन घरको केबल् कुदालो खनी' उपर फुत्ती खेल्दै 'जागीर् छैन' शब्दलाई आधार बनाएर भानुभक्तले जागिर खाएकै थिएनन् भनेर किन मत दिँदै आए ? भन्ने प्रश्नमा बौद्धिक स्वरहरू पनि उचालिएकै पाइन्छ ।

भानुभक्त १८६९ सालमा जन्मे भनेर मोतीरामले भानुभक्तको शेषपछिको २२ वर्षमा लेखेका थिए; तर 'श्री शालीवाहन्का समय षडत्रिंशत् भइकन' कविता र पूर्वोक्त जन्मकुण्डलीलाई आड बनाएर भानुभक्त जन्मेको सवा एक शताब्दी जतिपछि भानुभक्तको जन्म १८७१ असार २९ गते नै हो भनी कायम गरियो । एउटा विभूतिले प्राणत्याग गरेको पौने सय वर्षपछि पनि यसरी जन्ममिति सच्याउँदै (र बिगार्दै) जाने प्रचलनलाई उचित मान्न सकिन्छ र ? गैरजिम्मेवारी ढङ्गबाट जन्म, मृत्युबारे नै यसरी उदिन्ने, खोतल्ने र सुम्सुम्याउने तरिकाले पाठक मनमा भानुभक्तका अनेक सन्दर्भले विश्वासको सङ्कटले कुन्यौ लगाउने गर्छ भन्ने सर्व स्वीकृत मान्यता रहिआएकै छ । तर जजसले यस विषयमा चलखेल गरे तापनि अब भानुभक्त जन्मेको मिति यही नै सदर भयो; नेपाल सरकारले पनि भानुभक्तको द्विशतवार्षिकी मनाई यसै मितिलाई स्वीकाऱ्यो । अर्थात् आदिकवि भानुभक्त आचार्यको जन्म १८७१ साल असार २९ गते आइतबार नै कायम भयो ।

# भानुभक्त आचार्यको वंशावली




* मोतीरामले कवि भानुभक्तको जीवनचरित्र छपाउँदा भानुभक्तको वंशविस्तार भनी आरेखमा रमानाथ र रामदत्तलाई चिनाएका छन् । मोतीरामलाई भानुभक्तको जीवनी र वंशविस्तार उपलब्ध गराउने काम भानुभक्तका भतिजा रामदत्त (भानुभक्तका कान्छा काका इन्द्रविलासका नाति)बाट भएको थियो । पछि अरूअरूले थप वंशविस्तार पनि दिएका छन् ।

(३) डि.देवीभक्त → (४)
- छोरा: बद्रीनाथ, सूर्यनाथ, मुक्तिनाथ, विश्वनाथ, हरिनाथ
- छोरी: चन्द्रकला

(३) दुर्गाभक्त → (४)
- छोरा: जगन्नाथ (बालमृत्यु)
- छोरी: जयकाली

(३) शिवभक्त → (४)
- छोरा: सुदर्शन, लक्ष्मीनाथ (नि:सन्तान), गोपीनाथ
- छोरी: जयकाली

(४) बद्रीनाथ → (५)
- छोरा: केदारभक्त
- छोरी: सत्यदेवी, अन्नपूर्णा

(४) सूर्यनाथ → (५)
- छोरा: श्रीभक्त*
- छोरी: कमला, विजयलक्ष्मी, श्रीलक्ष्मी, दिव्यलक्ष्मी, इन्दिरा, यशोदा

(४) मुक्तिनाथ → (५)
- छोरा: नारायणभक्त (कृष्ण), रविभक्त (बालमृत्यु), श्यामभक्त, रामभक्त (बालमृत्यु)
- छोरी: कमला (बालमृत्यु), सीता, पुण्यप्रभा, ज्ञानप्रभा

(४) विश्वनाथ → (५)
- छोरा: प्रमोद, विनोद, सरोज, मनोज
- छोरी: मीरा, रञ्जु, अञ्जु

---

* आदिकवि भानुभक्त आचार्यको प्रस्तुत वंशावली उपलब्ध गराउने काम भानुभक्तका खनाति श्रीभक्त आचार्य (नेपाल सरकारबाट भानु जन्मस्थल विकास समितिको अध्यक्षमा २०६६ देखि २०६७ सालसम्मका लागि मनोनीत भई क्रियाशील स्थानीय समाजसेवी व्यक्तित्व)बाट भयो ।

- ४ हरिनाथ → ५
  - छोरा: प्रदीपभक्त, सुदीपभक्त, सन्दीपभक्त
  - छोरी: उषा, निषा, सुसा

- ४ सुदर्शन → ५
  - छोरा: विष्णुभक्त (नि:सन्तान), छविभक्त (बालमृत्यु), रविभक्त, कविभक्त, सुरेशभक्त
  - छोरी: सरस्वती, सुलोचना, सविता, सुनीता

- ४ गोपीनाथ → ५
  - छोरा: सुरेशभक्त (बालमृत्यु), रमेशभक्त
  - छोरी: साधना, वन्दना (बालमृत्यु), चन्दना, सिर्जना, सम्झना (बालमृत्यु)

- ५ केदारभक्त → ६
  - छोरा: कवीन्द्रनाथ
  - छोरी: कल्पना, करुणा


- ५ श्रीभक्त → ६
  - छोरा: अनन्त, प्रचण्ड

- ५ नारायणभक्त (कृष्णभक्त) → ६
  - छोरा: रवीन्द्र, किरण

- ५ श्यामभक्त → ६
  - छोरा: ऋषि
  - छोरी: लक्ष्मी

- ५ प्रमोदभक्त → ६
  - छोरा: अमित


- ५ सरोजभक्त → ६
  - छोरी: आश्मा


५
मनोजभक्त
६
छोरी
समता
५
प्रदीपभक्त
छोरा
६
छोरी
प्रमित
सजला
५
सुदीपभक्त
६
छोरा
अपिल
५
रविभक्त
छोरा
६
छोरी
रुबल
रुबिना
५
रमेशभक्त
६
छोरी
सुहाना
५
कविभक्त
६
छोरा
सफल
६
कवीन्द्रनाथ
छोरा
७
छोरी
करुणभक्त
कञ्चन
६
अनन्त
७
छोरा
अरविन्द
६
प्रचण्ड
७
छोरा
प्रसन

## आनुष्ठानिक सूची

- भानुभक्त आचार्यको हस्तलिपि
- भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिर
- मोतीराम भट्टको तस्बिर
- भानुभक्तका छोरा पं.रमानाथ आचार्यको तस्बिर
- भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर

# भानुभक्त आचार्यको हस्तलिपि



स्वस्ति श्री चिरंजीवि श्रीनानि रमानाथ शर्मणि–श्री भानुभक्त शर्मण : शुभाशीर्वादा: सन्तु. उप्रान्त. पढ्दैनस् भन्दा सुन्दछु. मेरा कंढा परि जति उम्लंछस्. ञाहांबाट म क्यागरूं. म ताहां आयापछि. तैंले नपढचाको ठहराञा भन्या. वावै. तेरा ज्यानको आसा नराषि लात् मान्र्याछु. कि तैले मर्नुपर्ला. कि मरि सुख पाउन्याछस्. कि पढ्रि सुख पाउन्याछस्. यो बुझि. कि तैंले मर्नु कि पर्न्हु. तेरी आमाले

पनि. यो चिठि हेरि. साझबेहान तलाइ. लात मारि घोकन लावोस्. आज तेरि आमाका चेत आयेनन् र. तलाइ षेलन दियी भन्या मैले लात्मारि मर्नान्त पाऱ्याको तमासा हेर्लि. हे र्ववै. पह्रिनस् भन्या. तेरो जिउ खंज गराईछोडुला. रति जति तेरो माया मान्न्या छैन. सो जानी तेरि आमाले तलाइ अदमा राषि. घोकाउनु. तैले घोकनु. आजसम्म कति पह्रिस्. ऱ्याहाँसम्म पाठ पुऱ्यायाको छु भनि लेषि पठा अघि पह्रायाको पनि बिर्सिस् कि आउँछ तेरा हातले लेषि पठा नहि भन्या. तेरो ज्यान् साबुद राषन्या छैन. ढैरे क्या लेषु. किमधिकं मिति मार्ग शुदि १ रोज ३ मुकाम महाबौद्ध टोल शुभम्.

(पुनश्च:)

ताहाँ पढदैन भन्या मानिस् साथलाइ मंसिरभित्रै ऱ्याहाँ पठाइदे. म आउँदा सँगै लि आउँला. ऱ्याहिं पढाउँछु. तांही पढ्छ भन्या बढिया हो.

(भानुभक्तयुगमा पत्नी र छोराछोरीलाई अनुशासनको कठोर पाठ पढाइन्थ्यो भन्ने कुराको प्रमाणका रूपमा भानुभक्तले छोरा रमानाथलाई लेखेको प्रस्तुत पत्र र भानुभक्तको ‘वधूशिक्षा’लाई लिन सकिन्छ ।)

# भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिर




(मोतीराम भट्टद्वारा 'कवि भानुभक्तको जीवन चरित्र' (१९४८)मा प्रस्तुत तस्बिर)

# मोतीराम भट्टको तस्बिर



(तस्बिर सौजन्य : चित्रकार इन्द्र खत्री)

# भानुभक्तका छोरा पं.रमानाथको तस्बिर



(तस्बिर स्रोत : भानुभक्त मणिमाला– १९९८)

# भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर



(तस्बिर स्रोत : भानुभक्त मणिमाला– १९९८)

# नरेन्द्रराज प्रसाईकृत भानुजीवनीबारे प्राज्ञिक विचार

नरेन्द्रराज प्रसाईले लेख्नुभएको 'भानुभक्त आचार्यको जीवनवृत्त' हरेक दृष्टिकोणले अत्यन्त यथार्थपरक, शोधपूर्ण र तर्कसङ्गत अनुभव हुन्छ । प्रसाई अति लगनशील, प्रतिबद्ध र आत्मविश्वासले युक्त स्रष्टा हुनुभएकाले यस ग्रन्थको अध्ययन गर्ने जुनसुकै पाठकले पनि उहाँको हार्दिक प्रशंसा गर्नेछन् ।

**• आनन्ददेव भट्ट**

प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'ले चिरकालसम्म पनि भानुभक्तबारेको चर्चा, परिचर्चा र विमर्शको विश्वासिलो ढोका खोलिदिएको छ; भानुभक्तलाई साँघुरो गल्लीबाट विशाल राजमार्गमा ल्याइपुऱ्याएको छ । प्रसाईले अन्योलको यात्रामा भानुभक्तलाई रकेटमा राखेर आकाशमा उडाएका छैनन् बरु सप्रमाण धरतीमै बलियोसँग टेकाएका छन् । उनको लेखनले अनुसन्धानको कसी पटक्कै बिर्सेको छैन । अऋ उनले प्रमाणबिनाको धरातललाई त फिटिक्कै स्वीकार गरेका छैनन् । जसरी प्रसाईले यस कृतिमा सवा सय वर्षको हाराहारीमा लेखिएका भानुभक्तको जीवनीमा भएका विवादास्पद कुराहरूको चिरफार गरेका छन्, ठीक त्यसरी नै आदिकविले लेखेर छोडेको कवितामा पनि मुढेबलले पाठभेद गरेर शक्तिको दुरुपयोग गर्दै जथाभाबी गर्ने स्वनामधन्य लेखकहरूका कर्तुतको शिष्ट र शालीन भाषाशैलीमा जुन हुर्मत प्रसाईले लिएका छन्, त्यो झन् प्रेरक छ । अबका लेखकहरूले त्यसरी मनपरीतन्त्रमा

कुनै पनि लेखकका कृतिमाथि खेल नखेलून्, नत्र भविष्यले उनीहरूको कुनै पनि कालो कर्तुत उदाङ्गो पार्नेछ भन्ने सन्देश पनि यस कृतिले दिएको छ । अक्षरलाई सत्य साक्षी राखेर मात्र प्रकाशन गर्नुपर्छ । जीवनी लेखनमा लेखकको निरपेक्ष भावको ज्यादै ठूलो महत्त्व हुन्छ भन्ने सन्देश दिन प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' सक्षम छ ।

**• इन्दिरा प्रसाई**

गहिरो खोज र ठोस प्रमाणहरूको दस्तावेज रहेको नरेन्द्रराज प्रसाईकृत भानुजीवनी नेपाली जीवनी लेखनको फाँटमा एउटा अत्यन्त महत्त्वपूर्ण उपलब्धि सिद्ध भएको छ । तटस्थभावले सन्तुलन र सामञ्जस्य राख्दै जीवनीकार प्रसाईले भानुभक्तको जीवनका घटनाहरूलाई वैज्ञानिक ढङ्गबाट नयाँ रूपमा प्रस्तुत गरेका छन् ।

**• प्रा.डा.उषा ठाकुर**

नरेन्द्रराज प्रसाई रचित 'भानुभक्त आचार्यको जीवनवृत्त' भानुभक्त आचार्यको जीवन र व्यक्तित्वका अनेकौं आयामका बारेमा प्रामाणिक साक्ष्यहरू प्रस्तुत गर्दै रचिएको एक तथ्यपरक कृति हो । मोतीराम भट्ट विरचित 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' पछिको कोसेढुङ्गाका रुपमा रहेको यो कृति भानुभक्तका बारेमा भएका खोज र जीवनीलेखनमा देखापरेका कतिपय अस्पष्टता चिर्न सफल रही वस्तुनिष्ठ, तर्कसङ्गत जीवन लेखनको आदिकृति बन्न पुगेको छ र यो कृति भानुभक्तका बारेमा अध्ययन, अनुसन्धान र खोज कार्य गर्ने आउँदो पुस्ताका लागि अमूल्य निधि बन्न पुगेको छ ।

**• प्रा.ऋषिराम शर्मा**

भानुभक्त विषयक सोधखोज र जीवनीपरक लेखन विशुद्ध साहित्यिक भावनाले अभिप्रेरित थियो तर पछिपछि भानुभक्त विषयक अध्ययन र सोधखोजमा क्रमश: आग्रह र चलखेलले प्रवेश पायो । जति अध्ययन र अनुसन्धानको क्रम जति अघि बढ्दै गयो, त्यति विवादित

तथ्यहरू सुल्झिँदै स्पष्ट र खुलस्त हुँदै जानुको सट्टा झन्झन् बल्झिँदै र बटारिँदै गएको स्थिति देखिन्छ । यस्तो किन हुन गयो भन्दा मोतीराम भट्टप्रतिको दुराग्रह एवम् भानुभक्तलाई आफ्नो गोत्रीय सम्पत्ति सम्झने सङ्कुचित धारणाबाटै हुन गएको होला भन्ने अनुमान गर्नुबाहेक अर्को विकल्प देखिन्न । यस्तो अन्योल, अस्पष्ट र द्विविधाग्रस्त स्थितिलाई भानुभक्त विषयक समग्र कृतिको गहिरो अध्ययन गरी आफ्नो बुद्धि, विवेक, तार्किक क्षमता, समीक्षात्मक चेत, सिर्जनशील शक्तिको अधिकतम उपयोग गर्दै लेखक प्रसाईले यथासम्भव उत्कृष्ट स्वरूप प्रदान गरेको देखिन्छ । यसबाट एक शक्तिशाली जीवनी लेखकबाट भानुभक्त विषयक प्रस्तुतिको सुन्दर र सकारात्मक पक्ष बढी उघ्रेर आएको पाइन्छ ।

**• प्रा.कपिल अज्ञात**

नरेन्द्रराज प्रसाईले मोतीराम भट्टले शिलान्यास गरेको जीवनीपरक समालोचनाको मार्गलाई पछ्याउँदै त्यसको प्रवर्द्धन र विस्तार गर्ने अथक प्रयत्न गरेका छन् । भट्टले भानुभक्तको जीवनी पहिलो पटक लेखे । त्यतिबेला यत्तिको खोज गरी जीवनी लेख्नु महान् काम थियो । केही कल्पनाको जलप रहे पनि यसमा आएका अधिकांश तथ्यहरू प्रामाणिक छन् । त्यसपछि पनि भानुभक्तका जीवनीबारे धेरैले लेखे, तर नवीन सत्यतथ्य खासै आएनन् । बरु भएकै तथ्यलाई पनि यताउति पारेको पाइन्छ । मोतीराम भट्टले लेखेको जीवनी प्रकाशित भएको करिब सवा सय वर्षपछि प्रसाईले यसपूर्वका जीवनीको सम्यक् अध्ययन गरी यथोचित सन्दर्भ र स्रोतलाई स्थान दिएर प्रस्तुत कृति तयार पारेका छन् । तसर्थ मोतीराम भट्टपछि भानुभक्तको जीवनीका बारेमा लेखिएका कृतिमध्ये प्रस्तुत कृति सर्वाधिक बढी प्रामाणिक, आधिकारिक र विश्वसनीय रहेको पाइन्छ ।

**• प्रा.डा.कपिल लामिछाने**

भानुभक्त अध्ययन परम्परामा विवाद उठाउने कलम, समस्या देखाउने हात र मस्तिष्क अनेक देखिए तापनि त्यसको निराकरणतर्फ जाने र सोच्ने मनहरू कविले कमै पाएका छन् । तीमध्ये जीवनी लेखक नरेन्द्रराज प्रसाईले कवि भानुभक्तसम्बन्धी यस्ता भ्रम फैलाउने केही प्रसङ्ग, अनि अपत्यारिला चर्चाले कविको व्यक्तित्व धमिल्याउने कतिपय प्रयासहरूलाई तथ्यका आधारमा र सत्य घटनाको खोजी गरी ठोस उदाहरणसहित सही कुरा प्रस्तुत गर्न सफल भएका छन् । भानुभक्तका अन्य जीवनीकारले अघि गर्न नसकेका अथवा गरेर पनि काँचो स्थितिमा छोडेका, अपूर्ण प्रसङ्गहरूको स्पष्टतः खण्डन गर्दै प्रसाई सचेत, विवेकीपूर्ण, विनयशील रही यस कृतिमा सुन्दर ढङ्गले विषयको बिट मार्न सक्षम देखिन्छन् ।

**• डा.कविता लामा**

विषयवस्तुअन्तर्गत भानुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपरक समीक्षात्मक प्रस्तुति रहेको यस ग्रन्थमा लेखक नरेन्द्रराज प्रसाईले आफ्ना धारणा र सुझाउ कुनै आग्रह वा दुराग्रहबिना एक सत्यान्वेषीका रूपमा निभ्रान्त र निष्पक्ष भएर निर्भीकतासाथ प्रस्तुत गरेको पाइन्छ । भानुभक्तका समकालीन व्यक्तित्वहरूदेखि लिएर, दुई सय वर्षमा उनका विषयमा लेखिएका परस्पर विरोधी कुराहरूदेखि लिएर भानुभक्तका वंशजहरूले सत्यतथ्यलाई प्रकाशमा ल्याइदिनाको साटो त्यसको ढाकछोप गर्ने काम गरेर उनको जीवनवृत्तलाई झन् शङ्कास्पद र रहस्यात्मक बनाइदिएको कुराप्रति ग्रन्थकारको अप्रसन्नता र गुनासो मलाई जायज लागेको छ ।

**• प्रा.डा.केशवप्रसाद उपाध्याय**

नरेन्द्रराज प्रसाईद्वारा लेखिएको यस जीवनवृत्तमा भानुभक्तको जीवनकथासँग जोडिँदै आएका कतिपय तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुभक्तले जिएको जिन्दगीका नयाँ परिघटनाहरूतर्फ सङ्केत पनि गरिएको छ । यसमा भानुभक्तीय जीवनचरित्रको चर्चाका

क्रममा देखापरेका तर परस्पर बाझिएका कतिपय तथ्यहरूको सम्परीक्षण र परिमार्जन गरिएको छ । त्यसैले पनि यस जीवनवृत्तले पाठकहरूलाई नयाँ स्वाद त दिन्छ नै यसबाहेक यो अरूभन्दा भिन्नै र नयाँ पनि बन्न पुगेको अनुभव हुन्छ ।

**• प्रा.केशव सुवेदी**

आदिकविको जीवनीमा कतिपय कपोलकल्पित कथाहरू, घटनाहरू थपेर सत्य कुरालाई बङ्ग्याएर विभिन्न व्यक्तिले आआफ्नो इच्छानुसार व्याख्या गरेकाले उनका बारेमा एकै मत हुन सकेको छैन । यसै कारण नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेर सत्यचाहिँ यो हो है ! भन्दै पाठकहरूलाई यसबारे घोत्लिएर चिन्तन र मनन गर्न घचघच्याएका छन् ।

**• प्रा.डा.गार्गी शर्मा**

अहिलेसम्म पनि भानुभक्तका साहित्यिक तथा वैयक्तिक घटनापरिघटनासँग सम्बन्धित अनेक चिन्तन र तथ्यहरू पनि प्रकाशनमा आएका छन् । यस परिप्रेक्ष्यमा साहित्यकार नरेन्द्रराज प्रसाईले भानुभक्तबारे लेखिएका उपलब्ध कृतिहरूको समेत अध्ययन गरेर आफ्नो जीवनीलेखन शिल्पको उपयोग गरी यो जीवनीकृति तयार पारेका हुन् । सरल, वस्तुनिष्ठ र रुचिपूर्ण भाषामा तयार पारिएको यो जीवनीकृति आदिकवि भानुभक्तलाई चिनाउने आधिकारिक सामग्री हुन पुगेको छ । भनौँ, मोतीराम भट्टले तयार पारेको भानुजीवनीपछि यति गहन रूपमा अध्ययन गरेर तयार पारिएको जीवनीकार प्रसाईको प्रस्तुत कृति गहकिलो अध्ययन भएको आधिकारिक भानुजीवनी पनि हो । भानुजीवनीको लेखनपरम्परामा जीवनीकार प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक यो कृति अद्यावधिक मानक कृति हुँदै हो र यस क्षेत्रमा भएको गहकिलो अध्ययन पनि हो ।

**• प्रा.गोपीकृष्ण शर्मा**

भानुभक्तको जन्म संवत्बारे उठेको विवादको समाधान नरेन्द्रराज प्रसाईले व्यावहारिक तर्कका आधारमा जुन गरेका छन्, त्यो सबैलाई स्वीकार्य लाग्नु युक्तिसम्मत हुन्छ । आङ्किक प्रमाणभन्दा लोकप्रचलनको मर्यादा उच्च छ भन्ने उनको तर्क स्वागतयोग्य छ ।

**• प्रा.डा.घनश्याम नेपाल**

कुशल जीवनीकार नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' भानुजीवनी सम्बन्धि सर्वाधिक विश्वसनीय ग्रन्थ हो । प्रसाईले भानुभक्त आचार्यका जीवनीसम्बद्ध सम्पूर्ण सामाग्रीको व्यापक अध्ययन र अनुसन्धान गर्नका साथै भानुभक्तकै कवितामा निहीत अन्त:साक्ष्यका आधारसमेत प्रामाणिक निस्कर्ष निकालेका छन् । त्यही प्रामाणिकता यस ग्रन्थको प्राण हो ।

**• प्रा.ठाकुर पराजुली**

नरेन्द्रराज प्रसाईले न त आदिकवि भानुभक्तको छविलाई धमिल्याउने प्रयास गरेका छन्, न त उनको सृजनशील प्रतिभाको अवमूल्यन गर्ने धृष्टता नै गरेका छन् । उनले त बरु भ्रम एवम् शङ्का निवारणार्थ अनेक प्रमाण तथा तर्कहरू दिएर उनले पाउँदै आएको उच्च सम्मानलाई अझ प्रामाणिक र सबल बनाउने काम गरेका छन् । शोधकार्य गर्नु भनेकै प्रचलित तथ्यहरूको प्रशोधन, परिष्करण र संशोधन गरेर तथ्यलाई अद्यावधिक पनि बनाउनु हो । नरेन्द्रराज प्रसाई यस कुरामा चुकेका छैनन् ।

**• प्रा.डा.दयाराम श्रेष्ठ**

नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' मोतीराम भट्ट र उनीपछिका कतिपय जीवनीकार, समालोचक, निबन्धकार आदि लेखकहरूका मतअभिमत, विवेचना, विश्लेषण आदिलाई पर्गेल्दै भानुभक्तको जीवनका सत्यतथ्य पहिल्याउन गरिएका प्रयत्नको सार्थक उपलब्धि हो ।

**• डा.देवीप्रसाद सुवेदी**

भानुभक्त आचार्यको जीवनवृत्त' मोतीरामकृत भानुजीवनीपछि देखा परेको अत्याधिक खोजमूलक र गहिरो अनुसन्धानात्मक जीवनी कृति हो । साथै मोतीरामपछि नरेन्द्रराज प्रसाईको यसै कृतिले नै भानुभक्तको जीवनीप्रति सच्चा न्याय गरेको देखियो । भानुजीवनी र भानुकाव्य माथि जथाभावी दाइँ गरेर पण्डित्याइँ छाँट्नेहरूका लागि प्रसाईको यो ग्रन्थ वाणिलो प्रहारको रूपमा समेत देखा परेको छ ।

**• डा.दैवकीदेवी तिम्सिना**

वादविवाद, मतभिन्नता, तर्कवितर्कभन्दा माथि उठेर भानुजीवनका तथ्यपरक निष्कर्षलाई चूडान्तसिद्धि दिनका लागि सूक्ष्म शल्यचिकित्सा गरेर एउटा ठोस विवरण दिने काममा प्रसाई अटल र आस्थावान् रहेका छन् । यसप्रकार प्रसाई आफ्नो साधना र बौद्धिक काव्यचेतद्वारा भानुजीवनलाई सार्वजनिक गराउने काममा धेरै सचेत छन् । तथापि सार्वजनिक गर्न अघि अद्यावधिक सन्दर्भभन्दा नयाँ वैज्ञानिकता, तथ्यपरक ऐतिह्य ज्ञान र सृजनात्मक प्रतिमानमा अडानका साथ प्रत्येक प्रश्नको सप्रमाण उत्तर पुष्टि दिन पनि उत्तिकै क्रान्तिकारी हाँकका साथ उनी खडा छन् । यो एकजना जीवनी लेखकमा हुनुपर्ने सबभन्दा बलियो पक्ष हो, जसलाई खूबै औचित्यका साथ न्याय दिन सक्नुपर्ने हुन्छ र लोकका सामु सही कुरा जनाउनुपर्ने हुन्छ ।

**• डा.पुष्प शर्मा**

मोतीराम भट्टले १९४८ सालबाट प्रारम्भ गरेको जीवनीलेखनको परम्परालाई मोतीराममेली मार्गका अनुगामी बन्दै २०७१ सालमा नरेन्द्रराज प्रसाईले निरन्तरता दिने कार्य मात्र गरेका छैनन् अपितु भानुभक्त आचार्यको जीवनीमा विद्यमान कतिपय प्राज्ञिक समस्याहरूको तथ्यात्मक समाधानसमेत पहिचान गर्ने कार्य गरेका छन् । जीवनीलेखन जस्तो गुरुतर कार्यलाई अत्यन्तै सरल, तथ्यात्मक अनि प्रामाणिक स्वरूपमा पस्कने कार्य प्रसाईले गरेका छन् ।

**• प्रेमप्रसाद तिवारी**

विगत सवा शताब्दीका बीच भानुजीवनीका विभिन्न घटनासन्दर्भलाई उल्थ्याउने र केलाउने प्रयासहरू निकै भए पनि र केही भानुजीवनी लेखिएका देखिए पनि तथ्यनिष्ठ, प्रमाणसिद्ध एवम् तर्कसङ्गत रूपमा भानुभक्त आचार्यका जीवनबारे प्रकाश पार्ने खासै उल्लेख्य प्रयास भएका देखिएनन्; बरु केही तथ्य बङ्ग्याउने र बटार्ने चेष्टा आचार्यवंशीहरूबाटै भएका देखिए । यस परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाईले भानुभक्त आचार्यका सबै कृतिको अध्ययन र भानुभक्तका जीवनीसँग सम्बद्ध सबै पूर्वाध्ययनहरूको सूक्ष्म अवलोकनका आधारमा आफ्नो मेधाशक्तिको प्रचुर उपयोग गरी यो भानुभक्त आचार्यको जीवनवृत्त तयार पारेका छन् ।

**• प्रा.डा.महादेव अवस्थी**

नरेन्द्रराज प्रसाईले भानुभक्तको जीवनीबारे आजसम्म विभिन्न समालोचकहरूका कृतिहरूमा उठेका विवाद र परस्पर विरोधी सूचना र तथ्यहरूलाई आफ्नो विवेक र तर्कले जोड्दै जोख्तै गरेर उनका विचारमा भानुभक्तको जीवनीको अन्तिम र प्रामाणिक पाठ तयार गरेका छन् जसलाई राम्रोसँग नकेलाइ पन्छाएर अथवा निच मारेर भविष्यको कुनै पनि भानुभक्तको जीवनीपरक समालोचनाको लेखक अघि बढ्न सक्तैन । यो भानुजीवनीलाई यसरी अनुसन्धानको अपरिहार्य दस्तावेज बनाएकामा नरेन्द्रराज प्रसाईलाई कुनै पनि निष्पक्ष अनुसन्धाताले बधाई नदिई रहन सक्तैन ।

**• प्रा.डा.माधवप्रसाद पोखरेल**

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिमा मुख्य मुद्दा बनाइएको विषयमध्ये भानुभक्तको जन्ममिति र जन्मकुण्डली पनि एक हो । १८६९ सालमा भानुभक्त आचार्य जन्मेको तिथिमितिअनुसार यस्तो जन्मकुण्डली भइदिएको भए अथवा मोतीरामले भानुभक्त आचार्य १८७१ असार २९ गते नै जन्मेको लेखिदिएको भए यो जन्मकुण्डली अति सार्थक पनि हुने थियो । तर नरेन्द्रराज प्रसाईले ठोस र

अनेक प्रमाण दिएर भानुभक्त जन्मेको मिति १८६९ साल नै हो भनेर ठोक्वा गरेपछि यस जन्मकुण्डलीलाई वैज्ञानिक भनेर किटान गर्न सकिएन ।

**• प्रा.डा.मुरारिप्रसाद रेग्मी**

मोतीरामले भानुभक्तको जीवनी लेखेर उनका कृति प्रकाशित गर्न थालेपछि मात्र भानुभक्त चम्केका थिए । मोतीरामपछि भानुभक्तकी नातिनी विष्णुमायाले पनि 'भानुभक्त मणिमाला' मार्फत भानुभक्तका थप सेरोफेरोलाई अगाडि ल्याइदिइन् । उनीमार्फत पनि कति सत्य कुरा र कति असत्य कुरा जनसमक्ष आए, गहिरिएर कसैले त्यसको लेखाजोखा गरेको पनि पाइएन । त्यसपछि भानुबारेका जीवनी लेखक र समालोचकहरूले कतै मोतीराम र कतै विष्णुमायाका लेखनलाई पछ्याउँदै जान थाले । यी व्यहोराले भानुभक्तका जीवनीका केही प्रसङ्ग पनि धमिलो र अपत्यारिलोसमेत हुन थाल्यो । भानुभक्तको व्यक्तित्वका प्रसङ्गलाई बटारबुटुर पारेर प्रस्तुत गरिने होडबाजी हुन थालेपछि पाठकले सत्य कुन हो र असत्य कुन हो छुट्ट्याउन गाह्रै भइसकेको थियो । त्यसमाथि पनि भानुभक्तका मौलिक कवितालाई समेत बङ्ग्याएर यो नै भानुभक्तको वास्तविक कविता हो भनेर प्रकाशित गरिनाले भानुभक्तको व्यक्तित्व र कृतित्वमा नै एक प्रकारको अन्योल सृजना भएको थियो । ती सबै भ्रम, शङ्का र उपशङ्कालाई चिरेर नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेका छन् । यसलाई भानुबारेको सार्थक र विशिष्ट उपलब्धि मान्नुपर्छ ।

**• डा.मोदनाथ प्रश्रित**

'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृति खोजपरक, तथ्यमूलक तथा विश्लेषणात्मक भएर पनि सहज र सरल छ । आदिकविको जीवनी, व्यक्तित्व र कृतित्वसँग गाँसिएका विभिन्न मुद्दामा प्रसाईले गरेका बहस र व्याख्या स्पष्ट र पुष्ट भएकाले यसमा कतै पनि पाठक अलमलिनुपर्ने स्थिति देखा पर्दैन । यो पुस्तकमा भानुका सबै महत्त्वपूर्ण पक्षबारे चाहिँदो विमर्श गरिएको छ र यो

कृति भानुलाई समग्र रूपमा चिनाउन र उनीबारे रहेका मतमतान्तर चिरेर वास्तविकतामाथि प्रकाश पार्न समर्थ र सफल छ ।

**• प्रा.मोहनराज शर्मा**

भानुभक्तमाथि यति अध्ययन हुँदाहुँदै पनि उनीमाथि रहेका अनेक विवाद र शङ्कोपशङ्काको निवारणार्थ प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति अगाडि आएको छ । प्रस्तुत कृतिले भानुभक्तमाथि रहेका जन्ममिति, घाँसी र भानुभक्तको प्रसङ्ग, भानुभक्तले जागिर खाएको प्रसङ्ग, 'वधूशिक्षा'मा प्रयोग भएको 'वेश्या' शब्द, 'भानुभक्तको जन्मकुण्डली' भानुभक्तको मौलिक तस्बिर आदि विषयको विवादलाई विश्वसनीय ढङ्गले पुष्टि गरेको छ ।

**• डा.रजनी ढकाल**

भानुभक्तको जीवनमा आएका विशेष स्थिति र तिनले प्राप्त गर्न लागेका मिथकीय बिम्ब र बन्न लागेका किंवदन्तीहरूको विश्लेषण गर्दै मिथ्याको बहिष्कृति र सत्यको स्वीकृतिका आधारमा प्रस्तुत ग्रन्थले जीवनीका रूप र सन्देशहरू नै प्राप्तिका विषय बनेका छन् ।

**• प्रा.राजेन्द्र सुवेदी**

जीवनीकार प्रसाईले पूर्ववर्ती जीवनीकारहरूले लेखेका भानुभक्तसम्बन्धी सम्पूर्ण जीवनी पढेर तिनको अन्तर्मन्थन गरेका छन् र यही अन्तर्मन्थनबाट निस्केको नौनी बनेको छ– यो कृति । यो नै यस कृतिको महत्ता र गरिमा हो, प्राप्ति हो । साथै भानुभक्तप्रति यस कृतिले धेरै न्याय गरेको छ भन्ने आधार पनि । यहाँ जीवनीकार प्रसाईले वकिल बनेर बहस गरेका छैनन्, बरु न्यायाधीश बनेर न्याय दिएका छन् । यसर्थ पनि यो कृति औचित्यपूर्ण छ । भानुभक्त सार्वभौम र शाश्वत व्यक्तित्व हुन् । उनी देशकालको सीमाभन्दा माथि छन् । त्यस्ता व्यक्तित्वलाई पारिवारिक, वंशानुगत, जातीय आदि कुनै पनि परिसीमाको सानो पोखरीभित्र परिसीमित गर्नु हुँदैन; सबैलाई चेतना भया ।

**• डा.लक्ष्मणप्रसाद गौतम**

नरेन्द्रराज प्रसाईले आदिकवि भानुभक्त आचार्यको जीवनवृत्तलाई सङ्क्षेपमा गहकिला तर्क र प्रमाणहरूका आधारमा खण्डन, मण्डनपूर्वक प्रस्तुत गरेका छन् । उनले भानुभक्त आचार्यको जन्मदेखि मृत्युसम्मका महत्त्वपूर्ण परिघटना र कृतिगत योगदानका विषयहरूलाई प्रमुख रूपमा उठाएका छन् । ...यसरी प्रस्तुत कृतिमार्फत नरेन्द्रराज प्रसाईको जीवनीपरक समालोचकीय व्यक्तित्व अझ विशिष्ट प्रकृतिको बन्दै गएको तथा नेपाली राष्ट्रिय विभूति भानुभक्त आचार्यको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ख्यातिसँगै देखा परेका शङ्का, उपशङ्काहरू स्वतः समाप्त हुँदै जाने वातावरण सिर्जना भएको मान्न सकिन्छ ।

**• डा.लेखप्रसाद निरौला**

नरेन्द्रराज प्रसाईद्वारा लिखित ‘भानुभक्त आचार्यको जीवनवृत्त’ नामक जीवनीकृतिका अनेक वैशिष्टचमध्येको एक मुख्य वैशिष्टच मोतीराम भट्टले १९४८ सालमा प्रकाशित गरेको ‘कवि भानुभक्तको जीवनचरित्र’को ऊन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुन आएको अर्को सृजनात्मक भानुजीवनी कृति हुनाको गौरवी पहिचान पनि हुँदै हो । जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनीकृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ ।

**• प्रा.डा.वासुदेव त्रिपाठी**

प्रसाईकृत भानुजीवनी भानुअध्ययन परम्पराको अद्यावधिक प्रामाणिक र आधिकारिक जीवनी ग्रन्थ हो । यसले भानुअध्ययनको परम्परा र नेपाली जीवनी साहित्यका क्षेत्रमा नयाँ क्षितिज उघारिदिएर कोसेढुङ्गाको काम गरेको छ । नेपाली भाषासाहित्यको प्राज्ञिक परम्परामा यो महत्त्वपूर्ण प्राप्ति हो ।

**• डा.विष्णु के.सी.**

जीवनीकारले आजसम्म प्रकाशित जीवनीलाई अध्ययन गरी परिमार्जित, विश्वसनीय, मान्य र निर्क्योलतर्फ डोऱ्याउन कपोलकल्पित कुरालाई खण्डन गर्न विवश भएको कुरा शालीनतापूर्वक व्यक्त गरेका छन् । आनुभविक कलाले जीवनवृत्त लेखिनु कृतिको एउटा विशिष्ट पाटो हो । यस विशिष्ट पाटामा भानुभक्त आचार्यबारे पाइने मतमतान्तरको समीक्षा छ । समीक्षा गर्दा मोतीराम भट्टलिखित 'कवि भानुभक्तको जीवनचरित्र'को सान्दर्भिक तथ्य र तथ्यको पुनर्व्याख्या गरिएको छ । जीवनवृत्त लेखन र जीवनवृत्तमा तथ्यान्वेषणको पुनर्व्याख्याले पुराना नेपाली भाषासेवी तथा प्रचारक मोतीराम र नयाँ नेपाली भाषासेवी तथा प्रचारक नरेन्द्रबीच सम्पर्कसूत्र स्थापित गरेको छ ।

**• प्रा.डा.शर्वराज आचार्य**

भानुभक्त आचार्यसम्बन्धी कतिपय कपोलकल्पित, विवादित, भ्रमात्मक कुराहरूको पनि खण्डन गर्दै भानुभक्त आचार्यबारे आजसम्म प्रकाशित जीवनी प्रसङ्गलाई पनि लेखक प्रसाईले नवीन तथ्य, प्रमाण तथा वैज्ञानिक तर्क समेटी परिमार्जित, विश्वसनीय र परिष्कृत तुल्याएको पाइन्छ । आदिकवि भानुभक्त आचार्यको जन्म वर्ष १८७१ साल कायम भएको सन्दर्भमा लेखक प्रसाईले भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई १९०९ सालमा कवितामा बिन्तीपत्र लेखेको साक्ष्य र सन्दर्भ प्रस्तुत गर्दै १८६९ मा ४० जोड्दा १९०९ साल नै हुन आएको तर्क दिँदै भानुभक्तको जन्म वर्ष १८६९ साल हो भनी पुष्टि गरेका छन् ।

**• शान्तिमाया गिरी**

भानुभक्तका बारेमा प्रथम पटक सोधखोज गरी भानुभक्तको जीवनचरित्र तयार पार्ने मोतीरामका मान्यताहरूका विपक्षमा अनेक चलखेलहरू भए पनि मोतीरामेली पथमा हिँडी सकेसम्म प्रसाईले भानुविषयक कृति र अनुसन्धानलाई अवलोकन गरी प्रस्तुत कृति तयार पारेर भानुका बारेमा अब कुनै विवाद नगरी यिनै कुराहरूलाई

स्वीकार गर्न तथा कतिपय कुराका बारेमा पुनर्विचार गर्न प्राज्ञिक समुदायलाई सुझाव दिएको अनुभूति हुन्छ । प्रस्तुत कृतिमा मोतीराम मतका विपक्षीका तर्कलाई पाठगत टिप्पणी दिई कतिपय औचित्यहीन तर्कलाई दरैसँग खण्डन गरिएको छ भने युगानुकूल, जनमानसले स्वीकार गरिसकेका तथ्यका बारेमा बौद्धिक बाझाबाझ आवश्यक नरहेकाले तिनलाई सम्पत्तिका रूपमा स्वीकार गर्नुपर्ने तथ्यसमेत प्रस्तुत गरिएको छ ।

**• शालिकराम पौड्याल**

भानुभक्तको जीवनप्रसङ्ग र साहित्यिक योगदानको मूल्यबोध गर्दा सन्दर्भगत प्राप्तिमा जोड दिएको पाइन्छ । यो जीवनी लेखनको उल्लेख्य पक्ष हो । यो मूल्यबोध समाजसँग जोडिन्छ र सांस्कृतिक सन्दर्भमा पनि आएको हुन्छ । त्यसको सांस्कृतिक संरचनाभित्र पुराना सामग्रीको पाठभेद गरी विवाद सिर्जना गर्ने प्रवृत्तिको भने यस जीवनवृत्त लेखनका क्रममा आलोचना गरिएको छ ।

**• डा.सुकुम शर्मा**

जीवनीकार प्रसाईले ‘भानुभक्त आचार्यको जीवनवृत्त’ पुस्तक लेखेर भानुभक्तका बारेमा सार्वजनिक भएका विवादहरूको 'शल्यक्रिया गरेका छन् । चिकित्साविज्ञानमा 'शल्यक्रिया उपचारका लागि गरिन्छ भने जीवनीकार प्रसाईको यस कृतिले तिनै विवादहरूको उपचार गरेको छ । भानुभक्तको जन्मवर्षदेखि लिएर उनको जीवनका विभिन्न घटनावली र प्रसङ्गहरूका साथै उनका कृतिहरूमा नयाँ पाठभेदहरू सृजना भएका कुरासम्मका विवादहरूको किनारा लगाउने काम यस कृतिमा भएको छ ।

**• ज्ञानु अधिकारी**

# सन्दर्भस्रोत

**इन्द्रबहादुर राई**
भानुभक्तका कृति (सम्पादन : सन् १९६९)

**कविता लामा**[1]
भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन (सन् २००२)

**केशवप्रसाद उपाध्याय**
केही रचना : केही विवेचना (२०३२)

**गिरिराज आचार्य**
भानुभक्त र नेपाली भाषाको विकास (२०३९)

**घटराज भट्टराई**
- प्रतिभै प्रतिभा र नेपाली साहित्य (दोस्रो संस्करण : २०५१)
- नेपाली लेखक कोश (२०५६)

**ठाकुर पराजुली**
नेपाली साहित्यको परिक्रमा (२०४५)

**पं.नरदेव पाण्डेय**
कविवर मोतीराम भट्टको सचित्र जीवन-चरित्र (१९९५)

**कविराज पं. नरनाथ शर्मा आचार्य**
आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र (२०१७)

१. आदिकवि भानुभक्त आचार्यमा प्रथम विद्यावारिधि : कविता लामा ।

**नरेन्द्रराज प्रसाई**

नेपाली भाषाका प्रमुख समालोचक (२०५४)

**बाबुराम आचार्य**

- तुलनात्मक सुन्दरकाण्ड (२००२)
- पुराना कवि र कविता (२००३)

**बालचन्द्र शर्मा**

भानुभक्त (२०१४)

**ब्रम्हशमशेर जङ्गबहादुर राणा**

कवि भानुभक्त (१९९५)

**भद्रवीर अधिकारी**[२]

नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान (२०६९)

**भवानी घिमिरे**

'भानु', भानुभक्त विशेषाङ्क (सम्पादन : २०२८)

**भाइचन्द प्रधान**

आदिकवि भानुभक्त आचार्य (२००९)

**भानुभक्त आचार्य**

- रामायण (महाकाव्य)
- प्रश्नोत्तर माला (लघुकाव्य)
- भक्तमाला (लघुकाव्य)
- वधूशिक्षा (लघुकाव्य)
- मुक्तक र फुटकर कविता

**मुक्तिनाथ आचार्य**[३]

- आदिकवि भानुभक्त आचार्य : खोजपूर्ण जीवनी (२०४२)
- भानुभक्तको रामायण (२०६३)

---

२. आदिकवि भानुभक्त आचार्य विषयमा विद्यावारिधि ।

३. भानुभक्त आचार्यका पनाति ।

**मोतीराम भट्ट**
कवि भानुभक्तको जीवनचरित्र (दोस्रो संस्करण[४] : २०५१)

**रघुनाथ उपाध्याय**
रामायण सुन्दरकाण्ड (दोस्रो संस्करण : १९८९)

**रत्नध्वज जोशी**
आधुनिक नेपाली साहित्यको झलक (२०२१)

**लक्ष्मीप्रसाद देवकोटा**
लक्ष्मी निबन्धसङ्ग्रह (आठौँ संस्करण, २०३९)

**वासुदेव त्रिपाठी**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिमा प्रस्तुत 'आदिकवि भानुभक्त आचार्यको जीवनी र कविताको सहसम्बन्ध तथा उनका कविताकलाको सौन्दर्यपरक मूल्याङ्कन' शीर्षकको कार्यपत्र : २०७१)

**विष्णुमाया आचार्य**[५]
भानुभक्त मणिमाला (सङ्कलन : १९९८)

**व्रतराज आचार्य**
आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण (२०५८)

**शरद्चन्द्र शर्मा भट्टराई**
नेपाली साहित्यको इतिहास : माध्यमिक काल (२०३७)

**शर्वराज आचार्य**
भानुभक्तीय खोज (२०६९)

**शिवराज आचार्य कौण्डिन्न्यायन**
भानुभक्तकृत भाषा रामायण (सम्पादन : २०६७)

४. प्रथम संस्करण (१९४८)।
५. भानुभक्त आचार्यकी नातिनी।

**श्रीभद्र शर्मा**
भानुभक्तले कलम किन चलाए (२०६२)

**सुमन ढकाल**
कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष (२०४५)

**सूर्यविक्रम ज्ञवाली**
भानुभक्त स्मारकग्रन्थ (सम्पादन : १९९७)

**हृदयचन्द्रसिंह प्रधान**
भानुभक्त : एक समीक्षा (१०१३)